# तानसेन नगरपालिकाको आर्थिक विकास रणनीति र मध्यमकालीन खर्च संरचना

(२०७६/७७ - २०७८/७९)





प्रकाशक:

**तानसेन नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

५ नं. प्रदेश, नेपाल





# तानसेन नगरपालिकाको आर्थिक विकास रणनीति र मध्यमकालीन खर्च संरचना

(२०७६/७७ - २०७८/७९)

प्रकाशकः

**तानसेन नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

५ नं. प्रदेश, नेपाल

वेवसाईटः www.tansenmun.gov.np

ई–मेलः ito.tansenmun@gmail.com, info@tansenmun.gov.np

**प्रकाशक**:
तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, पाल्पा

© प्रकाशकमा सुरक्षित

**संरक्षक** :
नगर प्रमुख श्री अशोककुमार शाही

**प्रकाशन मिति** : चैत्र ५, २०७६

**छापिएको प्रति** :

सेटिङ्ग/डिजाईन : **पारस वर्मा** / ९८४७२६६७६८

मुद्रणः **आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस**
बुटवल-६, पुरानो बसपार्क, फोनः ०७१-५५३२९३, ९८५७०३५३८०, ई-मेलः ideapressbtl@gmail.com

फोन: ०७५-५२०१२९

# तानसेन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा

५ नं. प्रदेश, नेपाल



## मेरो भन्नु

तानसेन नगरपालिकाको दीर्घकालीन सोच "समृद्ध नगर आत्मनिर्भर नगरवासी, सफा नगर सुखी नगरवासी" लाई प्रत्याभूत गर्न नगरपालिका क्षेत्रमा उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै "सुन्दर, हरित, सफा एवं व्यवस्थित" नगरपालिकाको रूपमा विकास गर्न तानसेन नगरपालिकाको आर्थिक विकास रणनीति र मध्यमकालीन खर्च संरचना (२०७६/७७–२०७८/७९) तयार गरिएको छ । नगरपालिका क्षेत्रको चौतर्फी विकासको निमित्त तयार गरिएको रणनीतिक योजनामा कार्यक्रमको छनौट एवं प्राथमिकताको आधारमा बजेट विनियोजन गरिएको छ। मलाई आशा छ यसको सफल कार्यान्वयनबाट नगरपालिकाले अघि सारेको सोचलाई यथार्थमा परिणत गर्न महत्वपूर्ण आधार हुनेछ। नगरपालिकाको बजेट तर्जुमा एवं विनियोजनमा यो प्रक्रिया नौलो रहेकोले तयारीमा सहयोग गर्नु हुने राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष तथा अर्थविद् पृथ्वी राज लिगल, त्रिभुवन विश्व विद्यालयका प्राध्यापक किशोर महर्जन एवं आर्थिक समृद्धि परियोजनाका टीम लिडर डा. शंकर कोइराला र सवनेशनल म्यानेजर प्रकाश पाण्डे प्रति विशेष धन्यवाद दिन चाहन्छु।

यस कार्यमा संलग्न नगरपालिकाका जनप्रतिनिधिहरु, योजना अधिकृत विष्णु पौडेल, राजश्व शाखा प्रमुख मधु सुदन घर्ती लगायत सम्बद्ध कर्मचारीहरू तथा पुस्तकको सम्पादन कार्यमा संलग्न प्रमुख प्रशासकीय अधिकृत डिल्ली राज बेल्बासे र बरिष्ठ अधिकृत दुर्गा बहादुर थापालाई धन्यवाद दिन चाहन्छु।

अन्त्यमा कार्यक्रम छनौट एवं बजेट विनियोजनमा गरिएको यो नौलो व्यवस्थालाई संस्थागत रुपमा अवलम्बन गर्दै कार्यान्वयन प्रक्रियामा सबैको सहयोग प्राप्त हुने अपेक्ष एवं विश्वास गर्दछु।

अशोककुमार शाही
नगर प्रमुख
तानसेन नगरपालिका

# विषय-सूची


| विवरण | | पेज नं. |
|---|---|---|
| | **परिच्छेद-१**<br>**तानसेन नगरपालिकाको परिचय** | |
| १.१ | भूमिका | १ |
| १.२ | अध्ययनको उद्देश्य | २ |
| १.३ | अध्ययन विधि एवं प्रक्रिया | २ |
| १.४ | अध्ययन क्षेत्र | ३ |
| १.५ | अध्ययन सीमा | ३ |
| | **परिच्छेद-२**<br>**तानसेन नगरपालिकाको आर्थिक सामाजिक स्थिति** | |
| २.१ | भू-उपयोग | ४ |
| २.२ | जनसंख्या | ५ |
| २.३ | शैक्षिक संस्थाहरु | ६ |
| २.४ | घर परिवारको प्रमुख आयस्रोत | ७ |
| २.५ | व्यापार व्यवसाय | ७ |
| २.६ | तानसेन नगरपालिकाको संक्षिप्त वस्तु स्थिति | ८ |
| २.७ | आन्तरिक राजश्वका प्रमुख स्रोतहरु | ९ |
| २.८ | नगरपालिकाले तयार गरेका ऐन, नियमावली, निर्देशिका | १० |
| | **परिच्छेद-३**<br>**तानसेन नगरपालिकाको संभावना, अवसर र चुनौतीहरु** | |
| ३.१ | प्रतिस्पर्धात्मक क्षमताहरु | ११ |
| ३.२ | सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती बिश्लेषण | १५ |
| ३.३ | प्रमुख चुनौती र समस्याहरु | १७ |
| | **परिच्छेद-४**<br>**नगरपालिकाको दीर्घकालीन सोच, लक्ष र रणनीति** | |
| ४.१ | दीर्घकालीन सोच | १८ |
| ४.२ | विकास लक्ष्य | १८ |
| ४.३ | आर्थिक विकास रणनीति | १८ |

## परिच्छेद-५
## आर्थिक विकासको लागि सञ्चालन गरिने रणनैतिक परियोजना तथा कार्यक्रम


| | | |
|---|---|---|
| ५.१ | रणनीतिक परियोजना | २७ |
| ५.२ | कार्यक्रम र परियोजनाको औचित्य र कार्य विवरण | २९ |
| ५.३ | आर्थिक विकास र परिवर्तनका पात्रहरु | ३३ |
| ५.४ | संस्थागत क्षमता | ३६ |
| ५.५ | अनुगमन र सुपरिवेक्षण | ३६ |
| ५.६ | आगामी कदमहरु | ३७ |
| ५.७ | तत्काल गर्नु पर्ने कार्य सूची | ३७ |


## परिच्छेद-६
## तानसेन नगरपालिकाको मध्यमकालीन खर्च संरचना


| | | |
|---|---|---|
| ६.१ | अवधारणा | ३९ |
| ६.२ | स्थानीय स्तरको मध्यमकालीन खर्च संरचना आवश्यकता तथा औचित्य | ३९ |
| ६.३ | मध्यमकालीन खर्च संरचना उद्देश्यहरु | ४० |
| ६.४ | मध्यमकालीन खर्च संरचनाको विशेषता | ४० |
| ६.५ | मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया | ४१ |
| ६.६ | नगरपालिका स्तरीय मध्यमकालीन खर्च संरचनाको आवश्यकता र औचित्य | ४२ |
| ६.७ | मध्यमकालीन खर्च संरचना र एकाइ लागत अनुमान | ४३ |
| ६.८ | योजना र बजेट निर्माण प्रक्रिया | ४३ |
| ६.९ | आयोजना तथा कार्यक्रम प्राथमिकताका आधारहरु | ४४ |
| ६.१० | केही रणनीतिक आयोजना एवं कार्यक्रमहरुको खर्च विनियोजन र प्रक्षेपण | ४४ |
| ६.११ | राजश्व अनुमान र प्रक्षेपण | ४५ |
| ६.१२ | आन्तरिक राजश्व एवं संघ तथा प्रदेशबाट प्राप्त हुने स्रोत अनुमान र प्रक्षेपण | ४६ |
| ६.१३ | प्रशासनिक एवं कार्यगत खर्च अनुमान र प्रक्षेपण | ४७ |
| ६.१४ | तैयारी एवं कार्यान्वयन व्यवस्था | ४९ |


## परिच्छेद ७
## कमी र सुझावहरु


| | | |
|---|---|---|
| ७.१ | संस्थागत क्षमताको कमी | ५० |
| ७.२ | सुधार गर्नु पर्ने पक्षहरु | ५१ |

**सन्दर्भ सामग्री**

**अनुसूचीहरु** **५३-८८**

## तालिका-सूची


| विवरण | | पेज नं. |
|---|---|---|
| तालिका-१ | आम्दानीको पहिलो प्रमुख स्रोतका आधारमा परिवारको विवरण | ७ |
| तालिका-२ | तानसेन नगरपालिकाको पार्श्वचित्र | ८ |
| तालिका-३ | तानसेन नगरपालिकाका विद्यमान र नयाँ आय स्रोतहरु | १० |
| तालिका-४ | सबल पक्ष, कमजोर पक्ष, अवसर, चुनौती बिश्लेषण | १५ |
| तालिका-५ | प्राथमिकता प्राप्त रणनैतिक कार्यक्रम र परियोजनाहरु | २८ |
| तलिका -६ | कार्यक्रम र परियोजनाको औचित्य र कार्य विवरण | २९ |
| तालिका-७ | नगरपालिकाको कर्मचारी विवरण | ३६ |
| तालिका-८ | तत्काल गर्नु पर्ने कार्य र वर्तमान अवस्था | ३७ |
| तालिका-९ | केही एकाइ लागत अनुमान | ४३ |
| तालिका-१० | केही रणनीतिक आयोजना एवं कार्यक्रमहरुको खर्च विनियोजन र प्रक्षेपण | ४४ |
| तालिका-११ | राजश्व अनुमान र प्रक्षेपण | ४५ |
| तालिका-१२ | आन्तरिक राजश्व एवं संघ एवं प्रदेशबाट प्राप्त हुने स्रोत अनुमान र प्रक्षेपण | ४७ |
| तालिका-१३ | प्रसाशनिक एवं कार्यगत खर्च अनुमान र प्रक्षेपण | ४८ |

# चित्र-सूची


| विवरण | | पेज नं. |
|---|---|---|
| चित्र-१ | नगरपालिकाको  भू-उपयोग विवरण | ५ |
| चित्र-२ | नगरपालिकाको जनसंख्या | ५ |
| चित्र-३ | जनसंख्याको उमेर समूह अनुसारको विवरण | ६ |
| चित्र-४ | शैक्षिक संस्थाहरुको अवस्था | ६ |
| चित्र-५ | ब्यापार व्यवसायको अवस्था | ८ |
| चित्र-६ | नगरपालिकाको मध्यकालीन खर्च संरचनाको तर्जुमा | ४२ |

# कार्यकारी सारांश

तानसेन नगरपालिका नेपालको पुरानो नगरपालिका हो । यहाँको पुरानो वैभव कायम गर्न चुनौती रहेको छ । खास गरी आर्थिक गतिबिधि मन्द छ । यहाँका पुराना बासिन्दाहरु विस्थापित भई नयाँ बासिन्दाहरुको आगमन भइरहेको छ । देश सघीयतामा गएपछि यस नगरको भू-गोलमा पनि परिवर्तन भएको छ । हाल यो नगर व्यापक एंव विस्तार भएको छ । यसका साथै नयाँ नयाँ अवसर सृजना भएको छ भने नयाँ खालको चुनौती पनि सामना गरिरहनु परेको अवस्था छ । यस परिप्रेक्षयमा तानसेन नगरपालिकालाई नयाँ ढङ्गबाट हेर्नु जरुरी भएको छ । यसै सन्दर्भमा यस अध्ययनको औचित्य अझ बढेको छ ।

हाल तानसेन नगरपालिका करीव ११० वर्ग कि.मि.मा फैलिएको छ । यस नगरपालिकाको सिमाना स्याङ्जा र गुल्मी जिल्लासँग समेत जोडिएको छ । सिमानाको हिसाबले पूर्वमा बगनासकाली, पश्चिममा रिव्दीकोट, उत्तरमा कालीगण्डकी नदी तथा स्याङ्गजा जिल्ला र दक्षिणमा तिनाउ गाउँपालिका र माथागढी गाउँपालिका रहेको छ ।

### आर्थिक विकास रणनीति

नगरको भू-बनोट, हरियाली, स्वस्थकर वातावरण र विगत देशलाई प्रदान गरिएको जनशक्ति, पवित्र धार्मिक स्थलहरुको उपस्थिति, असीमित संभावनाका क्षेत्रहरु र परम्परागत सस्कृति झल्काउने उद्योगको उपस्थिति र नयाँ पर्यटकीय गन्तव्यको सम्भावना बोकेको तथ्यलाई हृदयङ्गम गरी नयाँ आर्थिक विकास रणनीति तयार गरिएको छ ।

तानसेन नगरपालिकाको अवसर, संभावना र चुनौतीलाई अध्ययन गर्दा र विकास रणनीति तैयार गर्दा पर्यटन विकास, कृषि प्रवर्द्धन, सीपमूलक शिक्षा एवं स्वास्थ्य क्षेत्रको विकास नै यसको विकास अभिबृद्धि गर्ने प्रमुख क्षेत्र **Development Drivers** को रुपमा देखा पर्दछन् । तसर्थ, आगामी दिनहरुमा यी क्षेत्रहरुको रणनैतिक विकास प्रयास र उपलब्ध स्रोत साधनको विनियोजन केन्द्रित गर्नु आवश्यक छ । यी मध्ये प्रत्येक क्षेत्रको विकास संभावना एवं प्राप्त हुने प्रतिफललाई आकलन गर्दा निम्न रणनीति अपनाउनु पर्ने देखिन्छ ।

### पर्यटन क्षेत्रको विकास

सुन्दर, हरित र व्यवस्थित तानसेन नगरक्षेत्रका लागि तानसेन नगरको मौलिकताको संरक्षण गर्दै धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने, तानसेन नगर क्षेत्र र आसपासमा रहेका धार्मिक एवं सांस्कृतिक सम्पदाहरु जस्तैः हृषिकेश मन्दिर, भैरवस्थान मन्दिर,

भगवती मन्दिर, अमरनारायण मन्दिर, रानीमहल आदिको संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने, नयाँ पर्यटकीय क्षेत्रको विकास निर्माण गर्ने ।

## कृषि र घरेलु तथा साना उद्योग विकास

नगरको करीब ४८.१ प्रतिशत भू-भाग कृषि योग्य रहेको छ । यस नगरको कृषि उत्पादन बढाउन र भू-बनोटलाई आत्मासात गरी कृषि उद्योगमा ध्यान पुयाउन जरुरी देखिन्छ । तानसेन नगरपालिकाका मदनपोखरा, अर्गली, वौघागुम्बा क्षेत्रहरु तरकारी खेतिको लागि अत्यन्त प्रख्यात रहिआएको छ । खासगरी बेमौसमी तरकारी र टनेल प्रविधिबाट गरिने तरकारी खेतिको लागि मदनपोखरा प्रख्यात क्षेत्र मात्र होइन आपूर्ति गर्ने केन्द्रको रुपमा पनि रहिआएको छ । यस नगरपालिकामा घरेलु तथा साना उद्योगहरुको समेत प्रचुर संम्भावना रहेको छ ।

## शिक्षा र स्वास्थ्य क्षेत्रको विकास एवं विस्तार

तानसेन नगरपालिका नेपालको दोस्रो प्रमुख शिक्षा क्षेत्रको रुपमा रहेको र २००७ साल अघिनै विद्यालयहरुको उपस्थित रहेको यस नगरमा शिक्षाको विकास साथै शिक्षित जमातको थलो रहेको र यस क्षेत्रमा शिक्षित नागरिक उत्पादन थलोको रुपमा विकास हुने संभावना रहेको देखिन्छ । तानसेन नगर क्षेत्र धेरै समय पहिलादेखि देशको पश्चिम भेगकै स्वास्थ केन्द्रको रुपमा समेत रहेको छ । हाल निजी क्षेत्रबाट पनि मेडिकल कलेज लगायत अन्य संघ संस्थाहरु मार्फत उच्चस्तरको अस्पतालहरु सञ्चालनमा रहेको छ । तानसेन नगरपालिका क्षेत्र सधै मुलुककै गुणस्तरीय शिक्षाको केन्द्र रहिआएको सन्दर्भमा सो गौरवलाई कायम राख्दै आधुनिक प्रविधिक विषयहरु समेत अध्ययन एवं तालिम गर्ने केन्द्रको रुपमा विकास गर्ने रणनीति अवलम्वन गर्ने संभावना रहेको देखिन्छ ।

## भौतिक पूर्वाधार निर्माण र विस्तार

आर्थिक विकासको मेरुदण्डको रुपमा सडक सञ्जालको भूमिका महत्वपूर्ण हुन्छ । यस नगरमा सडक सञ्जालको बिस्तार राम्रो रहेको छ, तर रणनीतिक सडकहरु सडक जोड्न र स्तर उन्नति गर्न आवश्यक रहेको छ । सडक सञ्जालको बिस्तारले यस क्षेत्रलाई आर्थिक क्षेत्रमा फडको मार्ने अवसर प्रदान गर्ने विश्वास गर्न सकिन्छ । यी क्षेत्रमा सवारी आगमनले गर्दा आर्थिक गतिविधि चलायमान हुन्छ । तानसेन नगरपालिका क्षेत्र आन्तरिक र वाह्य रुपमा प्रदेशका अन्य जिल्ला, नगरपालिकासँग समेत मोटरको बाटोबाट जोडिएको सन्दर्भमा थप बृद्धि गर्न आयोजनाहरु कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## आर्थिक विकासको निम्ति सञ्चालन गर्ने रणनीतिक परियोजना तथा कार्यक्रम

सुन्दर, हरित र व्यवस्थित एवं सफा तानसेन नगरक्षेत्रका लागि धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने, नयाँ पर्यटकीय क्षेत्रको विकास निर्माण, कृषि तथा घरेलु/साना उद्योग विकास, शिक्षा क्षेत्रको विकास एवं विस्तार र भौतिक पूर्वाधार निर्माण र विस्तार गर्ने उद्देश्यले नगरको समस्त विकास र क्षेत्रगत विकासको निम्ति बिभिन्न सरोकारवालासँग अन्तर्क्रिया गरी बिभिन्न क्षेत्रमा बिभिन्न परियोजना संचालन मार्फत नगरको समग्र विकास गर्ने उद्देश्यले बिभिन्न चरणको समूह केन्द्रित छलफल (FGD) गरी रणनीतिक आयोजना, परियोजना र कार्यक्रमको सूची तयार पारिएको छ ।

## आर्थिक विकास र परिवर्तनका पात्रहरु

(क) नगरपालिका

नेपालको संविधानले नगरको विकासको निम्ति सम्बन्धित नगरपालिकालाई बिभिन्न अधिकार प्रदान गरेको छ । नगरको स्रोत साधनलाई समेत परिचालन गर्न सक्ने व्यवस्था मिलाएको छ । यस सन्र्दभमा नगरपालिकाको कर्तव्य पनि नगर र नगरवासीको आर्थिक एवं सामाजिक स्तर बढाउन उत्तरदायी भूमिका अपरिहार्य हुन्छ ।

(ख) निजी क्षेत्र

नगरको आर्थिक विकासमा अर्को प्रमुख पात्र निजी क्षेत्र रहेको हुन्छ । यो क्षेत्रले नै उद्योग व्यवस्थापन, व्यापार, पर्यटन आदिलाई चलायमान गरिरहेको हुन्छ । सवल र दक्ष निजी क्षेत्रले नगरबासीको जीवनस्तर उठाउन सक्दछन । नगरमा अवस्थित व्यापारी र औद्योगिक संस्था, संगठनहरुलाई अझ सशक्त बनाउन टेवा पुग्ने गरी तानसेन नगरपालिकाले दिगो आर्थिक विकास गर्न र गराउन निजी क्षेत्रलाई अवसर प्रदान गर्नु नगर र व्यवसायी दुबैको हितमा छ ।

(ग) सहकारिता

सहकारिता आजको युगमा सामुहिक र दिगो आर्थिक विकासको प्रमुख क्षेत्रको रुपमा देखिएको छ । सहकारी क्षेत्रले आर्थिक विकासमा महत्वपूर्ण योगदान दिइ नगर र नगरवासीको सम्बृद्धिमा योगदान पुर्‍याउन सक्दछ । यसले कृषि विकास, सामुदायिक खेती, वस्तु बितरण, बजार विकास, वनजन्य बस्तुको उत्पादन र बितरण गर्न सक्दछ ।

(घ) नगर बाहिर बस्ने तानसेनबासी

तानसेन बाहिर बस्ने पुराना तानसेन बासीहरु हाल काडमाण्डौ, पोखरा, बुटवल, सिद्धार्थ नगर र देशको अन्य भागमा बिभिन्न पेशा व्यवसायमा संग्लन छन् । उनीहरुको भावना तानसेन नगरसँग जोडिएको पाइन्छ । उनीहरुले आफ्नो क्षेत्रमा तानसेनसँग सम्बन्धित संघ संस्थाको स्थापना गरेको पनि पाईन्छ । तानसेनवासी ती संघ संस्थाहरुका सदस्य रहेका छन् । ती संस्थालाई प्रत्यक्ष वा परोक्ष रुपमा नगर विकासमा सहभागी बनाउने प्रशस्त संभाबना रहेको छ । नगरपालिकाको अगुवाइमा बिभिन्न संयन्त्र मार्फत उनीहरुमा रहेको नविन सोच, प्रविधि हस्तान्तरण र लगानी समेत भित्र्याउनमा सहयोग लिन जरुरी छ । यसबाट नगरपालिकाको विकास प्रक्रियामा सहयोग पुग्ने निश्चित छ ।

**आगामी कदमहरु :**

- तानसेनलाई सुन्दर धार्मिक **"आस्था क्षेत्र"** (हिन्दू र वौद्ध धर्मावलम्वीहरुको निम्ति) को रुपमा विकसित गर्ने । बुद्ध मूर्ति स्थापनाद्वारा पर्यटन प्रवर्द्धन तथा विकास (Big Buddha), हृषिकेश रिडी क्षेत्रको निर्माण सुधार र विकास गर्ने ।
- तानसेनको रानी महललाई **"विवाह गन्तव्य"** को रुपमा विकसित गर्ने यस प्रयोजनको लागि रानीमहलको गुरुयोजना वमोजिम यस गन्तव्यलाई सम्वर्द्धन, प्रवर्द्धन र विकास गर्ने ।
- तानसेनको हरित विशेषता अनुरुप यसलाई **"हरित नगरी"** को रुपमा विकास गर्ने र पर्यावरणीय पर्यटन क्षेत्र, पर्यावरणीय अध्ययन क्षेत्र र जैविक विविधता भएको नगरको रुपमा प्रचार प्रसार गर्ने ।
- कृषिजन्य उत्पादनमा जोड दिन -कफी, च्याउ, फलफूल साथै गैर वनजन्य वस्तुको उत्पादन र प्रशोधन गर्ने ।
- नगरलाई चिसो पानीमा पाइने सहर र ट्राउट माछा केन्द्रको रुपमा विकास गर्ने ।
- ढाका र करुवा उद्योगमा गुणस्तर कायम गरी उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने ।
- संघ र प्रदेश सरकारसँग प्रदेशको **"पहाडी केन्द्र" Hill Station** को रुपमा घोषणा गराउन प्रयास गर्ने ।
- बुटवल तानसेन सडक खण्डलाई चार लेनको सडक निर्माणको निम्ति निरन्तर प्रयास गर्ने ।

**तत्काल गर्नु पर्ने कार्य सूची :**

| सि. नं. | कार्य | वर्तमान अवस्था |
|---|---|---|
| १ | घरधुरी पहिचान गर्ने म्याट्रिक्स प्रणाली लागु गर्ने । (यसबाट कर व्यवस्थापनलाई सघाउ पुग्न जानेछ ।) | प्रस्तावित |
| २ | प्रस्तावित कार्यक्रम/आयोजनाहरुको डि.पि.आर. तयार गरी बजेट विनियोजन गर्ने । | प्रस्तावित |
| ३ | ढाका र करुवा उद्योगको सम्वर्द्धन र प्रवर्द्धन गर्ने । | ढाका र करुवा उद्योगीसँग छलफल गरी **Ad- hoc committee** गठन गरिएको |
| ४ | **Big Buddha** परियोजनाको प्रस्ताव गर्ने । | बजेटमा रु.५ करोड विनियोजन गरिएको |
| ५ | नदीनालाबाट प्राप्त हुन सक्ने आयस्रोत बारे सम्भाव्यता अध्ययन गर्ने । | सम्भाव्यता अध्ययन प्रस्तावित |
| ६ | दैनिक तरकारी फार्मिङ गर्ने, अदुवा र कफीको उत्पादन वृद्धि र प्रवर्द्धन गर्ने । | सहकारी गठन गरी कार्य गर्ने । |
| ७ | आवश्यक ऐन तर्जुमा गर्ने । | १५ ऐन, ८ नियमावली तथा निर्देशिका, कार्यविधि तर्जुमा भएको |
| ८ | कृषि पकेट एरिया पहिचान गरेर उत्पादन कार्य थालनी गर्ने । | सहकारी गठन गरी सामुदायिक खेती हाट बजार सञ्चालन, संकलन, शीतभण्डार, वीउवीजन उत्पादन, कृषि प्रशोधन व्यवसाय, गैर काष्ठ वन पैदावरको संकलन र बजारीकरण (टिमुर, लप्सी, सुन्तला र अन्य जडीवुटी इत्यादि) कार्य गर्ने |
| ९ | प्रत्येक वडामा नागरिक वडा पत्र टास्ने । | प्रस्तावित |
| १० | प्राविधिक जनशक्ति विकास गर्ने । | EPI सँग अनुरोध गरिएको |
| ११ | लगानी सम्मेलन आयोजना गर्ने । | EPI सँग अनुरोध गरिएको |
| १२ | कर प्रणाली चुस्त दुरुस्त बनाउने | EPI सँग अनुरोध गरिएको |

| | आयोजनाहरु | |
|---|---|---|
| १३ | रानीमहल विकास आयोजना | रु. ४० लाख विनियोजन गरिएको |
| १४ | हृषिकेश-रिडी विकास आयोजना | रु. ४० लाख विनियोजन गरिएको |
| १५ | मगर होमस्टे र सांस्कृतिक केन्द्र स्थापना गर्ने | निजी क्षेत्रबाट प्रस्तावित |
| १६ | घरेलु औद्योगिक ग्राम स्थापना तथा सञ्चालन गर्ने | प्रस्तावित |
| १७ | कालीगण्डकी कोरिडोर जोडने लिंक रोड निर्माण गर्ने | रु. १ करोड विनियोजन गरिएको |

## तानसेन नगरपालिकाको मध्यमकालीन खर्च संरचना (२०७६/७७ - २०७८/७९)

मध्यमकालीन खर्च संरचना व्यवस्थाले नगरपालिका स्तरमा स्रोत र साधन परिचालन तर्फ जागरुकता ल्याई यसको विनियोजन एवं अनुगमन व्यवस्थापनमा सुधार ल्याउन मद्दत गर्ने हुदाँ स्रोत र साधन परिचालन एवं योजना/कार्यक्रमको खर्च व्यवस्थापनमा सुधार ल्याउन तथा रकमको सुनिश्चितता गरी जवाफदेहितामा अभिबृद्धि ल्याउन सहयोग पुऱ्याउने हुन्छ ।

यसमा तानसेन नगरपालिकाको रणनीतिक आयोजना एवं कार्यक्रमहरुको खर्च विनियोजन तथा प्रक्षेपण गरिनुको साथै राजश्व अनुमान र प्रक्षेपण गरिएको छ । त्यसै गरी आन्तरिक राजश्व, संघीय एवं प्रदेश सरकारबाट प्राप्त हुने स्रोत अनुमान र नगरपालिकाको कार्यक्रम तर्फको प्रसाशनिक एवं कार्यक्रमगत खर्च अनुमान र प्रक्षेपण समेत गरिएको छ ।

मध्यमकालीन खर्च संरचना विधि नगरपालिकाको लागि हाल नविन कार्य भएको सन्दर्भमा यसलाई आगामी दिनहरुमा सुव्यवस्थित रुपबाट तयारी एवं कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।

(१) रणनीतिक एवं दिशा निर्देशक समिति : मध्यमकालीन खर्च संरचना आवधिक विकास योजना/रणनीति एवं बजेट विनियोनसँग प्रत्यक्ष सम्वन्ध रहेको सन्दर्भमा यसलाई राजनैतिक एवं रणनैतिक दिशा निर्देश गर्न नगरपालिका प्रमुखको अध्यक्षतामा ५ सदस्यीय रणनीतिक एवं दिशा निर्देशक समिति गठन गर्नु मनासिव हुनेछ । यसको सदस्यमा २ वडा सदस्य, १ विज्ञ र योजना अधिकृत सदस्य रहने व्यवस्था गरिएको छ ।

(२) प्राविधिक तयारी समिति : मध्यमकालीन खर्च संरचना वार्षिक रुपमा बजेट अगाडि नै अध्यावधिक गर्नु पर्ने हुँदा योजना अधिकृतको संयोजकत्वमा राजश्व शाखा प्रमुख, लेखा प्रमुख रहेको तीन सदस्यीय प्राविधिक समितिको व्यवस्था गरिएको छ ।

(३) मध्यमकालीन खर्च संरचना एवं यसको प्रक्रिया र प्रविधि वारे वडा अध्यक्षहरु एवं नगरपालिकाका सवै अधिकृतहरुलाई जानकारी गर्न आवश्यक भएकोले तालिमको व्यवस्था गरिएको छ ।

**संस्थागत विकास तर्फ :**

- नगरपालिकाको विशिष्ट आर्थिक तथ्याङ्क (कूल ग्राहस्थ उत्पादन, प्रति व्यक्ति आय, मानव विकास सूचाङ्क) र **SDG localization** को लागि आवश्यक तथ्याङ्कको अभाव
- राजश्व शाखामा तालिम प्राप्त कर्मचारीको अभाव छ ।
- नगरपालिका क्षेत्र भित्र निर्माण हुने पूर्वाधार तथा विकास निर्माणका कार्यहरुको गुणस्तर परीक्षण गर्न जनशक्तिको अभाव छ ।
- भू-उपयोग मापदण्ड २०७६ को प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था छ ।
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न स्पष्ट सूचीको निर्माण गरी मूल्याङ्कन गर्ने परिपाटीको शुरुवात अझै हुन बाँकी रहेको देखिन्छ ।
- लगानी सम्मेलन आयोजना गर्ने निर्णय भइसकेको तर उचित क्षमताको अभावमा तयारीको गति ढिलो भएको छ ।
- सरकारी/सार्वजनिक जग्गाको लगत संकलन कार्य बाँकी नै रहेको छ ।
- स्वीकृत दरवन्दी भन्दा निकै बढी कर्मचारीको अवस्थाले दीर्घकालमा वित्तिय दायित्व बढाइ जोखिम सृजना हुनसक्ने अवस्था छ ।
- विषयगत शाखाका कर्मचारीहरु बारम्बार सरुवा भइरहँदा Institutional Memory मा ह्रास आइ सेवा प्रवाह प्रभावित हुन सक्ने अवस्था छ ।
- सेवा करारका कर्मचारीहरुको व्यवस्थापनमा कठिनाइ रहेको छ ।

**सुझावहरु :**

- सार्वजनिक जग्गा भाडामा दिन आवश्यक सञ्चालन निर्देशिका तर्जुमा हुन जरुरी छ ।
- नगर क्षेत्रमा सञ्चालित धेरै व्यवसायहरु अझै नगरपालिकामा दर्ता भइसकेको छैन । यसको संख्या निकै ठूलो भएको अनुमान गरिएको छ । यी व्यवसायीहरुलाई नगरपालिकामा दर्ता गराउन आवश्यक कदम चाल्न जरुरी छ । यो नगरपालिकाको आम्दानीको महत्वपूर्ण स्रोत हुन सक्छ ।
- छिटो प्रतिफल दिने आयोजनाहरुको पहिचान गरी त्यसको लागि स्रोत जुटाउने र आवश्यकता परेमा ऋण लिने व्यवस्था मिलाउने ।
- राजश्व फाँटमा राजश्व परिचालन सुदृढ गर्न जनशक्तिलाई तालिम प्रदान गर्ने ।
- कतिपय आयोजनाहरुको लागि ठूलो लगानीको आवश्यकता पर्ने हुँदा त्यस्ता आयोजनाहरुमा PPP Model मा जाने ।
- कृषि योग्य जमिन बाझो भएमा त्यसलाई निरुत्साहित गर्न आवश्यक कानूनी व्यवस्था गर्ने ।
- कृषि योग्य जमिनको **Plotting** मा रोक लगाउँने ।
- सामुदायिक वनको संशोधित ऐनले सामुदायिक वनबाट आर्जित आयको १0% स्थानीय तहलाई दिने व्यवस्था भएकोले यसबाट अतिरक्त स्रोत संकलन हुन सक्ने सम्भावना देखिन्छ ।
- वडाको लागि बजेटको सिलिङ्ग **(Ceiling)** बढाइ साना साना आयोजनाहरुको जिम्मेवारी वडालाई नै प्रदान गर्ने ।
- युवाहरुलाई लक्षित गरी सीपमूलक तालिम केन्द्रको स्थापना गरी Entrepreneurship र सीप विकासका तालिमहरु सञ्चालन गर्ने ।
- वैदेशिक रोजगारमा जानेहरुको लगत राख्ने र नियमित रुपमा अद्यावधिक गर्दै लैजाने ।
- परियोजना बैङ्क (Project Bank) तयार गर्ने ।
- तानसेन नगरपालिकाको आवधिक योजना तयार गर्ने ।

# तानसेन नगरपालिकाको आर्थिक विकास रणनीति र मध्यमकालीन खर्च संरचना (२०७६/७७-२०७८/७९)

## परिच्छेद-१
## तानसेन नगरपालिकाको परिचय

### १.१ भूमिका :

तानसेन नगरपालिका नेपालको पहाडी क्षेत्रको पर्यटकीय नगरपालिका हो । यहाँको पुरानो वैभव नगरको पहिचान बनेको छ । विगतदेखिको आर्थिक गतिबिधिलाई समयानुसार प्रभावकारी बनाउदै लैजानु परेको छ । यहाँका पुराना बासिन्दाहरु विस्थापित भई नयाँ बासिन्दाहरुको आगमन भइरहेको छ । देशमा सघीय राज्य व्यवस्थाको शुरुवाती सँगै यस नगरपालिकाको भू-गोलमा पनि परिवर्तन भएको छ । हाल नगरपालिकाको क्षेत्र विस्तार भई ११० वर्ग कि.मि.मा फैलिएको छ । यसका साथै नयाँ-नयाँ अवसर सृजना भएको छ भने नयाँ खालका चुनौतीहरु पनि सामना गरिरहनु परेको अवस्था छ । यस परिप्रेक्षमा तानसेन लाई नयाँ ढङ्गबाट हेर्नु जरुरी भएको छ । यसै सदर्भमा यस अध्ययनको औचित्य अझ बढेको छ ।

यस अध्ययनले तानसेन नगरपालिकाको हालको अवस्थाको मूल्याङ्कन साथै वर्तमान अवस्थामा सिर्जना भएको आर्थिक विकासका नयाँ अवसरहरुको पुनरावलोकन गरी गतिशील र नतिजामूलक रणनीति तयार पार्ने र योजना कार्यक्रमलाई प्राथमिकीकरण गरी मध्यमकालीन खर्च संरचनाको आधारमा विनियोजन गर्ने प्रयास गरेको छ । यसको प्रभावकारी कार्यावन्यनबाट तानसेन नगरपालिकामा आर्थिक गतिशीलता आउने निश्चित छ ।

नेपालको संविधानले सम्पूर्ण स्थानीय तहहरुलाई ऐन निर्माण, नीति, बजेट तथा योजना तर्जुमा र त्यसको कार्यान्वयनको अधिकार प्रदान गरेको छ । धारा ५९ अनुरुप तानसेन नगरपालिकाले आफ्नो नगर क्षेत्रको आर्थिक विकासको निमित्त नीति, बजेट तथा योजना बनाएको छ । यसको निमित्त श्रोत एवं साधनको अधिकतम परिचालन तथा कार्यक्रमहरु रणनीतिक रुपमा प्राथमिकीकरण गर्न स्वाभाविक रुपमा रणनीतिक योजनाको आवश्यक

पर्दछ । नगरपालिकाबाट यो महत्वपूर्ण कार्य सम्पन्न गर्न विभिन्न चरणमा कार्यक्रमहरु आयोजना गरी प्रक्रिया अगाडि बढाएको छ ।

खासगरी आर्थिक बृद्धि र नगर क्षेत्रको विकासको निम्ति नगरबाट तयार गरिएको नीतिको प्रभावकारी कार्यान्वयन अत्यन्त जरुरी हुन्छ । यसको लागि बिभिन्न क्षेत्रका बाधा र सीमाहरुलाई मध्येनजर राख्नु आवश्यक छ । यसै क्रममा बिभिन्न स्थानीय सरोकारवाला, सरकारी निकायहरु, नागरिक समाज र निजी क्षेत्रसँग समन्वय र साझेदारी र कार्यगत प्रयास आवश्यक छ ।

## १.२ अध्ययनको उद्देश्यः

यस अध्ययनको प्रमुख उद्देश्य तानसेन नगरपालिकाको आर्थिक विकासका लागि एक रणनीतिक कार्य योजना तयार गरी यसलाई मध्यमकालीन खर्च संरचनाको आधारमा प्राथमिकीकरणका साथ बजेट विनियोजन गर्न र आगामी दिनहरुमा नगर विकासको निम्ति दिशा प्रदान गरी आर्थिक विकासको लागि  सुझाव प्रदान गर्नु रहेको छ ।

## १.३ अध्ययन विधि एवं प्रक्रिया :

रणनीतिक प्रतिवेदन तयारी कार्यमा निम्न प्रक्रिया अवलम्वन गरिएको छ :

१) नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु एवं नगरपालिकामा कार्यरत सम्वन्धीत कर्मचारीहरु वीच भएको छलफलको आधारमा आगामी ५ वर्षको निम्ति नगरपालिकाको दृष्टिकोण, प्राथमिकताक्रम र सेवा प्रवाह योजना तयार पारिएको छ ।

२) आर्थिक सम्भाव्यता र प्राथमिकता पहिल्याउन नगरपालिकाबाट सम्बन्धित सरोकारवालाहरुको सहभागिताको व्यवस्था मिलाइएको थियो । यस क्रममा पाल्पा उद्योग वाणिज्य संघ, उद्योगी एवं व्यवसायीहरु, कृषिजन्य उत्पादक, पर्यटन व्यवसायी, कुटिर एवं घरेलु उद्योगीहरु, नागरिक समाज, बौद्धिक क्षेत्र समेतको सहभागितामा वृहत छलफल कार्यक्रम सञ्चालन गरिएको थियो ।

३) छलफलको क्रममा हाल तानसेन बाहिर रहेका संभावित लगानीकर्तालाई भेला गराइ उनीहरुको प्राथमिकता र अपेक्षालाई समेत समावेश गरिएको छ । यसै क्रममा पाल्पाली समाज पोखरा, तानसेन गुठी काठमाण्डौ, पाल्पाली सँगम काठमाण्डौ एवं बुटवलमा वसोवास गरेका केही प्रमुख उद्योगी एवं व्यवसायीहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

४) तानसेन नगरपालिका सम्बन्धी बिभिन्न प्रतिवेदनहरुको अध्ययन गरिएको थियो ।

५) आर्थिक अवसरको पहिचान गर्न रानीमहल, हृषिकेश/रिडी लगायत बिभिन्न क्षेत्रको अवलोकन गरिएको थियो ।

६) नगरपालिकाको आर्थिक समृद्धिको निम्ति नीति एवं परियोजनाको पहिचान गरिएकोछ । यसमा विपन्न वर्ग, महिलामुखीलाई ध्यान पुऱ्याइएको छ ।

७) नगरपालिकासँग सम्बन्धित आर्थिक व्यवस्थापनका संघीय, प्रादेशिक योजना, नीति, ऐन कानूनको अध्ययन गरिएको थियो ।

८) संघीय र प्रादेशिक सरकारको विकास योजनासँग समाहित गर्न विभिन्न विकल्पको पहिचान गरिएको छ ।

९) नगरपालिकाको क्षमताको पुनरावलोकन र चुनौतीका साथै बाह्य सहयोगको आँकलन पनि गरिएको छ ।

१०) नगरमा लगानीको निम्ति राम्रो सम्भावित सार्वजनिक निजी साझेदारी (Public Private Partnership-PPP) मोडेलका परियोजनाहरु पहिचान गरिएका छन् ।

## १.४ अध्ययन क्षेत्र

नगरपालिकाको समग्र क्षेत्रको विकासको लागि आर्थिक विकास रणनीति तयार गरी परियोजना एवं कार्यक्रमहरुको प्राथमिकीकरण र मध्यमकालीन खर्च संरचना तयार गर्ने ।

## १.५ अध्ययनको सीमा

नगरपालिकाको वस्तुस्थितिको अध्ययन गर्ने प्रयोजनको लागि तथ्याङ्क स्रोतको रुपमा प्रयोग गरिएका विभिन्न प्रकाशनहरुमा समावेश गरिएका तथ्याङ्कहरुको यथार्थपरकता (Reliability) को परीक्षण गरिएको छैन ।

यो अध्ययन केबल सन्दर्भ सामग्रीहरुको समीक्षा, नगरपालिकाका पदाधिकारीहरु, नागरिक समाज र नगरवासीहरु र सरोकारवालाहरुसँगको छलफल अन्तर्क्रिया, पृष्ठपोषण तथा स्थलगत निरीक्षणमा आधारित छ ।

आयोजना/कार्यक्रमहरुको प्राथमिकीकरण गर्न तयार गरिएका आधारहरु र प्रेसित भारलाई वस्तुपरक र यथार्थपरक बनाउने प्रयास गरिएको छ । आयोजना/कार्यक्रमहरु सञ्चालनमा नगरपालिकाको दीर्घकालीन सोचको आधारमा आर्थिक विकास रणनीति र कार्यनीतिसँग तालमेल हुने गरी पहिचान, छनौट र प्राथमिकीकरण गर्ने सक्दो प्रयास गरिएको छ । साथै अध्ययनमा नगरपालिकाको वर्तमान स्थितिको समीक्षा गरी दीर्घकालीन लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने गरी प्राथमिकताका क्षेत्रहरु सुझाव गरिएका छन् ।

## परिच्छेद-२

# तानसेन नगरपालिकाको आर्थिक सामाजिक स्थिति


नेपालको प्रदेश नं. ५ को पाल्पा जिल्लामा अवस्थित तानसेन नगरपालिका पूरानो नगरपालिका हो । यसको स्थापना २००७ सालमा भएको थियो । इतिहास अनुसार तानसेन सेनकालीन राज्यको राजधानीको रुपमा स्थापना गरिएको थियो । किम्बदन्ती अनुसार तानसेन सेन बंशको ताम्रसेनबाट नामाकरण भएको थियो । अर्को तर्फ मगर भाषा ताम्सीङ्ग बाट तानसेन हुन गएको बताइएको छ । जसको अर्थ उत्तरी बसोबास क्षेत्र हुन्छ । यो क्षेत्र ठूलो आगलागीको चपेटामा परेको थियो । पछि, भीमसेन थापाले पुन बसोबासको निर्देशन दिएको पाइन्छ । तानसेन ऐतिहासिक हिसावले पश्चिम क्षेत्रकै नाकाको रुपमा रहेको र पाल्पा जिल्लालाई सेवा प्रदान गर्ने मुख्य थलोको रुपमा रहेको पाइन्छ । ग्रामीण जिल्लाहरुमा सडक बिस्तारसँगै यसको व्यापारीक क्षेत्र केही न्यून हुँदै गएको छ ।

संघीय राज्य व्यवस्थामा राज्यको पुनःसंरचनासँगै तानसेन नगरपालिकाको स्वरुपमा पनि परिवर्तन आएको छ । नगरपालिकाको पूर्वमा बगनासकाली गाउँपालिका, पश्चिममा रिब्दीकोट गाउँपालिका, उत्तरमा स्याङ्गजा र गुल्मी जिल्ला (कालीगण्डकी नदी) तथा दक्षिणमा तिनाउ गाउँपालिका सीमाको रुपमा रहेका छन ।

## २.१ तानसेन नगरपालिकाको भू-उपयोग

तानसेन नगरपालिकाको भू-उपायोगलाई विश्लेषण गर्दा कृषि क्षेत्र, वन क्षेत्र, झाडी/बुट्यान, बाँझो जमिन, कटान क्षेत्र, नदीनाला र बालुवा/ढुङ्गाले ढाकेको क्षेत्रहरु देखिन्छ । यसको बनावट निम्न स्वरुपको रहेको छः

**चित्र १ : तानसेन नगरपालिकाको भू-उपयोग विवरण**





*श्रोत: तानसेन नगरपालिका*

## २.२ तानसेन नगरपालिकाको जनसंख्या

तानसेन नगरपालिकाको कुल जनसंख्या ५०४०५ रहेको छ । कुल जनसंख्यामा महिला ५५ प्रतिशत र पुरुष ४५ प्रतिशत रहेको छ । संख्याको हिसाबले वडा नं. ३ मा सबैभन्दा बढी र वडा १३ मा सबैभन्दा कम जनसंख्या रहेको छ ।


**चित्र २ : तानसेन नगरपालिकाको जनसंख्या**




श्रोत: तानसेन नगरपालिका

यस नगरपालिकाको जनसंख्याको वनोट उमेर समूहको आधारमा निम्न वमोजिम रहेको छ । उमेर समूह अनुसार हाल १५ बर्ष देखि ५९ बर्ष सम्मको जनसंख्या ६४% रहेको छ ।

**चित्र ३ : बर्षको आधारमा जनसंख्या**





श्रोत: नगरपालिकाको घरधुरीस्तरीय तथ्यांङ्क, २०७५

## २.३ शैक्षिक संस्थाहरु :

तानसेन नगरपालिका क्षेत्र मुलुकमै गुणस्तरीय शिक्षाको केन्द्रको रुपमा परिचित छ । यस नगरपालिकामा संख्यात्मक रुपमा हाल निम्न बमोजिमका शैक्षिक संस्थाहरु रहेका छन् ।

**चित्र ४ शैक्षिक संस्थाहरुको अवस्था :**




श्रोत: नगरपालिकाको घरधुरीस्तरीय तथ्यांङ्क, २०७५

## २.४ घर परिवारको प्रमुख आयश्रोत

तानसेन नगरपालिकाबाट गरिएको घरधुरीस्तरको तथ्यांङ्कको आधारमा नगरबासीको आम्दानीको पहिलो प्रमुख श्रोतको आधारमा घर परिवारको विवरण निम्नानुसार रहेको छ ।

**तालिका १ : आम्दानीको पहिलो प्रमुख श्रोतका आधारमा परिवारको विवरण**


| आम्दानीका पहिलो श्रोतहरु | वडा नं. | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | जम्मा |
| कृषि | १६६ | ५ | १ | २ | २१७ | २०५ | २४५ | ४५० | ५७० | ४१३ | २६७ | ५३५ | ३९६ | ४४८ | ३९२० |
| उद्योगधन्दा | ६ | ८ | १० | ६ | ९ | १५ | ११ | ३ | २ | ४ | ० | ० | ० | ८ | ८२ |
| व्यापार व्यवसाय | १८१ | २८१ | ३६२ | २६८ | १०८ | १९३ | १८७ | ११३ | ४७ | ३४ | ७६ | १६ | ३७ | ८२ | १९८५ |
| नोकरी | २८७ | ३६९ | ४०६ | २९६ | १९३ | २८३ | ३३७ | ७७ | ५० | १४५ | १२४ | १३ | २१ | ७८ | २६७९ |
| पेन्सन | ७३ | ५१ | ९७ | ५७ | ११८ | ६४ | ७९ | १३ | २९ | ३४ | २७ | १० | २३ | २२ | ६९७ |
| घर तथा जग्गा भाडा | ३८ | ३५ | ७७ | ४७ | ७ | ३९ | ३७ | ६ | ११ | २ | ० | १ | २ | ३ | ३०५ |
| सवारी साधन, मेसिन तथा उपकरण भाडा | १८ | ४ | ५ | ९ | ० | ९ | १५ | ८ | ३ | २ | ६ | ० | २ | ० | ८१ |
| व्याज तथा लाभांश | ५ | ३ | ८ | ० | ४ | ४ | ११ | ११ | ० | ११ | ४ | १ | २ | २ | ६६ |
| विप्रेषण (वैदेशिक) | १४९ | २२६ | २६९ | १६१ | ९९ | १६७ | २१२ | ५२ | १२८ | १०३ | ३६ | १६ | १८ | ८५ | १७२१ |
| विप्रेषण (आन्तरिक) | ३ | ९ | २७ | ० | १२ | ३३ | ११ | ५ | ४ | १४ | २० | ३ | ५ | ४९ | १९५ |
| दैनिक ज्यालादारी | ७६ | ५५ | ९० | ४२ | १४७ | १०७ | १९५ | ६५ | २३ | ५७ | ३६ | १७ | १३ | ५७ | ९८० |
| अन्य | २४ | ९५ | १७० | १३ | १५ | ५१ | १० | १ | १५ | ० | ३ | १० | ० | ३ | ४१० |
| उल्लेख नगरिएको | | | | | | | | १ | | | | | | | १ |
| जम्मा | १०२६ | ११४१ | १५२२ | ९०१ | ९२९ | ११७० | १३५० | ८०५ | ८८२ | ८१९ | ५९९ | ६२२ | ५१९ | ८३७ | १३१२२ |

श्रोत: नगरपालिकाको घरधुरीस्तरीय तथ्यांङ्क, २०७५

## २.५ व्यापार व्यवसाय :

तानसेन नगरको ब्यापार व्यवसाय मध्ये वस्तु ब्यापार, सेवा ब्यापार, वस्तु उत्पादन र अन्य विभिन्न क्षेत्रहरु रहेका छन् । पहाडी भू-भाग बढी भएकोले उत्पादनमूलक व्यवसायहरु न्यून रहेका छन् ।

**चित्र ५ व्यापार व्यवसायको अवस्था :**




श्रोत: नगरपालिकाको घरधुरीस्तरीय तथ्यांङ्क, २०७५

## २.६ तानसेन नगरपालिकाको संक्षिप्त वस्तुस्थिति :

तानसेन नगरपालिकाको समग्र अवस्थालाई परिभाषित गर्ने गरी तानसेन नगरपालिकाको पार्श्वचित्रमा रहेको पक्षहरुलाई संक्षिप्त वस्तुस्थितिको रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका २ नगरपालिकाको संक्षिप्त वस्तुस्थिति :**

| विवरण | परिमाण |
|---|---|
| जनसंख्या | ४७४०६ (स्थायी) |
| घरधुरी | १३१२२ |
| जनघनत्व | ४५९ |
| जनसंख्या बृद्धिदर | (- ०.२८%) |
| वडा संख्या | १४ |
| क्षेत्रफल | ११० वर्ग कि.मि. |
| साक्षरता | ८३% (महिला ७७.६%,पुरुष ९०.७%) |
| खानेपानी उपलब्ध जनसंख्याको प्रतिशत | ८३.७% |
| विद्युत प्राप्त जनसंख्याको प्रतिशत | ९७.९% |
| वाणिज्य बैङ्क संख्या | १७ |
| विकास बैङ्क संख्या | ५ |
| लघुवित्त संख्या | १५ |

| विवरण | परिमाण |
|---|---|
| साना र घरेलु उद्योग रजिर्ष्टड संख्या | ९२५+९१ |
| सडक सञ्जाल | १०३.८ कि.मि |
| सहकारी संस्था | ४७ |
| सामुदायिक, निजी वन संख्या | ८७ |
| कृषि उद्यम र बचत संस्था | १२५ |
| सिंचित भूमि | ५५० हेक्टर |
| नदीनाला | ४४ |
| पाटी पौवा | ९८ पाटी पौवा |
| खेलमैदान | ३७ |
| पार्क | ३९ |
| पिकनिक क्षेत्र | ३६ |
| मन्दिर एवं धार्मिक क्षेत्र | १०० |
| कृषि केन्द्र | २ |
| पशु केन्द्र | २ |
| अस्पताल | ५ |
| स्वास्थ्य चौकी | ६ |

श्रोत: तानसेन नगरपालिका

## २.७ तानसेन नगरपालिकाको आन्तरिक राजश्वका प्रमुख स्रोतहरु

तानसेन नगरपालिकाको आ.व. २०७५/७६ को कूल अनुमानित बजेट रु. ८०.१३ करोड रहेको छ । जसमा ६.३% आन्तरिक श्रोत, ७७% संघीय अनुदान, २.७% प्रादेशिक अनुदान रहेको छ । कुल बजेट मध्ये चालू खर्च ५९.४% र पुँजीगत खर्च ४०.६% विनियोजन गरिएको छ ।

हाल यस नगरपालिकाको राजश्व परिचालनको सन्दर्भमा आन्तरिक राजश्वको प्रमुख स्रोतहरुमा कर तर्फ सम्पत्ति कर, मालपोत/भूमिकर, घर जग्गा बहाल कर, व्यवसाय कर, सवारी कर, मनोरञ्जन कर, विज्ञापन कर र गैर कर तर्फ ढुङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक एवं नदीजन्य वस्तुको विक्री/निकासी शुल्क, सामुदायिक बन तथा बन पैदावर बिक्रीबाट नियमानुसार प्राप्त हुने रकम, नक्सा पास दस्तुर, बहाल बिटौरी शुल्क, पार्किङ्ग शुल्क, फोहरमैला व्यवस्थापन शुल्क तथा निर्माण सञ्चालन र व्यवस्थापन गरेको स्थानीय पूर्वाधार सेवामा सेवा शुल्क, मूल्यांकन सेवा शुल्क, दर्ता अनुमति तथा नवीकरण दस्तुर, वडा मार्फत गरिने सिफारिस दस्तुर तथा दण्ड जरिवाना रहेका छन । साथै नगरपालिकाले समय सापेक्ष थप स्रोतहरुको पहिचान गरिरहेको छ ।

**तालिका ३ तानसेन नगरपालिकाको आय स्रोतहरु**

| हालका स्रोत | नया स्रोत |
|---|---|
| सम्पत्ति कर | सवारी साधन कर (अटो रिक्सा, इ रिक्सा आदि, रु.५०००।-को दरले) |
| भूमिकर/मालपोत कर | कवाडी, जीवजन्तु, जडीबुटी (हाल कवाडी मात्र) |
| घरबहाल कर | रु. ५ लाख मुनिका लघु, साना तथा घरेलु उद्योग दर्ता नवीकरण |
| व्यवसाय कर | सामुदायिक बनबाट प्राप्त आय |
| विज्ञापन कर | |
| मनोरञ्जन कर | |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | |
| पूर्वाधार सेवा उपयोग शुल्क | |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी (बाँडफाँड नहुने) | |
| बहाल विटौरी शुल्क | |
| सरकारी सम्पत्तिको बहालबाट प्राप्त | |
| अन्य स्रोतबाट प्राप्त आय | |
| अन्य सेवा शुल्क (सरसफाइ, ढल निकास, पर्यटकीय क्षेत्र, वनभोज स्थल, पार्क, भ्यु टावर) | |
| अन्य प्रशासनिक सेवा शुल्क (निवेदन दस्तुर, बोलपत्र बिक्री,अचल सम्पत्ति मूल्यांकन, अन्य सेवा) | |
| पार्किङ्ग शुल्क | |
| नक्सापास दस्तुर | |

## २.८ नगरपालिकाले तयार गरेका ऐन, नियम

संविधानले दिएको कानून प्रदत्त अधिकारका आधारमा तानसेन नगरपालिकाले हालसम्म १३ वटा ऐन र १९ वटा विभिन्न नियमहरु निर्माण गरेको छ ।

## परिच्छेद-३

# तानसेन नगरपालिकाको संभावना, अवसर र चुनौतीहरु

## ३.१ केही प्रतिस्पर्धात्मक क्षमताहरु :

क) यस नगरपालिकाको उत्तर तर्फ कालीगण्डकी करिडोर सडक बिस्तार र दक्षिणतर्फ सिद्धार्थ राजमार्ग सडक सञ्जालले विभिन्न अवसरहरुको सिर्जना गरेको छ । कालीगण्डकी करिडोर मुक्तिक्षेत्र मुक्तिनाथसँग जोडिएर उत्तर तर्फ चीनसँगको सिमाना कोरला नाकासम्म विस्तार हुने हुँदा धार्मिक पर्यटन एवं व्यापार व्यवसाय समेतको सम्भावना उजागर भएको छ । हृषिकेश/रिडी हिन्दूहरुको दोस्रो प्रमुख पीठको रुपमा रहेको छ र यसलाई मुक्तिनाथसम्म सिधा सम्पर्क कायम गर्ने सकिनेछ । यसले हृषिकेश क्षेत्रमा पर्यटकको आगमनमा निकै बृद्धि हुनेछ ।

यो क्षेत्र पाशुपत क्षेत्र (पशुपतिनाथ), मुक्तिक्षेत्र (मुक्तिनाथ), वर क्षेत्र (विष्णु वराह क्षेत्र) सँग आवद्ध छ । करिडोरको वरिपरि रहेको क्षेत्रमा गैर वन वस्तु र औषधिजन्य वस्तुहरुको प्रचुर सम्भावना पनि रहेको छ ।

ख) तानसेन नगर भित्र प्रशस्त मात्रामा कृषि योग्य भूमि रहेको छ । यसमा कृषि जन्य उत्पादन जस्तैः धान, मकै, कोदो, फापर लगायतका खाद्य वस्तुहरुको उत्पादन व्यापक रुपमा गर्न सकिने सम्भावना छ । यसका अलावा कफी खेती, फलफूल खेती र पशुपालन तथा दुग्धजन्य उद्योगको विकासको लागि महत्वपूर्ण क्षेत्र रहेको छ । नगरको विभिन्न क्षेत्र बेमौसमी तरकारी खेती उत्पादनका लागि अग्रणी रहदै आएको छ । यस भेगमा मकैको बीउ जगेर्ना गर्ने प्रचलन रहेको छ । यो प्रक्रिया संरक्षण र प्रचार प्रसार गर्ने र मकैको बीउ तयार गरी बिक्री बितरण गर्ने सम्भावना रहेको छ । नगरपालिकाको वडा नं. १४ र वडा नं. ९ मा प्रशस्त कृषि योग्य भूमि उपलब्ध छ । यस क्षेत्रमा बहुबाली लगाइ तानसेन नगरलाई कृषिमा आत्मनिर्भर बनाउने संभावना पनि रहेकोले यो क्षेत्रमा कृषि पर्यटनको विकास गर्न सकिने छ ।

ग) तानसेन नगरपालिकामा करीव १०३.८ कि.मि.सडक सञ्जाल बिस्तार भएको छ । सिद्धार्थ राजमार्गले सुनौली (भारतीय सीमा क्षेत्रलाई पोखरा (पर्यटकीय नगर) सँग जोडेको छ । तानसेन नजिकै प्रदेशको राजधानी र ब्यापार केन्द्र बुटवल अवस्थित छ । यसले बीचमा अवस्थित तानसेन नगरको निमित्त ब्यापारको अवसर प्रदान गरेको छ । यी क्षेत्रहरुमा

कृषिजन्य बस्तुको माग अत्यधिक छ । तानसेनमा जैविक कृषिजन्य बस्तुको उत्पादन बढाएर यि क्षेत्रमा निर्यात गर्ने सम्भावना पनि उत्तिकै छ । कृषि उत्पादन बृद्धि गरी रोजगारी र आयश्रोत सिर्जना गर्न सकिने छ ।

सडक सञ्जालमा सिद्धार्थ राजमार्ग १५.८ कि.मि., बर्तुङ्ग-रिडी-तम्घास ३५ कि.मि., तानसेन रानीमहल १२.७ कि.मि., तानसेन वाइपास ६.३ कि.मि., बतासे-चण्डी भञ्ज्याङ्ग-जोर्ते ११ कि.मि., कालीगण्डकी करिडोर १८ कि.मि., माडी चक्रपथ ५ कि.मि.प्रमुख रहेका छन् ।

घ) काठमाण्डौं र ललितपुर पछि नेपालको तेस्रो पूरानो नगरपालिका तानसेनमा पौराणिक, धार्मिक र सांस्कृतिक महत्वका प्रशस्त सम्पदा अवस्थित छन् । यी तथ्य अन्तर्राष्ट्रिय पर्यटन पुस्तक पुस्तिका साथै संसार प्रसिद्ध Lonely Planet, Rough Guides मा उल्लेख गरेको पाइन्छ । यी तथ्य १९९८ ई.सं. देखि नै प्रकाशमा आइरहेका छन् । यो क्षेत्र ब्रिटिश साम्राज्यलाई पराजित गरेको स्थान र प्रमुख प्रशासकीय केन्द्रको रुपमा ब्याख्या भएको छ । त्यस दौरान बिजयको प्रतीकको रुपमा बनाइएको २०० वर्ष पूरानो भगवती मन्दिर अहिले पनि अवस्थित छ । जसलाई यस क्षेत्रका जनताले अत्यन्त श्रद्धाका साथ पूजा अर्चना गर्दछन ।

ङ) तानसेन नगरमा अवस्थित अमरनारायण मन्दिर पूरानो काष्ठकलाको नमूनाको रुपमा देख्न सकिन्छ । नेपाल लगायत अन्य मूलुकबाट पनि यहाँको काष्ठकला अवलोकन गर्न कलाबिदहरुको आगमन हुने गर्दछ । यस मन्दिरलाई विष्णु धामसँग पनि जोडिएको छ । रिब्दीकोटमा रहेको र तानसेनको निकट सिमानामा अवस्थित पाल्पा भैरब मन्दिर निकै प्रसिद्ध छ । यस मन्दिरमा खासगरी पाल्पा लगाएत छिमेकी जिल्ला गुल्मी, स्याङ्जा, रुपन्देहीका भक्तजनहरुको भीड लाग्ने गर्दछ ।

च) तानसेनको हृषिकेश मन्दिरले विशिष्ट बिशेषता बोकेको छ । यो मन्दिरमा रहेको हृषिकेशवको मूर्ति सिङ्गो एउटा शालिग्रामबाट बनेको छ जुन संसार भरिमा एकमात्र रहेको छ । यहाँ हरेक बर्ष माघे सक्रान्तिको दिन ३ दिनसम्म भब्य मेला लाग्ने गर्दछ र भारतबाट समेत तीर्थालुहरु आउने गर्दछन् । हाल यस मन्दिरमा औषतमा दैनिक ५००-८०० तीर्थालु दर्शन गर्न आउने गर्दछन् । यसका अतिरिक्त तानसेन वरिपरि १०० भन्दा बढी मठ मन्दिरहरु अवस्थित छन् ।

छ) तानसेन नगरपालिका क्षेत्र भएर बग्ने कालीगण्डकी नदीको तीरमा अवस्थित रानीमहलले मुलुकभरि नै प्रेमको प्रतीकको रुपमा विशिष्ट स्थान ओगटेको छ । नेपालको ताजमहल भनिने यस दरबारको अवलोकन गर्न लाखौं मानिसहरु वर्षेनि यस स्थानमा आउने गर्दछन् । यस स्थानसम्म पुग्न सडकको राम्रो व्यवस्थाले पनि यात्रुहरुलाई सहज बनाएको छ ।

रानीमहल क्षेत्र धार्मिक दृष्टिकोणले पनि अत्यन्त महत्वपूर्ण रहिआएको छ । यस क्षेत्रमा वग्ने कालीगण्डकी नदी दक्षिणवाट उत्तर तर्फ बग्ने हुँदा उत्तरायन फर्केको (उत्तरबाहिनी) ले यसको विशिष्ट धार्मिक महत्व रहि आएको छ ।

ज) तानसेन नगरपालिकालाई हरित नगरको रुपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ । यहाँको ९६% भूभागमा हरियाली र कृषि, जंगल तथा झाडी बुट्यान रहेको छ । यसको अनुभव तानसेन नगरपालिका प्रबेशद्वार तेल्घा क्षेत्र, बगनास क्षेत्र, रिडी क्षेत्र र कालीगण्डकी क्षेत्रबाट नै महशुस गर्न सकिन्छ । यस नगरले वातावरणीय पर्यटनको प्रशस्त अवसर सिर्जना गरेको छ र वातावरणीय अध्ययनको लागि पनि उपयुक्त रहेको छ ।

झ) नगर क्षेत्रमा टिम्मुर, अदुवा, अम्रिसो, रेशमखेती प्रचुर मात्रामा उत्पादन गरी रोजगारी र आर्थिक गतिबिधि तीब्र पार्न सकिने सम्भावना छ । मदनपोखरा लगायत नगरका केही स्थानहरुमा हाल कफी खेती सफलता पूर्वक सञ्चालन भइरहेको छ । यसलाई नगरको सबै क्षेत्रमा बिस्तार गरी आय आर्जन बढाउन सकिन्छ ।

ञ) नगरमा ८७ वटा बिभिन्न सामुदायिक तथा निजी वन रहेका छन् । यसको बैज्ञानिक व्यवस्थापनको माध्यमबाट आयमूलक वन पैदावारमा परिणत गरी आर्थिक क्रियाकलाप बृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

ट) तानसेन नगर भित्र १२५ वटा कृषि उद्यम र सामुदायिक संस्था अवस्थित छन् । यस बाहेक ४३ वटा कृषि र पशुपालन फर्महरु छन् । यसलाई वढावा दिई दिगो आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने सम्भावना पनि रहेको छ । यस अतिरिक्त वर्षमा करीव १६ लाख ५० हजार लिटर दुग्ध उत्पादन र बिक्री भइरहेको छ । हरियाली क्षेत्र विद्यमान रहेकोले शुद्ध दुग्धजन्य पदार्थ उत्पादन गरी ब्राण्डिङ्ग गरेर ठूलो बजारमा पहुँच पुऱ्याउने सम्भावना पनि रहेको छ । हाल एक शीत भण्डार निर्माणाधनी अवस्थामा छ र अन्य शीत भण्डार निर्माणको पनि प्रयास गर्न जरुरी छ । नगर क्षेत्र भित्र ५५० हेक्टर भूमि मात्र सिंचित रहेको अवस्था छ ।

ठ) नगरमा वातावरणीय अनुकूलताले गर्दा मौसमी र बेमौसमी फलफूल जस्तैः सुन्तला, कागती, कटहर, नासपाती लगायतका फलफूलहरु प्रचुर मात्रामा उत्पादन हुने गर्दछ । तर सो को बजार व्यवस्थापन कमजोर रहेकाले पूर्ण आर्थिक लाभ प्राप्त गर्न सकिएको छैन । मदनपोखरा स्थित गोलभेडा उत्पादनको नवीन टनेल प्रविधिको प्रचार प्रसार गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

ड) बिभिन्न सम्भाब्यता अध्ययन अनुसार तानसेन नगर क्षेत्रका कतिपय स्थानहरुमा बिभिन्न खानी खनिजको उपलब्धता औल्याइएको छ । यसको उत्खनन्, प्रशोधन र उत्पादन गरी आर्थिक गतिबिधि लाई तीब्र बनाउने सम्भावना पनि रहेको छ । खासगरी तामा, फलाम, चुनढुङ्गा, कोल र इन्धनको सम्भाबना रहेको पाइएको छ । तर पर्यावरणीय क्षति र सडक बिनास तर्फ पनि ध्यान पुऱ्याउनु जरुरी छ ।

ढ) स्थानीय सरकारको रुपमा तानसेन नगरपालिका हाल निकै सक्रिय रहेको छ । यसले कानून प्रदत्त कानून तथा नीति निर्माण गरी रहेको छ । यसका अतिरिक्त नगर भित्र निजीक्षेत्र र गैर सरकारी संस्था, सहकारी संस्था, महिला समूह पनि निकै सकृय रहेको देखिन्छ । यी सबै निकायहरुको साझा सहकार्य मार्फत आर्थिक उन्नति तर्फ अग्रसर गराउन सम्भव देखिन्छ ।

ण) तीन दशक अघि सम्म तानसेन नगरले मुलुकमा अग्रणी स्थान ओगटेको थियो । देशले यस
क्षेत्रबाट उत्पादित कुशल राष्ट्रसेवक, नीति निर्माता, शिक्षक, प्राध्यापक, ब्यवसायी लगायतको योगदान प्राप्त गरेको थियो । यस क्षेत्रको साक्षरता प्रतिशत नेपालकै औसत भन्दा धेरै माथि भएको सन्दर्भमा माथि उल्लेखित क्षेत्रको विकासमा योगदान पुऱ्याउन सक्नेछ अवस्था छ ।

त) पूरानो ब्यापारिक क्षेत्र र सशक्त व्यवसायीक संस्थाहरुको उपस्थितिले गर्दा नगरमा उद्यमशीलताको वातावरण सिर्जना गर्न सकिने सम्भावना रहेको छ । विद्यमान अवसरलाई उपयोग गरी नगरको आर्थिक विकासको निम्ति स्थानीयलाई क्रियाशील बनाउन जरुरी छ । यी संस्थाहरुलाई नगरपालिकाले सार्वजनिक निजी साझेदारी मार्फत विकास र पर्यटनको क्षेत्रमा अग्रसर गराउनु आवश्यक छ ।

थ) तानसेन नगरपालिका क्षेत्रमा करीव दुई तिहाई जनसंख्या आर्थिक हिसावले क्रियाशील उमेर समूह रहेकोले नगर क्षेत्रले विकास निर्माणमा महत्वपूर्ण सहयोग प्राप्त गर्न सक्दछ ।

## ३.२ सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती बिश्लेषण (SWOT Analysis):

तानसेन नगरपालिकाको आर्थिक उन्नतिको लागि एक रणनीतिक कार्य योजना तयार गर्न यसको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती बिश्लेषण गर्नु आवश्यक छ। यसलाई निम्नानुसार उल्लेख गरिएको छ।

**तालिका ४: सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती बिश्लेषण (SWOT Analysis)**

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| • बुटवल, स्याङ्गजा र गुल्मी जिल्लाको बीचमा अवस्थित<br>• नगर भित्र र बाहिर प्रर्याप्त सम्पर्क सञ्जाल<br>• स्याङ्गजा, पोखरा र गुल्मी जिल्लासँग सडक सञ्जाल जोडिएको।<br>• नगरको सवै वडाहरु कच्ची, ग्राभेल र पक्की सडकबाट जोडिएको<br>• करीव २/३ जनसंख्या १५ बर्ष माथि र ५९ वर्ष मुनिका क्रियाशील उमेर समूहको जनसंख्या रहेको<br>• विविधतापूर्ण जनसंख्या, केही मात्रामा मगर समुदायको बर्चश्व रहेको<br>• वन जंगल प्रचुर मात्रामा रहेको, पानी र वातावरणीय संरक्षण प्रभावकारी रहेको<br>• वातानुकूल मौषम, बर्षभरि बिहानै सूर्योदय हुने, उच्चतम र न्यूनतम तापक्रममा निकै कम भिन्नता (नजिक ब्यापारीक केन्द्र बुटवल र भैरहवा भन्दा १० डिग्री सेन्टिग्रड कम तापक्रम।)<br>• प्रदेश भरीको Hill Station हुने सम्भाबना।<br>• मगर र नेवारी संस्कृतिको धनी<br>• हिन्दूहरुको पावन मन्दिर हृषिकेश धाम, भगवती मन्दिर र निकटमा भैरवस्थान मन्दिर रहेको<br>• नेपालको एकमात्र प्रेमको प्रतीक रानीमहल<br>• जैविक बिविधता, बेमौसमी तरकारी, फलफूल, पशुजन्य उत्पादन, डेरी जैविक | • दक्षिण तर्फको आगमनमा कठिनाइ (बुटवलबाट आउने सिद्धबाबा क्षेत्रमा पहिरोको समस्या, यस बर्षको बजेटमा रकम विनियोजन गरिएको)<br>• पर्याप्त खानेपानीको अभाव (कालीगण्डकी लिफ्ट कार्यक्रम निकट भविष्यमा सञ्चालन हुने अवस्था)<br>• जनशक्ति पलायन, जनसंख्या बृद्धिदरमा ह्रास (खासगरी योग्य सक्षम व्यक्ति एवं जनसंख्या बाहिर जाने)<br>• न्यून आर्थिक स्रोत संकलन र परिचालन (न्यून राज्य स्रोत परिचालन, सिमित क्षमता, मूल्याङ्कन र सुपरिवेक्षणमा कमी)<br>• सागुरा सडकहरु, योजना बिनाको घर निर्माण फोहरको पूर्ण व्यवस्थापन हुन नसक्नु<br>• योजनाबद्ध विकासको थालनी हुन नसक्नु |

| | |
|---|---|
| फार्म, औषधि जन्य बस्तुहरुको उपलब्धता<br>● शैक्षिक विरासतको केन्द्र : प्रख्यात शैक्षिक केन्द्र, सिकाइ केन्द्र र स्वास्थ्य केन्द्र<br>● शिक्षित नागरिकहरुको बसोबास, उच्च महिला तथा पुरुष साक्षरता<br>● प्रत्येक घरमा बिद्युतीकरण र सूचना तथा सञ्चारको उपलब्धता<br>● पश्चिम नेपालको प्रख्यात स्थल<br>● पहाड र समतल भूमि<br>● कालीगण्डकी सहित ४४ साना नदी नाला<br>● प्रशस्त वन जंगल | |
| **अवसरहरु**<br>● संघीयताले नगरपालिकालाई श्रोत परिचालन गर्न स्वतन्त्र अधिकार प्रदान गरेको छ । साथै खर्च र रकम बिनियोजनको अधिकार पनि प्रत्यायोजन गरेको छ । नगरपालिकाले आवश्यक ऐन, कानून पनि बनाउन सक्ने व्यवस्था गरेको छ ।<br>● गौतम बुद्ध अर्न्तराष्ट्रिय बिमान स्थल निर्माण र सञ्चालनले नगरपालिकामा प्रशस्त लगानीको अवसर प्रदान गरेको छ ।<br>● सिद्धबाबा-झुम्सा क्षेत्रमा सुरुङ्गमार्गको निर्माण र पोखरा सम्मको ४ लेन सडक बिस्तार योजनाले बस्तु तथा सेबाको प्रवाहलाई सहज बनाउने छ । निश्चय नै यसले व्यवसायमा नयाँ अवसर सिर्जना हुने छ ।<br>● पर्यटन विकासको प्रचुर सम्भावना रहेको छ । | **चुनौतीहरु**<br>● तानसेन आसपास क्षेत्रमा स्थापना र सञ्चालन भएका सिमेन्ट उद्योगबाट हुने वातावरणीय प्रदूषणबाट सचेत हुनु जरुरी छ ।<br>● सिद्धार्थ राजमार्गमा बारम्बार पैरो जानाले आवागमनमा बाधा पुऱ्याएको छ ।<br>● नगरको मुख्य सडकहरुमा हेवी लोडमा सवारी साधन चलिरहेको छ । यसले सडक र घरहरुको दिगोपनमा नकारात्मक असर परिरहेको देखिन्छ ।<br>● नगरपालिकाको श्रोत अत्यन्त न्यून रहेको छ । यसबाट आधारभूत आवश्यकता परिपूर्ति हुन सकेको अवस्था छैन ।<br>● युवाहरुमा नैराश्यता छाएको छ र जागरुकताको कमी देखिन्छ ।<br>● तानसेन नगरपालिकाको भू-भाग निकै छरिएर रहेको अवस्था छ । यसले सेवा प्रवाहमा प्रतीकूल असर पारिरहेको देखिन्छ । |

## ३.३ प्रमुख चुनौती र समस्याहरु

१. पुनर्गठित नगरपालिकाको कारण नगरपालिका तथा वडा कार्यालयहरुको भौतिक तथा मानव संसाधनको व्यवस्थापन र कार्यालय विन्यास प्रभावकारी बनाइ आम नागरिकलाई सहज र सरल सेवा प्रबाह गर्नु ।
२. खस्कदै गएको व्यापार, व्यवसाय र उद्योग धन्दा एवं रोजगारीका अवसरहरुलाई अभिवृद्धि गर्दै नगर क्षेत्रलाई एउटा जीवन्त नगरपालिकाको रुपमा विकास गर्नु ।
३. सीमित साधन श्रोतबाट विकासप्रेमी जनताका आवश्यक माग र समस्याहरु सम्बोधन गर्नको लागि राजश्व अभिवृद्धि एवं कार्यक्रम र आयोजनाको प्राथमिकीकरण गर्नु ।
४. नगर क्षेत्रलाई जनसहभागितामूलक रुपमा सफा, स्वच्छ र वातावरण मैत्री बनाइ हरित, सुन्दर, सफा र व्यवस्थित नगरपालिका बनाउने ।
५. तानसेन नगर राष्ट्रिय सम्पदा (Herritage) सूचीमा परेको सन्दर्भमा यसको पूरातन शैली, बाटा घाटा, बजार आदिलाई संरक्षण गर्नु ।
६. नगरपालिकाका सबै क्षेत्रको आर्थिक, सामाजिक एवं पूर्वाधारको सन्तुलित विकास तथा समन्यव कायम गर्नु ।
७. नगरबाट सञ्चालन गरिएका सामजिक न्याय, समानता र सामाजिक समावेशीकरणका र सुशासन प्रवर्द्धनका कार्यक्रमहरु प्रति आम नागरिकलाई प्रत्याभूत गर्नु ।
८. भूबनोटको कारण विकास लागत तुलनात्मक रुपमा बढी रहनु ।
९. शिक्षित युवा जमातलाई नगर क्षेत्रको विकास निर्माणमा परिचालन गर्ने आवश्यक कार्यक्रम बनाइ कार्यान्वयन गर्नु ।
१०. संघ तथा प्रदेश स्तरीय कतिपय कानूनहरु समयमा प्राप्त नभएको, प्राप्त भएको हकमा पनि कतिपय कानूनहरु बाझिनु तथा नीतिगत स्पष्टता नहुनु ।
११ अन्य क्षेत्रको औद्योगिक विकासका कार्यहरुबाट सिर्जित वातावरणीय प्रदूषणको प्रभावप्रति सचेत हुन र त्यसको व्यवस्थापन गर्न ।
१२ श्रीनगर डाँडाको हरियालीलाई विस्तार गर्न, चौडापाते वन क्षेत्रको विकास गरी पानीको संरक्षण र सुख्खा याममा आगलागी हुने जोखिमलाई न्यूनीकरण गर्नु ।
१३ सिद्धार्थ राजमार्गमा बारम्बार पैरो जानाले यातायातमा बाधा पुऱ्याउने गरेको ।
१४ नगरको मुख्य सडकहरुमा हेवी लोडका सवारी साधनको सञ्चालनले घरहरुको दिगोपनमा नकारात्मक असर परिरहेको ।
१५ नगरपालिकाको श्रोत अत्यन्त न्यून रहेको र यसबाट नगरपालिकाको न्यूनतम आवश्यकताका कार्यक्रमहरु सञ्चालनमा समेत कठिनाइ भएको ।
१६ युवाहरुमा बेरोजगारीको कारण नैराश्यता बढेको ।
१७ तानसेन नगरपालिकाको भू-भाग निकै छरिएर रहेकोले सेवा प्रवाहमा कठिनाइ रहेको ।

### परिच्छेद-४

# नगरपालिकाको दीर्घकालीन सोच, लक्ष र रणनीति

## ४.१ दीर्घकालीन सोच

ऐतिहासिक कला, सम्पदा र संस्कृतिको धनी साथै प्राकृतिक विविधताले भरिपूर्ण र बिशिष्ट भू-बनोट, वाताअनुकूल जलवायु, लोभलाग्दा डाँडाकाडाँ, वन जंगल, नदीनाला, भीरपाखा,  समतल फाँटहरु, खेत बारी जस्ता प्रकृतिका अनुपम उपहारले सु-सज्जित तानसेन नगरपालिकाले यहाँको संभावना र अवसरहरुको समुचित प्रयोग गरी जनताको जीवनस्तर अभिबृद्धि गर्न **"संमृद्ध नगर, आत्मनिर्भर नगरवासी, सफा नगर, सुखी नगरवासी"** को दीर्घकालीन सोच अघि सारिएको छ ।

## ४.२ विकास लक्ष्य :

दीर्घकालीन सोचलाई प्राप्त गर्ने गरी निम्न लिखित लक्ष्यहरु तय गरिएका छन् :

क) तानसेन नगरपालिका क्षेत्र सफा, सुन्दर, हरित र विकास निर्माणमा तत्पर हुने ।

ख) नगरपालिका क्षेत्र उद्योग, व्यापार, व्यवसाय सञ्चालन गर्न मुलुकमै संभावनायुक्त नगरपालिका (व्यवसाय गर्न, बस्न सजिलो र किफायतीरहेको) को रुपमा विकास भएको हुने ।

ग) नगरपालिका क्षेत्र गुणात्मक शिक्षा र स्वास्थ्यको आकर्षक केन्द्रको रुपमा विकास भै पर्याप्त मात्रामा सम्वन्धीत युवा जनशक्तिको उपलब्धता भएको क्षेत्र हुने ।

घ) नगरपालिकाको आर्थिक क्षेत्र समावेशी एवं व्यवसाय अनुकूल रहेको हुने ।

च) नगरपालिका क्षेत्र धार्मिक, सास्कृतिक र पर्यटकीय क्षेत्रको रुपमा मुलुकमै आकर्षक पर्यटकीय  क्षेत्रको रुपमा विकास भएको हुने ।

छ) नगरवासीको  आयस्तरमा  बृद्धि भै स्वस्थ र सुखी जीवन यापन गरेको हुने ।

ज) नगरपालिकाले प्रदान गर्ने सेवा जनमैत्री, सरल, छिटो र छरितो भएको हुने ।

## ४.३ आर्थिक विकास रणनीति

नगरको भू-बनोट, हरियाली, स्वस्थकर वातावरण, पवित्र ऐतिहासिक धार्मिक स्थलहरु, परम्परागत संकृति झल्काउने स्थानीय उद्योगहरु, विभिन्न पर्यटकीय गन्तव्यहरु, हालका

र विगतमा देशलाई योगदान गरेका विद्यमान जनशक्ति लगायतलाई आधार मानी नयाँ आर्थिक विकास रणनीति तयार गरिएको छ ।

तानसेन नगरपालिकाको अवसर, संभावना र चुनौतीलाई अध्ययन गरी विकास रणनीति तैयार गर्दा पर्यटन विकास, कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन, शिक्षा एवं स्वास्थ्य क्षेत्र र पूर्वाधारको विकास प्रमुख विकास परिचालक **Development Drivers** को रुपमा देखा पर्दछ । तसर्थ आगामी दिनहरुमा यी क्षेत्रहरुको रणनीतिक विकासमा उपलब्ध स्रोत साधनको विनियोजन केन्द्रित गर्नु आवश्यक छ । यी मध्य प्रत्येक क्षेत्रको विकास संभावना एवं प्राप्त हुने प्रतिफललाई आकलन गर्दा निम्न रणनीति अपनाउनु पर्ने देखिन्छ ।

## क) पर्यटन क्षेत्रको विकास

पर्यटन क्षेत्रको विकास रणनीति तयार गर्दा मुख्यत ३ वटा अवधारणा लिनु पर्ने हुन्छ ।

१. सुन्दर, हरित र व्यवस्थित एवं सफा, सजीव र जीवन्त तानसेन नगरक्षेत्रको परिकल्पना साकार पार्ने ।

२. प्रकृतिले प्रदान गरेको सुन्दरताको अधिकतम उपयोग गर्दै भएका धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने ।

३. स्रोत र साधनको अधिकतम उपयोग गर्दे नयाँ पर्यटकीय क्षेत्रको विकास निर्माण र प्रवर्द्धन गर्ने ।

**रणनीतिक कार्यक्रम :**

**१. सुन्दर, हरित र व्यवस्थित एवं सफा** सजीव र जीवन्त **तानसेन नगरक्षेत्रको** लागि तानसेन नगरको मौलिकताको संरक्षण गर्दै :

क) तानसेन नगरका मौलिकता झल्काउने मुख्य सडकहरुमा ढुङ्गा छपान गर्ने ।

ख) घर निर्माणमा अगाडिको भाग निर्माण गर्दा यसका परम्परा Heritage र मौलिकतालाई विचार गरी मात्र डिजाइन स्वीकृत गर्ने ।

ग) तानसेन नगरमा अवस्थित खुला क्षेत्रहरु जस्तै : टुँडिखेल, अमरनारायण मन्दिर परिसर, भगवती मन्दिर परिसर, दरवार क्षेत्र एवं श्रीनगर र अन्य क्षेत्रहरुको समुचित विकास गरी नगरको सौन्दर्य अभिवृद्धि गर्ने ।

घ) नगर क्षेत्रको सरसफाइका लागि नगरपालिकाले प्रभावकारी व्यवस्थापन गर्दै नगरबासीहरुमा पनि सरसफाइमा जागरण ल्याउने अभियान चलाउने । सडक क्षेत्र सधै सफा राख्ने ।

ङ) संभावित सबै क्षेत्रहरुमा रुख रोप्ने, खुला ठाँउहरुमा फूल लगाउने, प्रत्येक घरको देखिने स्थानहरुमा फूल लगाउन प्रोत्साहन गर्ने, अगाडि देखिने झ्याल र पेटीमा समेत फूल लगाई नगरको सौन्दर्य अभिवृद्धि गर्न जनसहभागितामूलक अभियान सञ्चालन गर्ने ।

च) पानी एवं विजुलीको समुचित व्यवस्थापन गर्ने ।

छ) नगरपालिका क्षेत्रलाई धार्मिक, साँस्कृतिक र परम्परागत सम्पदा केन्द्रको रुपमा विकास गर्न आवश्यक कार्यक्रमहरुलाई प्रोत्साहन गर्ने । साथै नयाँ युवा समुदायलाई सक्रिय, स्वस्थ एवं क्रियाशील बनाउन विभिन्न खेलकुद, सँगीत, मेला, योगा, आदि कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

ज) तानसेनको कला, संस्कृति एवं पेशा व्यवसायलाई प्रवर्द्धन गर्दै नगर क्षेत्रलाई सजीव र जीवन्त बनाउन जीवन्त सँग्रहालयको रुपमा विकास गर्ने । यसका लागि विभिन्न कार्यक्रमहरुको कार्यान्वयन गर्न प्रोत्साहन गर्ने ।

झ) नगरपालिकाले दिने सबै प्रकारका सेवाहरु व्यवस्थित, छिटो र सरल एवं समयमा प्राप्त हुन सक्ने गरी व्यवस्था गर्ने । नगरपालिकाका कार्यहरु बारे जनतालाई सुसूचीत गर्ने प्रणाली स्थापना गर्ने र जनसहभागिता अभिवृद्धि गर्ने ।

## २. धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने

तानसेन नगर क्षेत्रमा रहेका धार्मिक एवं सांस्कृतिक सम्पदाहरु जस्तै हृषिकेश मन्दिर, भगवती मन्दिर, अमरनारायण मन्दिर, रानीमहल, निकट रहेको भैरवस्थान मन्दिर आदिको संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने । यस क्रममा :

क) तानसेन वडा नं. १४ क्षेत्रमा रहेको हृषिकेश मन्दिरको महत्व एवं संभावित धार्मिक पर्यटक आगमन समेतलाई दृष्टिगत गरी यसको संरक्षण र सम्बर्द्धन गर्न तत्काल एक गुरु योजना तैयार गरी मन्दिर परिसरलाई व्यवस्थित गर्ने ।

ख) तानसेनमा अवस्थित रणउजिरेश्वरी भगवती मन्दिर परिसर भित्र भगवती मन्दिर र व्यवस्थापन समितिको सहयोगमा व्यवस्थित रुपमा रुख एवं फूल लगाइ सुन्दर बनाउने र मन्दिर विहान देखि साँझ आरतिको समयसम्म खुला राख्ने प्रवन्ध मिलाउने ।

ग) तानसेन स्थित अमरनारायण मन्दिर परिसर र फूलवारीलाई व्यवस्थित गरी सुन्दर बगैंचा र खुला ठाँउको रुपमा विकास गर्ने ।

घ) श्रीनगर गणेशस्थानको व्यवस्थापन र सुन्दरता बढाउन निजी क्षेत्रको सहयोगमा कार्यक्रम अघि बढाउने ।

ङ) पाल्पा भैरवस्थान मन्दिरको महत्व एवं धार्मिक पर्यटनमा यसको महत्वलाई दृष्टिगत गरी सम्वन्धीत स्थानीय तहको अग्रसरतामा व्यवस्थित गर्न सहयोग गर्ने ।

च) प्रेमको प्रतीकको रुपमा यस नगरपालिका क्षेत्रमा रहेको रानीमहल संरक्षण, सम्बर्द्धन र विकासको लागि तयार गरिएको गुरुयोजनालाई निजी क्षेत्रको समेत सहभागितामा कार्यान्वयन गर्ने । तानसेन रानीघाट क्षेत्रमा कालीगण्डकी नदी दक्षिण दिशाबाट उत्तर दिशा तर्फ बगेकोले (उत्तरवाहिनी) यसको धार्मिक महत्व अझै बढ्न गएको सन्दर्भमा नागरिकहरुलाई पूजा पाठ एवं अन्य धार्मिक कार्यक्रम गर्न आवश्यक घाटको निर्माण गर्ने ।

छ) तानसेन श्रीनगरबाट मनोरम दृश्यका साथै हिम श्रृंखला समेत देखिने हुँदा सो समेतलाइ दृष्टिगत गरी श्रीनगर क्षेत्रको विकास गर्ने ।

## ३. नयाँ पर्यटकीय क्षेत्रको विकास निर्माण

क) बुद्धको जन्मस्थल लुम्बिनीको निकटता एवं स्वर्गीय भिक्षु अमृतानन्द जस्ता बौद्ध धर्मका प्रवर्द्धकहरुको जन्मथलो रहेको तानसेन नगर बुद्ध धर्म र संस्कृतिको बासस्थान समेत रहेको परिप्रेक्षमा यो सम्बन्धलाई अझ परिस्कृत बनाउन श्रीनगरडाँडामा चारैतिरबाट देखिने गरी बुद्धको ठूलो मूर्ति स्थापना गरी यस सम्बन्धमा तयार गरिएको गुरुयोजना मुताविकका कार्यक्रमहरु क्रमशः कार्यान्वयन गरी एक आकर्षक धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्ने ।

ख) गुफाचौरमा निर्माण भैरहेको गणेशधाम कार्यलाई शीघ्र सम्पन्न गर्ने । यस क्रममा त्यहाँ पुग्ने पहुँचमार्गको निर्माणमा तीब्रता ल्याई उपलब्ध ३५०० रोपनी जग्गामा लालीगुराँसको बिरुवा रोप्नुका साथै यस क्षेत्रलाई आकर्षक वनस्पति उद्यानको रुपमा विकास गर्ने ।

ग) प्रभास क्षेत्रमा अवस्थित कमल पोखरी, सूर्यकुण्ड, बंशगोपाल मन्दिर, महादेवस्थान आदिको विकास गर्न गुरु योजना तैयार गरी एक आकर्षक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।

घ) माडीफाँटमा रहेको माण्डव्य ऋषिको कुटी एवं ढाव क्षेत्रमा जग्गाधनीहरुसँगको सहभागितामा एक आकर्षक जलाशय एवं Water Sport लाई प्रवर्द्धन गर्नुका साथै एक आकर्षक पिकनिक स्थलको रुपमा विकास गर्ने कार्यक्रम तयार गर्ने ।

ङ) तानसेन नगरपालिका क्षेत्रमा मगर समुदायको बाक्लो उपस्थिति समेतलाई दृष्टिगत गरी बौघागुम्बा क्षेत्रमा स्वदेश एवं विदेशमा कार्यरत मगरसमुदायको समेत सहभागितामा मगर संस्कृति झल्किने गरी एक आकर्षक मगर Village/Resort निर्माण गर्न गुरुयोजना तैयार गरी क्रमशः लागु गर्ने ।

च) तानसेन टक्सारटोललाई नेवारी संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न एक जिउँदो (Live) थलोको रुपमा विकास गर्न कार्यक्रम तयारी गरी लागु गर्ने ।

छ) तानसेन नगरको पूर्व घोरबन्दा क्षेत्र कुमाल वस्ती रहिआएको र यो जातिले माटाका विभिन्न भाँडाकुँडा बनाउने समेत गरेको सन्दर्भमा यस गाउँलाई कुमाल संस्कृति को जीवन्त गाउँको रुपमा विकास गर्न आवश्यक कार्यक्रम लागु गर्ने ।

ज) तानसेन नगरपालिका क्षेत्रबारे आगन्तुक पर्यटक आदिलाई जानकारी दिने उद्देश्यले एक पर्यटक सूचना केन्द्रको स्थापना गर्ने । यस्का लागि आवश्यक पुस्तिका तैयार गरी नगरपालिकाको वेवसाईटमा राखी प्रचार प्रसार गर्ने र आगन्तुकलाई पुस्तिका उपलब्ध गराउने ।

## ख) कृषि, घरेलु तथा साना उद्योग विकास

करीब ४८.१ प्रतिशत भू-भाग कृषि योग्य रहेको यस नगरको कृषि उत्पादन बढाउन र साना तथा घरेलु उद्योगहरुको प्रचुर संम्भावना लाई मध्य नजर गर्दै कृषि तथा घरेलु उद्योगमा ध्यान पुऱ्यान जरुरी देखिन्छ । तानसेन नगरपालिकाका मदनपोखरा, अर्गली, वौघागुम्बा क्षेत्रहरु तरकारी खेतिका लागि अत्यन्त प्रख्यात रहिआएका छन । खास गरी बेमौसमी तरकारी खेतिको लागि टनेल प्रविधिबाट गरिने तरकारी खेतिको लागि प्रख्यात मदनपोखरा तरकारी आपूर्ति गर्ने केन्द्रको रुपमा रहेको छ । कृषि, घरेलु तथा साना उद्योग क्षेत्रको विकासको लागि निम्न रणनीतिक कार्यक्रम सञ्चालन गर्ने :

१. बेमौसमी तरकारी खेति, टनेल एवं अन्य आधुनिक प्रविधिबाट गरिने तरकारी खेति, च्याउ उत्पादन लगायतको खेतिलाई प्राविधिक सहयोगद्वारा नगरपालिकाका अन्य सम्भावित क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्ने । तानसेन नगर क्षेत्रलाई प्राङ्गारिक कृषि क्षेत्रको रुपमा प्रवर्द्धन गर्न प्राङ्गारिक मल तैयारी एवं यसको खेतिवारीमा उपयोग र

प्राङ्गारिक तरकारी खेतिका तरिकाहरुबारे जानकारी दिन वडाको सहयोगमा अभियान सञ्चालन गर्ने ।

२. सम्भावित वडाहरुमा उत्पादित तरकारीको थोक एवं खुद्रा विक्री केन्द्रहरु निर्माण गर्न कृषक समूह समेतको सहयोग परिचालन गर्ने ।

३. नगरपालिका क्षेत्र पशुपालन एवं दुग्ध उत्पादनमा समेत प्रख्यात रहेको सन्दर्भमा पशुपालन व्यवसायलाई प्राविधिक सहयोग गरी थप प्रोत्साहन गर्नुका साथै दुग्ध उत्पादक किसान समूहको सक्रियतामा दूध चिस्यान केन्द्र, प्रोसेसिङ प्लान्ट स्थापना समेतलाई प्रात्साहन दिन सहकारी एवं अन्य वित्तीय संस्थाहरुको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने ।

४. नगरपालिकाको पश्चिमी भेग विभिन्न फलफूल उत्पादनमा समेत प्रख्यात रहेकाले संभावित ठाँउमा किवी, अंगुर लगायतका उच्च मूल्यका फलफूलको विरुवा रोप्ने । उत्पादित फलफूलबाट जुस, जाम, माडा, अचार तयार गरी बेच्न आवश्यक तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराउने । त्यस्तै कफी लगायत नगदे वालीको बिस्तार एवं प्रोसेशिङ्ग कार्यलाई प्रोत्साहित गर्ने ।

५. कुखुरा पालन व्यवसायले लोकप्रियता प्राप्त गरिरहेको सन्दर्भमा व्यवसायीक कुखुरा पालन, गाई, भैसी लगायतलाई आवश्यक दाना उत्पादन गर्ने कार्यक्रम प्राथमिकता साथ लागु गर्ने ।

६. घरघरमा रोजगारी अभिबृद्धिको ठूलो संभावना बोकेको पाल्पाली ढाका टोपी उद्योगको विकास र सम्बर्द्धनका लागि आवश्यक तालिम कार्यक्रम, तान लगाउने कार्यमा अनुदान एवं उत्पादित ढाकाको गुणस्तर प्रमाण चिन्ह र विक्री कक्ष स्थापना र प्रचार प्रसारमा समेत कार्यक्रम तैयार गरी लागु गर्ने ।

७. पाल्पाली करुवा एवं ढलौटका भाँडाकुँडाहरुको बढ्दो माग र सुस्त आपूर्तिको अवस्थालाई दृष्टिगत गरी उद्योगको संरक्षण र विकासका लागि निजी क्षेत्रको सहभागितामा नगरपालिकाबाट कार्यक्रम बनाइ लागु गर्ने ।

८. यस क्षेत्रमा परम्परादेखि चल्दै आएको कुटिर तथा साना उद्योग पहिचान गरी यसको सम्बर्द्धन र विकासका लागि आवश्यक कार्यक्रम बनाइ निजी क्षेत्रलाई प्रोत्साहित गरी लागु गर्ने ।

## ग) शिक्षा र स्वास्थ्य क्षेत्रको विकास एवं विस्तार

नेपालको दोस्रो प्रमुख शैक्षिक क्षेत्रको रुपमा रहेको र २००७ साल अघि नै विद्यालयहरुको उपस्थित रहेको यस नगरमा शिक्षाको विकासको साथै शिक्षित जमातको थलो रहेको यर्थाथताको धरातलमा यस क्षेत्रमा शिक्षित नागरिक उत्पादन थलोको रुपमा विकास हुने संभावना रहेको देखिन्छ । नगर क्षेत्र धैरै समय अघिदेखि देशको पश्चिम भेगकै स्वास्थ केन्द्रको रुपमा पनि रहेको छ । हाल निजी क्षेत्रमा मेडिकल कलेज लगायत उच्च स्तरको अस्पताल पनि रहेको छ । नगरपालिका क्षेत्र मुलुकमै गुणस्तरीय शिक्षाको केन्द्र रहिआएको सन्दर्भमा सो गौरवलाई कायम राख्दै आधुनिक प्राविधिक विषय समेत अध्ययन एवं तालिम गर्ने केन्द्रको रुपमा विकास गर्न निम्न रणनीति अवलम्वन गर्ने ।

१. तानसेनमा रहेको त्रिभुवन बहुमुखी क्याम्पसमा उच्च गुणस्तरको व्यवस्थापन र अर्थशास्त्र विषयको अध्ययन गराउन आवश्यक पहल एवं सहयोग गर्ने ।

२. निजी क्षेत्रको समेत पहलमा कम्प्युटर, ईलेक्ट्रोनिक्स आदि जस्ता प्राविधियुक्त अध्ययन गराउने संस्थाको स्थापना गर्न आवश्यक सहयोग गर्ने ।

३. प्लम्बिङ, ईलेक्ट्रेशियन, कार्पेन्ट्री, फर्निचर बनाउने मेकानिक आदि विभिन्न विषयको तालिम केन्द्रको स्थापना र कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।

४. पर्यटकीय क्षेत्रको संभावना समेतलाई दृष्टिगत गरी यसलाई आवश्यक पर्ने होटल म्यानेजमेन्टका विभिन्न विषयहरुमा प्रविणता र स्नातक तह (**plus two, diploma)** को पढाइ एवं तालिम केन्द्रको स्थापना र सञ्चालनमा सहयोग गर्ने ।

५. स्वास्थ्य क्षेत्रको विकास एवं गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने केन्द्रको स्थापना एवं कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।

६. सीपयुक्त युवा जनशक्तिलाई रोजगारीसँग आवद्ध गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने ।

७. विद्यालयस्तरको शिक्षाको गुणस्तर अभिबृद्धि गर्न गुणस्तरीय विद्यालय शिक्षा सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

८. विगतमा धवल पुस्तकालयले शिक्षा क्षेत्रको विकासमा पुऱ्याएको सहयोगलाई दृष्टिगत गरी उक्त पुस्तकालयलाई व्यवस्थित गर्न जनसहभागिता परिचालन गर्ने ।

## घ) भौतिक पूर्वाधार निर्माण र विस्तार

आर्थिक विकासको मेरुदण्डको रुपमा सडक सञ्जालको भूमिका महत्वपूर्ण हुन्छ । यद्यपि यस नगरमा सडक सञ्जालको बिस्तार भएको छ, तर केही रणनीतिक सडकहरु सञ्चालन र स्तरोन्नति गर्न जरुरी देखिन्छ । सडक सञ्जालको बिस्तारले यस क्षेत्रलाई आर्थिक क्षेत्रमा फड्को मार्ने अवसर प्रदान गर्दछ । यी क्षेत्रमा सवारी आगमनले गर्दा आर्थिक गतिविधि चलायमान हुन्छ । तानसेन नगरपालिका क्षेत्र आन्तरिक र वाह्य रुपमा प्रदेशका अन्य जिल्ला, नगरपालिकासँग समेत सडकबाट जोडिएको सन्दर्भमा यस्मा गुणस्तरीयता अभिबृद्धि गर्न निम्न आयोजना कार्यान्वयन गर्ने ।

१. तानसेन नगर रिङरोड विस्तार योजना कार्यान्वयन गर्ने ।
२. तानसेन-कालीगण्डकी करिडोर जोड्ने सडक विस्तार गर्ने ।
३. तानसेन-रानीमहल सडक पिच गर्ने कार्य सम्पन्न गर्ने ।
४. तानसेन-तम्घास सडकबाट हृषिकेश जाने हालको चालू सडक विस्तार गर्ने ।
५. तानसेनमा व्यवस्थित बस पार्क निर्माा कार्यको थालनी गर्न आवश्यक कार्य प्रारम्भ गर्ने ।
६. तानसेन Landfill Site सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने ।
७. तानसेन नगरबाट वडाहरुमा जाने मोटरबाटो आवश्यकता अनुसार मरम्मत एवं विस्तार गर्ने कार्यमा निरन्तरता दिने ।

## ङ) युवा जनशक्ति सक्रियता अभिवृद्धि कार्यक्रम

तानसेनका युवावर्गमै नगरको भविष्य रहेको छ । दक्ष, जोशिला, स्वस्थ युवा नगरको सम्पति हो । उनीहरुलाई  दुर्व्यसन र खराब कार्यबाट टाढा राख्न स्वास्थ्य र सिर्जनात्मक क्रियाकलापमा लगाउन जरुरी छ । नगर क्षेत्रको अधिकांश जनसंख्या आर्थिक दृष्टिकोणले सक्रिय उमेर समूहको रहेकाले यस नगरपालिका क्षेत्रलाई सफा, सुन्दर एवं व्यवस्थित बनाउन र जागरुक (Vibrant) नगरपालिकाको रुपमा प्रर्वद्धन गर्न माथि उल्लेख गरिएका बाहेक निम्न कार्यक्रमहरु उद्योग वाणिज्य संघ, पाल्पा व्यापार संघ लगायत अन्य संघ संस्थाहरु एवं निजी क्षेत्रको सहभागितामा सञ्चालन गर्न आवश्यक रहेको छ । यी कार्यक्रमहरुबाट युवा जमातमा उत्साह र उमङ्ग ल्याउने विश्वास गरिएकोछ ।

१) सीपमूलक तालिमको व्यवस्थाद्वारा सीपयुक्त युवा जमातको संख्यामा अभिवृद्धि, उद्यमशीलता तालिम एवं सहयोगद्वारा उत्पादनमूलक रोजगारको अवसर वृद्धि एवं उत्पादन । यसको लागि विभिन्न तालिम एवं रोजगार कार्यक्रमलाई संयोजन गरी लागु गर्ने ।

२) विभिन्न प्रकारका खेलकुद कार्यक्रमहरुद्वारा स्वस्थ एवं सक्रिय युवा जनशक्तिको विकास गर्न विभिन्न खेलकुदको आयोजना र प्रोत्साहन कार्यक्रम लागु गर्ने ।

३) युवा जनशक्तिमा संगीत, कला र संस्कृति प्रवर्द्धन एवं यसको जगेर्ना र विकास तर्फ उन्मुख गराउन आवश्यक कार्यक्रम लागु गर्ने ।

४) Down Hill Cycling का लागि तानसेन अति उपयुक्त नगरक्षेत्र मानिएको सन्दर्भमा वार्षिक रुपमा Downhill Cycling Race का साथै तानसेन रानीमहल Cycling Race कार्यक्रम सञ्चालन गर्ने ।

५) तानसेनमा विगत वर्षहरुदेखि चल्दै आएको तर हाल विभिन्न कारणले बन्द भएको मणिमुकुन्द सेन गोल्डकप फुटबल कार्यक्रम पुनः सञ्चालन गर्ने ।

६) क्रिकेट खेल प्रतीको बढ्दो लोकप्रियता एवं तानसेनमा यसको सम्भाब्यता समेतलाई दृष्टिगत गरी वार्षिक इभेन्टको रुपमा मेयर कप क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने ।

७) पहाडी क्षेत्रमा भलिबल प्रतीको बढ्दो लोकप्रियतालाई दृष्टिगत गरी वार्षिक इभेन्टको रुपमा विभिन्न तहको भलिबल प्रतियोगिता सञ्चालन गर्ने ।

८) यस बाहेक वार्षिक इभेन्टको रुपमा दोहोरी गीत र नाच प्रतियोगिता, नौमति बाजा र भजन प्रतियोगिता, म्याराथुन दौड, चित्रकला र फोटोग्राफी प्रतियोगिता, सडक खाना कार्यक्रम, कृषि तथा औद्योगिक उत्पादन मेला, ब्यापार मेला, सँगीत सप्ताह, योग शिविर आदि जस्ता कार्यक्रमहरु पनि वार्षिक इभेन्टको रुपमा सञ्चालन गर्ने । यस्ता प्रकारका कार्यक्रमको कार्यान्वयनबाट युवाजन शक्तिमा जोश र जागरको प्रार्दूभाव भई नगर क्षेत्रलाई व्यवस्थित, सून्दर र Vibrant शहरको रुपमा विकास गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

## च) नगरपालिकाको क्षमता अभिवृद्धि कार्यक्रम

नगरको गुरुयोजना साथै आबधिक योजनाले नगरले तय गर्ने वाटोको सु-निश्चितता प्रदान गर्ने छ । यसको लागि क्षमता विकासको पनि त्यतिकै जरुरी छ । त्यसैले तल उल्लेख गरिएका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिन्छ :

१) तानसेन नगरपालिकाको आवधिक योजना निमार्ण गर्ने ।

२) आवश्यक तथ्याङ्क संकलन एवं प्रशोधन र डकुमेन्टेशन गर्ने ।

३) नगरपालिकाको राजश्व परिचालन र खर्च व्यवस्थापन तालिम कार्यक्रम सञ्चालन गर्ने ।

# परिच्छेद-५

# आर्थिक विकासको निम्ति रणनीतिक परियोजना तथा कार्यक्रम

## ५.१ रणनीतिक परियोजना

सुन्दर, हरित र व्यवस्थित एवं सफा तानसेन नगर क्षेत्रको लागि तानसेन नगरको मौलिकताको संरक्षण गर्दै धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, विकास तथा प्रवर्द्धन, नयाँ पर्यटकीय क्षेत्रको विकास निर्माण, कृषि तथा घरेलु/साना उद्योग विकास, शिक्षा क्षेत्रको विकास एवं विस्तार र भौतिक पूर्वाधार निर्माण र विस्तार गर्ने उद्देश्यले नगरको समस्त विकास र क्षेत्रगत विकासको निम्ति बिभिन्न सरोकारवालासँग अन्तर्क्रिया गरी बिभिन्न क्षेत्रमा बिभिन्न परियोजना सञ्चालन मार्फत नगरको समग्र विकास गर्ने हेतुले बिभिन्न चरणको समूह केन्द्रित छलफल (FGD) कार्यक्रम आयोजना गरी केही रणनीतिक आयोजना, परियोजना र कार्यक्रमको सूची तयार पारिएको छ।

आयोजनाको सूची तयारिको क्रममा तानसेन नगरपालिकाको प्रमुख, उपप्रमुख लगायत सम्बन्धित पदाधिकारीहरुसँग वृहत छलफल, नगर कार्यपालिका बोर्ड, उद्योग वाणिज्य संघ, नागरिक समाज, बौद्धिक वर्ग, पत्रकारहरुको भेलाबाट प्राप्त सूचनाको आधारमा गरिएको छ । साथै काठमाण्डौं स्थित तानसेन गुठी, पाल्पाली सँगम र पोखरा स्थित पाल्पाली समाजसँग पनि छलफल गरी सूची तयार पारिएको छ।

परियोजना छनौट गर्दा बर्तमान चलन र मापदण्ड प्रयोग गरिएको छ । प्रत्येक परियोजनाहरुलाई यसका रणनीतिक महत्वको आधारमा जस्तैः रोजगारी, सामाजिक न्याय, स्रोत उपलब्धता, आपूर्तिचेन र दिगो आर्थिक व्यवस्थापनको आधारमा मापन गरिएको छ। यसमा थप सम्भाब्य सफलताको सूचक जस्तै : बजार योग्य पर्यटनमुखी पूर्वाधार उपलब्धता, स्वीकार्यता र आर्थिक संभाब्यता समावेश गरी मूल्यांकन गरिएको छ र त्यसबाट प्राप्त कुल योगको आधारमा प्राथमिकीकरण गरिएको छ।

## तालिका ५ : प्राथमिकता प्राप्त रणनीतिक कार्यक्रम र परियोजनाहरु

| सि. सं. | प्राथमिक परियोजना | फाइदाजनक | | | | | संभाव्य सफलता | | | | | कुल | श्रेणी | रणनीतिक परियोजनाहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रोजगार | समावेशिता | स्रोत | आपूर्ति चेन | दिगो व्यवस्थापन | बजार | पर्यटनमुखी | पूर्वाधार | स्वीकार्यता | आर्थिक संभाव्यता | कुल | श्रेणी | |
| १ | हृषिकेश एकीकृत विकास | ५ | ४ | ५ | ३ | ४ | ५ | ४ | ३ | ४ | ५ | ४२ | IV | पर्यटन |
| २ | रानीमहल क्षेत्र विकास | ५ | ४ | ४ | ५ | ५ | ५ | ४ | ३ | ४ | ५ | ४४ | III | पर्यटन |
| ३ | श्रीनगर क्षेत्रको विकास (Big Buddha) | ५ | ४ | ४ | ४ | ५ | ५ | ५ | ४ | ५ | ५ | ४६ | I | पर्यटन |
| ४ | गुफाचौर गणेश धाम | ५ | ४ | ४ | ४ | ४ | ५ | ४ | ४ | ५ | ५ | ४५ | II | पर्यटन |
| ५ | अमर नारायण, भगवती मन्दिर, पाल्पा दरबार | ३ | ४ | ४ | ४ | ४ | ४ | ५ | ४ | ४ | ५ | ४१ | V | पर्यटन |
| ६ | ढुङ्गा छाप्ने | ५ | ४ | ४ | ४ | ४ | ५ | ५ | ४ | ५ | ५ | ४४ | III | पर्यटन |
| ७ | ढाका करुवा | ३ | ४ | ४ | ४ | ४ | ३ | ५ | ४ | ४ | ५ | ३९ | VI | घरेलु उद्योग |
| ८ | प्रभास क्षेत्रको एकीकृत विकास (सर्वेक्षण) | ३ | ३ | ३ | ३ | ३ | ४ | ४ | ३ | ४ | ५ | ३५ | VII | पर्यटन |
| ९ | ल्याण्डफिल्ड र फोहर मैला व्यवस्थापन | ५ | ४ | ५ | ५ | ४ | ४ | ५ | ४ | ४ | ५ | ४५ | II | भौतिक पूर्वाधार |
| १० | कालिगण्डकी कोरिडोर लिंकरोड | ५ | ४ | ५ | ५ | ४ | ४ | ५ | ४ | ५ | ५ | ४५ | II | भौतिक पूर्वाधार |
| ११ | माण्डब्य सरोबर (सर्वेक्षण) | ३ | ३ | ३ | ३ | ४ | ४ | ३ | ३ | ४ | ४ | ३४ | VIII | पर्यटन |
| १२ | रिङरोड स्तरोन्नति | ४ | ४ | ५ | ५ | ४ | ४ | ५ | ४ | ४ | ५ | ४४ | III | भौतिक पूर्वाधार |
| १३ | सेटेलाइट नगर(सर्वेक्षण) | ३ | ४ | ४ | ४ | ३ | ४ | ३ | ४ | ४ | ४ | ३७ | VII | शिक्षा |
| १४ | कोकलदेवी विकास (सर्वेक्षण) | ३ | ३ | ३ | ३ | ४ | ३ | ३ | ४ | ४ | ४ | ३४ | VIII | पर्यटन |
| १५ | बनदेवी बसपार्क | ५ | ४ | ५ | ५ | ४ | ५ | ४ | ४ | ४ | ५ | ४५ | II | भौतिक पूर्वाधार |

## ५.२ कार्यक्रम र परियोजनाको औचित्य र कार्य बिबरण

### तलिका ६ : कार्यक्रम र परियोजनाको औचित्य, र कार्य बिबरण

| परियोजना | औचित्य, बिबरण र कार्य |
|---|---|
| **१. हृषिकेश क्षेत्र एकीकृत विकास** | हृषिकेश क्षेत्र विकास : तानसेनबाट २५ कि.मि. पश्चिममा अवस्थित हृषिकेश क्षेत्र प्रमुख धार्मिक आकर्षक केन्द्रको रुपमा रहेको छ । यो मन्दिर सारा हिन्दूहरुको पावन क्षेत्रको रुपमा मानिन्छ । यसै स्थलमा कालीगण्डकी नदी र रिडी नदीको सँगम पनि हुन्छ । रुरु क्षेत्रको विकासले आध्यात्मिक धार्मिक पर्यटनलाई आर्कषित गर्ने सम्भावना रहेको छ । तानसेनमा पर्यटकको घुइचो लगाउन उपयुक्त रणनीति हुन सक्दछ । यस क्षेत्रमा मन्दिरको संरक्षण, सम्वर्द्धन, पूजा, सेवा र पार्किङ्गको व्यवस्थापनमा सुधार गर्न जरुरी छ ।<br>**कार्य : मन्दिरको संरक्षण, सम्वर्द्धन, पूजा, सेवा र पार्किङ्गको व्यवस्था** |
| **२. रानीमहल विकास** | रानीमहलले तानसेन आकर्षणको मुख्य केन्द्र बिन्दुको स्थान ओगटेको छ । यो १०० वर्ष अगाडि बनेको तर महत्व नदीई छाडिएको महल थियो । यसको निर्माण १८९३ मा भएको थियो । यो कालीगण्डकीको किनारमा अवस्थित छ । यहाँसम्म पुग्न केही पक्की र कच्ची सडक उपलब्ध छ । यो महलसँग प्रेमको शक्तिशाली गाथा जोडिएको छ । यो दरबारको निर्माण जनरल खड्ग समशेरले आफ्नो प्रिय पत्नी तेजकुमारीको सम्फनामा गरेका थिए । तानसेन नगरपालिकाले यहाँ भ्रमण गर्न आउने पर्यटकबाट खासै फाइदा लिन सकेको छैन । यहाँ भ्रमण गर्न आउने पर्यटकलाई तानसेन बजारमा समेत समेट्न आवश्यक व्यवस्था मिलाउन जरुरी देखिएको छ । तसर्थ यो क्षेत्रमा भ्रमण गर्न आउनेहरुलाई तानसेनमा वास बसाल्नका लागि सँग्राहलय, रिसोर्ट र साहसिक पर्यटनका कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ ।<br><br>**कार्य : तयार गरिएको गुरुयोजनालाई निजी क्षेत्रको समेत सहभागितामा कार्यान्वयन गर्ने** |
| **३. श्रीनगर** | श्रीनगर क्षेत्र विकास गुरुयोजनमा रहेको Big Buddha मूर्ति स्थापनाको कार्यले गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट आउने बौद्ध धर्मावलम्बीलाई आकर्षित |

| | |
|---|---|
| | गर्ने सम्भावना छ । यसबाट तानसेनमा पर्यटकको बसाइ लम्ब्याउन सकिन्छ । यहाँबाट लामो हिमश्रृंखलाको दृश्य पनि अवलोकन गर्न सकिन्छ । हाल यहाँ पिकनिक आउनेहरुको घुइचो नै लाग्ने गर्दछ । यस क्षेत्रमा १३५ हेक्टर जंगल पनि छ । श्रीनगरको माथिल्लो भागमा भ्यू टावरको निर्माण गरिएको छ । तर यस क्षेत्रको व्यवस्थापनमा सुधार गर्नु पर्ने जरुरी देखिन्छ । यहाँ फनपार्क, Big Buddha परियोजना र श्रीनगर सौन्दर्यकरणको निम्ति निजी क्षेत्रलाई आमन्त्रण गरी सार्वजनिक निजी साझेदारी मोडेलमा परियोजना सञ्चालन गर्ने सम्भावना पनि देखिन्छ ।<br><br>**कार्य : बुद्धको ठूलो मूर्तिको स्थापना गर्ने** |
| **४.गुफाचौर गणेश धाम** | यस परियोजनामा छिट्टै गुरुयोजना तयार पारी कार्यान्वयनमा ल्याउन आवश्यक छ । यस क्षेत्रमा ३५०० रोपनी अर्थात १७६ हेक्टर खुला जमिन रहेको छ । यहाँ नमूना बोटानिकल गार्डेनको सम्भावना पनि उच्च रहेको छ । गणेशधामको स्थापना गरी धार्मिक स्थलको रुपमा पनि विकास गर्न सकिने सम्भावना रहेको छ । यो परियोजनाबाट आनन्द लिन र पर्यटकलाई आकर्षित गर्न सकिनेछ ।<br><br>**कार्य : तत्काल पहुँच मार्गको निर्माण, लालीगुराँसको विरुवा रोपण** |
| **५. अमरनारायण फूलबारी लगायतका क्षेत्रहरु** | अमरनारायण फूलबारी, पोखरी, ढुङ्गेधारा, भगवती मन्दिर परिसर, तानसेन दरबार परिसरको विकास र संरक्षण गर्नु आवश्यक छ । यी क्षेत्रले तानसेनको सांस्कृतिक धरोहरलाई कायम गरिरहेको छ । यिनीहरुको सम्बर्द्धनले तानसेनको सुन्दरतालाई बढाउने निश्चित छ । यसबाट पर्यटकहरु मोहित हुने सम्भावना पनि छ । टक्सार क्षेत्रले आफ्नो छुट्टै पहिचान बोकेको छ । यहाँ नेवारी संस्कृतिको जर्गेना गर्ने प्रशस्त अवसरहरु छन् । यहाँको ढलोटको उद्योग लोपोन्मुख अवस्थामा पुगेको छ । यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।<br><br>**कार्य : अमरनारायण फूलवारीलाई व्यवस्थित गरी सुन्दर बगैंचा विकास गर्ने । भगवती मन्दिर परिसरमा फूलवारी विकास गर्ने ।** |

| | |
|---|---|
| | **टक्सार क्षेत्रमा नेवारी खानाको परिकारको केन्द्र र कलात्मक ढलोट उद्योग र शो रुमहरु निर्माण गर्ने** |
| **६. तानसेन बजारको मुख्य भाग** | तानसेन बजारको मुख्य भागमा पूरानो बस्ती झल्कने गरी सडकमा ढुङ्गा छाप्ने कार्य गर्नु आवश्यक छ । पहिले यहाँका सबै बाटाहरुमा ढुङ्गा नै छापिएको थियो तर पछि यसलाई कँक्रिट र कालो पत्रे गरिएको हो जो सर्वत्र आलोचित पनि हुँदै आएको पाइन्छ । सम्पदा क्षेत्रमा यसले तानसेनको मौलिक पहिचान र सांस्कृतिक महत्वलाई ह्रास गर्दै आएको छ । यस क्षेत्रलाई पूरानो पहिचान दिई यहाँ सवारी साधनलाई निषेध गर्न पनि जरुरी छ ।<br>**कार्य : पूरानो बस्तीका सडकहरुमा ढुङ्गा छाप्ने** |
| **७. पाल्पाली ढाका र करुवा** | पाल्पाली ढाका र करुवा देशभरि नै लोकप्रिय रहेको छ । यसले पाल्पाको नाम पनि प्रचार गरेको छ । पाल्पा भन्ने वित्तिकै जन जिब्रोमा ढाका शब्द आइहाल्छ , यस उद्योगले अत्यधिक रोजगार सिर्जना गरेको छ । तानसेन आउने प्राय सबैजसो पर्यटकले चिनोको रुपमा ढाका वस्तु  खरिद गर्दछन । तर हाल आएर व्राण्डीङ र अरु जिल्लाको प्रतिस्प्रधाले गर्दा यस उद्योगमा समस्या देखा परेको छ । अर्को तानसेनको करुवा उद्योग पनि निकै लोकप्रिय छ । यो उद्योगमा पनि बाहिरी जिल्लाको वस्तुसँग प्रतिस्प्रधा गर्नु परेको छ । साथै यस उद्योग तर्फ चाहिने दक्ष कामदारको अत्यन्त अभाव रहेको देखिन्छ ।<br>**कार्य : नगरपालिकाले ढाका उद्योगलाई टेवा दिन व्राण्डीङ्ग, Certificate of Origin, शो रुम लगायतमा सहयोग गर्ने ।**<br>**करुवा शोरुम र कामदार तालिमको व्यवस्था** |
| **८. प्रभास क्षेत्रको एकीकृत विकास** | ता.न.पा. ७ प्रभास क्षेत्रमा रहेको कमल पोखरी, सूर्य कुण्ड, शिव मन्दिर र वंसगोपाल मन्दिर धार्मिक तथा पर्यावरणीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र हो । यस क्षेत्रमा पछिल्लो समयमा बस्ती विकास तथा व्यापारिक गतिविधि बढी रहेको हुनाले पर्यटनको सम्भावना बढ्दो छ । कमल पोखरीको अतिक्रमण बढी रहेकोले यसको संरक्षण गरी नौका बिहार र जल पर्यटनको विकास गर्न सकिन्छ ।<br>**कार्य : सम्भाव्यता अध्ययन तथा कार्यान्वयन** |

| | |
|---|---|
| ९. ल्याण्ड फिल्ड र फोहर मैला व्यवस्थापन | नगर क्षेत्र भित्र सफा सुग्घर राख्नु जरुरी छ । यसवाट स्थानीयको स्वास्थ्य लगायत नगरको छवि उच्च हुने निश्चित छ । यसको निम्ति नगरपालिकाको फोहरमैला व्यवस्थापन गर्न "Landfill Site" परियोजना सञ्चालन गर्नु जरुरी रहेको छ ।<br>**कार्य : "Landfill Site" निर्माण** |
| १०. कालिगण्डकी कोरिडोर लिंक रोड | तानसेन राष्ट्रिय प्राथमिकतामा परेको कालीगण्डकी करिडोर आयोजनासँग जोडिएको छ यसले विभिन्न अवसरको ढोका खोल्ने निश्चित छ । खासगरी उत्तरी भेगमा पाइने गैह्र वनजन्य वस्तुको खेतीपाती र उक्त वस्तुको बजारमा पहुँचलाई ठूलो टेवा दिनेछ । कालीगण्डकी कोरिडोरमा लिङ्क रोड निर्माण तत्काल गर्न जरुरी छ ।<br>**कार्य : लिङ्क रोड निर्माण** |
| ११. माण्डब्य सरोबर | माण्डब्य सरोवर तानसेन नगरको दक्षिण पूर्व स्थित माण्डब्य क्षेत्रमा सानो प्रयासले पनि सरोबर बनाउन सक्ने प्रवल छ, यस क्षेत्रमा स्थानीयसँग समन्वय गरी सरोबर निर्माण गरी जलक्रिडा स्थलको निर्माण गर्न सकिन्छ । यस परियोजनामा निजी क्षेत्रलाई पनि आमन्त्रण गर्न सकिने अवस्था छ ।<br>**कार्य : सम्भाव्यता अध्ययन** |
| १२. रिङरोड स्तरोन्नति | तानसेनमा रहेको तानसेन रिङरोड सडक जीर्ण र प्रयोगहीन छ । यो क्षेत्रमा व्यवस्थित वसोवास र पर्यटकलाई तानसेन नगरको परिक्रमा गराउन सकिने संभावना विद्यमान छ ।<br>**कार्य :यसको निर्माण, मर्मत र स्तरोन्नति** |
| १३. सेटेलाइट नगर | आधुनिक युगमा सेटेलाईट नगरको महत्व निकै वढि छ । प्रदेश सरकारको योजना पनि प्रदेश भित्र ३-४ वटा यस्ता नगरको विकास गर्ने लक्ष्य रहेको बुझिन्छ । तानसेन नगरपालिका यसको लागि उत्तम ठाउँ हुन सक्दछ । नगरपालिकाले यो योजना भित्राउन जरुरी छ र यसबाट तानसेनको हैसियत वढ्ने निश्चित छ ।<br>**कार्य : सम्भाव्यता अध्ययन** |
| १४. कोकलदेवी विकास | यो क्षेत्र ता.न.पा. वडा नं. ८ स्थित उच्च स्थानमा रहेको छ । यहाँबाट तानसेन बजारको मनोरम दृश्य हेर्न सकिन्छ । यस क्षेत्रलाई हरियाली क्षेत्रको रुपमा विकास, स्थानीय धार्मिक पर्यटन तथा पदमार्ग, फूलबारी र होम स्टेको विकास गर्न सकिने प्रशस्त सम्भावना छ ।<br>**कार्य : सम्भाव्यता अध्ययन** |

| | |
|---|---|
| १५. बनदेवी बसपार्क | सडक यातायात सुचारु र व्यवस्थित गर्न सवारी साधनहरुको पार्किङ्गको व्यवस्था गर्न जरुरी हुन्छ । तानसेन नगरमा बिभिन्न क्षेत्रबाट आउने सवारी साधनको रात्री विश्रामको लागि हालको क्षमताले नभ्याई रहेको अवस्था छ । यस सम्वन्धी पर्यटन व्यवसायीहरुको गुनासो रहेको छ। यसलाई व्यवस्थापन गर्न वनदेवी क्षेत्रमा व्यवस्थित पर्यावरण मैत्री वसपार्कको निर्माण र सञ्चालन गर्न जरुरी देखिएको छ।<br>**कार्य : वनदेवी पर्यावरण मैत्री वसपार्कको निर्माण** |

## ५.३ आर्थिक विकास र परिवर्तनका पात्रहरु

### (क) नगरपालिका

संविधानले नगरको विकासको निम्ति सम्बन्धित नगरलाई बिभिन्न अधिकार प्रदान गरेको छ भने नगरलाई प्राप्त हुने वाह्य तथा आन्तरिक श्रोत साधनलाई समेत परिचालन गर्न सक्ने व्यवस्था गरिएको छ । यस सन्दर्भमा नगरपालिकाको कर्तव्य पनि नगर र नगरवासीको आर्थिक हैसियत बढाउनें उत्तरदायी भूमिका अपरिहार्य रहेको हुन्छ ।

- नगरपालिका स्थानीय सरकार हो यसले नगरको समग्र विकास, विकास रणनीति निर्माणमा कार्यान्वयनकर्ता र समन्वयकारी भूमिका खेल्नु पर्दछ । यसको भूमिका यत्तिमा मात्र सीमित नरही नगरका सम्पूर्ण विकास गतिविधि वीच समन्वय गरी यसले परिकल्पना गरेको लक्ष्य प्राप्ती तर्फ उन्मुख गराउनु पर्दछ । यस कार्यको निम्ति केही कार्यक्रम र परियोजनामा .लगानी गर्नुपर्ने हुन्छ ।
- विकास परियोजनाहरुमा हातेमालो, आर्थिक सहयोग र निश्चित समयको लागि भूमिको प्रयोग समेत गर्न दिनुपर्ने हुन्छ । नगरपालिका नगरको विकासको मुख्य पात्र हुनाले नगरक्षेत्र भित्र सञ्चालन हुने विकास सम्वन्धी गतिविधिहरुमा पहुँच रहनु पर्दछ । विकासको निम्ति परियोजना छनौट र कार्यान्वयनमा यसको प्रत्यक्ष भूमिका रहेको हुन्छ । कार्यक्रम परियोजनालाई सुचारु गर्न आवश्यक विभिन्न नियम कानूनको तर्जुमा समेत गर्नुपर्दछ । नगर क्षेत्रमा सञ्चालन गरिने ठूला र महत्वपूर्ण परियोजनाहरुलाई सार्वजनिक निजी साझेदारी (PPP Model) मोडलमा सञ्चालन गर्न प्रोत्साहन गर्नु पर्दछ ।
- लगानी सम्मेलन आयोजना गर्न आवश्यक तयारी गरी तानसेन बाहिर बस्ने तानसेन बासी र अन्य उद्योगी व्यापारीहरुलाई आमन्त्रण गरी नगरपालिकाले पहिचान गरेको

परियोजना र अन्य सम्भाव्य परियोजनाको कार्यावन्यनको लागि आवश्यक लगानी जुटाउने  वातावरण निर्माण गर्नु पर्दछ ।

**(ख) निजी क्षेत्र**

नगरको आर्थिक विकासमा अर्को प्रमुख पात्र निजी क्षेत्र रहेको हुन्छ । यो क्षेत्रले नै उद्योग सञ्चालन तथा व्यवस्थापन, व्यापार व्यवसाय, पर्यटन लगायतका कार्यहरुलाई चलायमान गरिरहेको हुन्छ । सवल र दक्ष निजी क्षेत्रले नगरबासीको जीवनस्तर उठाउन सक्दछ । नगरमा अवस्थित व्यापारिक र औद्योगिक संघ संस्थालाई सशक्त बनाउन टेवा पुग्ने गरी तानसेन नगरपालिकाले दिगो आर्थिक विकासको लागि निजी क्षेत्रलाई अवसर दिनु नगर र व्यवसायी दुबैको हितमा हुन्छ ।

- निजी क्षेत्रले नगरपालिकासँग सहकार्य गरी निजी विभिन्न परियोजनामा सहभागिता, सञ्चालन र परिचालनको जिम्मेवारी लिन सक्दछन् । खासगरी पर्यटन सम्वन्धी परियोजनामा निजी क्षेत्रले उत्साहजनक र दिगो रुपमा योगदान गर्न सक्दछ ।
- तानसेनमा कृषि क्षेत्र, वन क्षेत्र र शिक्षा तथा स्वास्थ्य क्षेत्रमा पनि निजी क्षेत्रले प्रत्यक्ष लगानी गरी नगर विकासमा सहभागी हुन सक्दछ ।
- तानसेनमा ढाका, करु, कुटीर उद्योगको प्रचुर संभावना रहेको छ । यसको व्यवस्थापन एवं दिगोपनको लागि नगरपालिकाको सहयोगमा उद्योग वाणिज्य संघ तथा व्यापार संघ लगायतका संस्थाहरुले अग्रसरता लिई निजी क्षेत्रलाई परिचालन गर्न सक्दछन् । नगरपालिकाले यी उद्योगलाई टेवा दिन नगर क्षेत्र भित्र उत्पादन भएका वस्तुहरु अनिवार्य रुपले प्रयोग गर्नुपर्ने व्यवस्था गर्न सक्दछ । साथै स्कूल कलेजहरुमा स्थानीय उत्पादनको प्रयोगमा प्रोत्साहन गर्न सक्दछ ।
- व्यवसायीक तालिम, होटल सम्वन्धी तालिम, उद्यमशीलता विकास तालिम लगायतका तालिम कार्यक्रमहरु निजी क्षेत्रवाट संयोजन गरी स्वरोजगारी सिर्जना गर्न सक्दछ ।

**(ग) सहकारिता क्षेत्र**

सहकारिता आजको युगमा सामुहिक र दिगो आर्थिक विकासको प्रमुख क्षेत्रको रुपमा देखिएको छ । यस्ता सस्थाले आर्थिक विकासमा महत्वपूर्ण योगदान दिई नगर र नगरवासीको सम्बृद्धिमा योगदान पुऱ्याउछन । यसले कृषि तर्फ उत्पादनका कार्यहरु,

सामुदायिक खेती, वस्तु बितरण, बजार विकास, वनजन्य बस्तुको उत्पादन र बितरण लगायत विभिन्न वित्तीय कार्यहरुमा सहयोग गर्न सक्दछन् ।

- तानसेन नगरमा सक्रिय एवं शसक्त सहकारी संस्थाहरुको उपस्थिति रहेको छ । यसले आर्थिक गतिविधि वृद्धि गर्न केही हदसम्म सहयोग गरेको छ । यसले आधारभूत आवश्यकता र ससाना  व्यवसायीक लगानी जुटाइरहेको छ ।
- हाल सहकारी संस्थाहरुले मझौला र ठूला व्यवसायीक परियोजनाहरु सञ्चालन गर्ने सम्भावना प्रशस्त मात्रामा रहेको देखिन्छ । खास गरी कृषि र गैह्र कृषि क्षेत्रमा आवश्यक पर्ने लगानी जुटाउन  सहकारी क्षेत्रको शसक्त भूमिका रहन सक्दछ । कृषि क्षेत्र तर्फ सामुदायिक खेती, हाटबजार सञ्चालन, उत्पादनको संकलन तथा बजार व्यवस्था, शीतभण्डार, वीउवीजन उत्पादन, कृषि प्रशोधन व्यवसाय, गैह्र बन वस्तुको संकलन र बजारीकरण (टिम्मुर, लप्सी, सुन्तला र अन्य जडीवुटी आदि) मा सहयोग पुऱ्याउन सक्दछ ।
- पर्यटन क्षेत्रतर्फ दिगो कृषि फार्मको सञ्चालन, होमस्टेको सञ्चालन, सांस्कृतिक क्षेत्र/पकेट एरिया विकास र सञ्चालन साथै वचत तथा ऋण कार्यक्रम सञ्चालन गर्न सक्दछन् ।

### (घ) बाहिर बस्ने तानसेनबासीहरु

पुराना तानसेनबासी काठमाण्डौ, पोखरा, बुटवल, सिद्धार्थ नगर र देशको अन्य भागमा सफलता पुर्वक बिभिन्न पेशा व्यवसायमा सम्लग्न छन् । उनीहरुको भावना तानसेन नगरसँग जोडिएको हुन्छ । उनीहरुले आफ्नो क्षेत्रमा तानसेनसँग सम्बन्धित संघ संस्थाको स्थापना गरेको पनि पाइन्छ । तानसेनवासी यी संस्थाका सदस्य रहेका छन् । यस्ता संघ संस्थालाई प्रत्यक्ष वा परोक्षरुपमा नगर विकासमा सहभागी बनाउने प्रशस्त सभाबना छ । यिनीहरुलाई नगरपालिकाको अगुवाइमा बिभिन्न संयन्त्र खडा गरी नवीन सोच, प्रविधि हस्तान्तरण र लगानी समेत भित्राउनको लागि विचार पुऱ्याउन जरुरी छ ।

## ५.४ संस्थागत क्षमता

### क) भौतिक पूर्वाधार

तानसेन नगरपालिकाको सेवा आफ्नै भवनबाट सञ्चालन भइरहेको छ । नगरपालिका भवनसँगै जोडिएको एक सभाहल (City Hall) रहेको छ । थप भवन निर्माण कार्य निर्माणाधीन अवस्थामा छ । ११ वडा कार्यालयहरु अलग अलग रुपमा आफ्नै भवनबाट कार्य सञ्चालन गरिरहेका छन् ।

### ख) कर्मचारी

नगरपालिका तर्फ ३२ र वडा तर्फ २८ गरी जम्मा ६० जनाको दरवन्दी उपलब्ध छ । हाल निम्नानुसारका कर्मचारी कार्यरत रहेका छन । यस तथ्याङ्क अनुसार हाल स्वीकृत दरवन्दी भन्दा पदपूर्ति संख्या निकै बढी देखिन्छ ।

**तालिका ७ : नगरपालिकाका कर्मचारी**

| अधिकृत | | सहायक | | सहयोगी | | कुल |
|---|---|---|---|---|---|---|
| स्थायी | करार | स्थायी | करार | स्थायी | करार | |
| १० | १ | २१ | १४ | २३ | १७ | **८६** |

## ५.५ अनुगमन र सुपरिवेक्षण

योजना र रणनीतिक योजना तयार पार्न आकंडाहरुको जरुरत पर्दछ । सही तथ्यांङ्कले नीतिलाई सफल कार्यान्वयन तिर डोऱ्याउदछ । कार्यान्वयन तहको सूचना अद्यावधिक गर्नु पर्दछ । नगरपालिकाले डाटावेश तयार गर्नुका साथै डाटा परिमार्जन पनि गरिरहनु आवश्यक छ । नगरको GDP लाई वढि यथार्थपरक वनाउन पनि समय समयमा सूचना एवं तथ्यांङ्क परिमार्जन गर्नुपर्दछ । कार्यक्रम तथा परियोजना कार्यान्वयनको वस्तुस्थिति थाहा पाउन पनि सूचना, तथ्यांङ्क र प्रगति विवरण आवश्यक पर्दछ । सो कार्य गर्न दक्ष जनशक्तिको आवश्यकता पर्दछ । यसको निम्ति नगरपालिका भित्र एक सक्षम निकाय खडा गरी उक्त कार्य गर्न सकिन्छ ।

योजना कार्यान्वयनको सुनिश्चितताको निम्ति नगर उप प्रमुखको अध्यक्षतामा केही वडा अध्यक्षहरु र विज्ञ समावेश गरी योजना कार्यान्वयन र अनुगमन समिति बनाउने र योजना अधिकृतलाई सदस्य सचिव बनाउने । यसले योजना कार्यान्वयन सुपरिवेक्षण गर्ने र नगर प्रमुखलाई जानकारी दिने र आवश्यक कारवाही गर्ने ।

## ५.६ आगामी कदमहरु

- तानसेनलाई सुन्दर धार्मिक **"आस्था क्षेत्र"** (हिन्दू र वौद्ध धर्मावलम्वीहरुको निम्ति) को रुपमा विकसित गर्ने, Big Buddha, हृषिकेश/रिडी क्षेत्रको निर्माण सुधार र विकास गर्ने ।
- तानसेनलाई **"विवाह गन्तव्य"** को रुपमा विकसित गर्ने र रानीमहलको गुरुयोजना वमोजिम यस गन्तव्यलाई सम्वर्द्धन, प्रवर्द्धन र विकास गर्ने ।
- तानसेनको अवस्थिति हरित विशेषता अनुरुप यसलाई **"हरित नगरी"** को रुपमा विकास गर्ने र पर्यावरणीय पर्यटन क्षेत्र, पर्यावरणीय अध्ययन क्षेत्र र जैविक विविधता भएको नगरको रुपमा प्रचार प्रसार गर्ने ।
- कृषिजन्य उत्पादनमा जोड दिने, कफी, च्याउ, फलफूल साथै गैर वनजन्य वस्तुको उत्पादन र प्रशोधन गर्ने ।
- नगरलाई चिसो पानीमा पाइने सहर र ट्राउट माछा केन्द्रको रुपमा विकास गर्ने ।
- ढाका र करुवा उद्योगमा गुणस्तर कायम गरी उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने
- संघीय र प्रदेश सरकारसँग प्रदेशको **"पहाडी केन्द्र" Hill Station** को रुपमा घोषणा गराउन प्रयास गर्ने ।
- बुटवल तानसेन खण्डमा ४ लेनको सडक निर्माणको निम्ति निरन्तर प्रयास गर्ने ।

## ५.७ तत्काल गर्नु पर्ने कार्य सूची

**तालिका ८ : तत्काल गर्नु पर्ने कार्य र वर्तमान अवस्था**

| सि.नं. | कार्य | वर्तमान अवस्था |
|---|---|---|
| १ | घरधुरी पहिचान गर्ने म्याट्रिक्स प्रणाली लागु गर्ने । यसबाट कर व्यवस्थापनलाई सघाउ पुग्न जाने छ। | प्रस्तावित |
| २ | प्रस्तावित कार्यक्रम/आयोजनाहरुको डि.पि.आर. तयार गरी बजेट विनियोजन गर्ने । | प्रस्तावित |

| सि.नं. | कार्य | वर्तमान अवस्था |
|---|---|---|
| ३ | ढाका र करुवा उद्योगको सम्वर्द्धन र प्रवर्द्धन गर्ने । | ढाका र करुवा उद्योगीसँग छलफल गरी **Ad- hoc committee** गठन गरिएको |
| ४ | **Big Buddha** परियोजनाको प्रस्ताव गर्ने । | बजेटमा रु.५ करोड वनियोजन गरिएको |
| ५ | नदीनालाबोट प्राप्त हुन सक्ने आय स्रोत संभाव्यता अध्ययन गर्ने । | संभाव्यता अध्ययन प्रस्तावित |
| ६ | तरकारी, अदुवा र कफीको उत्पादन वृद्धि र प्रवर्द्धन गर्ने । | सहकारी गठन गरी कार्य गर्ने । |
| ७ | आवश्यक ऐन तर्जुमा गर्ने । | ११ ऐन, १९ निर्देशिका र नियमावली तर्जुमा भएको |
| ८ | कृषि पकेट क्षेत्र पहिचान र उत्पादन कार्य थालनी गर्ने । | सहकारी गठन गरी सामुदायिक खेती, हाटबजार सञ्चालन, संकलन, शीतभण्डार, वीउवीजन उत्पादन, कृषि प्रशोधन व्यवसाय, गैह्र बनवस्तुको संकलन र बजारीकरण (टिमुर, लप्सी, सुन्तला र अन्य जडीवुटी इत्यादि) कार्य गर्ने । |
| ९ | प्रत्येक वडामा नागरिक बडापत्र टास्ने | प्रस्तावित |
| १० | प्राविधिक जनशक्ति विकास गर्ने | **EPI** सँग अनुरोध गरिएको |
| ११ | लगानी सम्मेलन आयोजना गर्ने | **EPI** सँग अनुरोध गरिएको |
| १२ | कर प्रणाली चुस्त दुरुस्त बनाउने | **EPI** सँग अनुरोध गरिएको |
| १३ | रानीमहल विकास आयोजना | रु. ४० लाख विनियोजन गरिएको |
| १४ | हृषिकेश-रिडी क्षेत्र विकास परियोजना | रु. ४० लाख विनियोजन गरिएको |
| १५ | मगर होमस्टे र सांस्कृतिक केन्द्र स्थापना गर्ने | निजी क्षेत्रबाट प्रस्तावित |
| १६ | घरेलु औद्योगिक ग्राम निर्माण गर्ने | प्रस्तावित |
| १७ | कालीगण्डकी कोरिडोर जोडने लिंक रोड निर्माण गर्ने | रु. १ करोड विनियोजन गरिएको |

### परिच्छेद-६

# तानसेन नगरपालिकाको मध्यमकालीन खर्च संरचना (२०७६/७७-२०७८/७९)

## ६.१ अवधारणा :

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक महत्वपूर्ण औजार हो । योजना कार्यक्रम र बजेट बीच तादम्यता मिलाइ उपलब्ध श्रोत र साधनका आधारमा योजना कार्यक्रमलाई प्राथमिकीकरण गरी बजेट निर्माण प्रक्रियामा अनुशासन कायम गरी यथार्थपरक बनाउने उद्देश्यले नेपाल सरकारले आर्थिक वर्ष २०५८/०५९ देखि लागु गरेको हो । यो व्यवस्थालाई जिल्लास्तरमा लागु गर्न आर्थिक वर्ष २०६३/०६४ मा १० जिल्लामा आवश्यक तैयारी गरिएको भएता पनि कार्यान्वयनमा आएको देखिदैन ।

मध्यमकालीन खर्च संरचना आवधिक योजना तथा लक्ष्यका आधारमा पहिचान गरिएका कार्यक्रमहरुलाई श्रोत र साधनको उपलब्धताका आधारमा प्राथमिकीकरण गरी कार्यान्वयनका लागि बजेट उपलब्ध गराउनु हो । यो व्यवस्थामा योजना तथा बजेट र श्रोत/साधन वीच तालमेल हुने हुँदा योजना कार्यान्वयन निश्चित हुने हुन्छ । यस अन्तर्गत बन्ने बजेट खास गरी मध्यमकालीन अवधि, प्रायशः तीन वर्षको हुन्छ । यस मध्ये पहिलो वर्षको बजेट अनुमानित र दोश्रो र तेस्रो वर्ष सम्बन्धित कार्यको लागि छुट्टयाउने प्रक्षेपित बजेट हुन्छ ।

## ६.२ स्थानीय स्तरको मध्यमकालीन खर्च संरचनाको आवश्यकता तथा औचित्य

नेपालको संविधान अनुरुप अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था गरेको छ । यो ऐन अनुसार मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना लागु गर्न आवश्यक साधनको अनुमान, रकमको श्रोत र भौतिक लक्ष्यहरुको वस्तुपरक प्रक्षेपण गरिएको हुनुपर्ने प्रावधान छ । (श्रोत : रा.यो.आ.को स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५)

## ६.३ मध्यमकालीन खर्च संरचनाको उद्देश्यहरु

मध्यमकालीन खर्च संरचनाको उद्देश्यहरु निम्न बमोजिम रहेका छन् :

क) सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नको लागि स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र वाह्य श्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने ।

ख) नगरपालिकाको विकास योजनाको प्राथमिकता प्राप्त क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन श्रोतको कुशल विनियोजन गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँड गर्ने ।

ग) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

घ) सम्बन्धित निकाय कार्यालयको बजेट अनुमान वास्तविक वा अनुमान योग्य बनाउने र आर्थिक अनुशासन कायम गर्ने ।

## ६.४ मध्यमकालीन खर्च संरचनाको विशेषता

क) स्थानीय जनताहरुको सहभागितामा आयोजना र कार्यक्रमको पहिचान एवं प्राथमिकीकरण गराइ स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने ।

ख) कार्यक्रम तथा आयोजनाहरु राष्ट्रिय योजना तथा प्रादेशिक योजनाको उद्देश्य एवं दिगो विकासका लक्ष्यहरुसँग आवद्ध गराउने ।

ग) श्रोत र साधनको उपलब्धताको आधारमा कार्यक्रम र आयोजनाहरुको प्राथमिकता निर्धारण गरी तिनीहरुको निम्ति बजेट विनियोजन गरी कार्यान्वयन सजिलो र भरपर्दो बनाउने ।

घ) कार्यक्रम/योजनामा छुट्टयाइने बजेट निश्चित र पारदर्शी बनाइ जनतालाई सुसूचीत हुने वातावरण सिर्जना गर्ने ।

ङ) कार्यक्रम/योजनाको कार्यान्वयन एवं अनुगमन व्यवस्था स्पष्ट गराइ कार्यसम्पादन छिटो छरितो बनाउने ।

च) योजना तर्जुमा प्रक्रिया र बजेट तर्जुमा कार्यमा आर्थिक व्यवस्था तथा वित्तीय अनुशासन कायम गर्ने ।

## ६.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

तानसेन नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा योजना, कार्यक्रम तर्जुमा, मध्यमकालीन खर्च संरचना र कार्यान्वयन अनुगमन कार्य प्रभावकारी रुपमा लागु गर्न निम्न प्रक्रियागत कार्यहरु गरिएको थियो ।

### क) योजना तर्जुमा (Planning)

- नगर स्तरको आर्थिक र सामाजिक स्थितिको अवलोकन
- नगरको विकास चुनौतीहरु पहिचान गर्न SWOT विश्लेषण
- नगरको विकास कार्यका अड्चन (वाधा) को रुपमा देखा परेका विषयहरुको पहिचान र विश्लेषण (Diagnostic study)
- उपरोक्त अध्ययन विश्लेषणको आधारमा मुख्य क्षेत्रहरुको पहिचान

### ख) कार्यक्रम तर्जुमा (Programming)

योजना तर्जुमा चरणमा माग गरिएका विभिन्न दस्तावेजहरुको विश्लेषणबाट नगरको विकासमा महत्वपूर्ण भूमिका खेल्ने क्षेत्रहरुको पहिचान गरी प्राथमिकता निर्धारण गर्ने र ती क्षेत्रहरुको विकासका लागि रणनीति एवं कार्यक्रम तयार गर्ने ।

### ग) बजेट निर्माण (Budgeting)

त्रिवर्षीय ढाँचामा मध्यमकालीन खर्च संरचना तयार गर्नको निम्ति :

- विगत २ वर्षमा श्रोत व्यवस्था एवं खर्च र भौतिक प्रगति सम्बन्धमा हासिल भएका उपलब्धि पुनरावलोकन गर्ने ।
- श्रोत अनुमान प्रक्षेपण गर्ने ।
- नगरस्तरमा सञ्चालनमा आएका कार्यक्रम र आयोजनाहरुको स्थिति एवं सो सम्पादन गर्न आवश्यक श्रोत र साधनको अनुमान गर्ने ।
- इकाई लागत एवं अन्य कार्यक्रमका आधारमा खर्चको अनुमान र प्रक्षेपण गर्ने ।
- उपलब्ध हुन सक्ने श्रोत साधन एवं खर्च वीचको सन्तुलन स्थिति कायम गर्ने ।
- श्रोत र साधन एवं खर्च वीच सन्तुलन कायम गर्न कार्यक्रम एवं योजनाहरुको प्राथमिकताक्रम निर्धारण गरी रकम विनियोजन गर्ने ।

## ६.६ नगरपालिकास्तरीय मध्यमकालीन खर्च संरचनाको आवश्यकता र औचित्य

मध्यमकालीन खर्च संरचना व्यवस्थाले नगरपालिकास्तरमा श्रोत र साधन परिचालन तर्फ जागरुकता ल्याई यसको विनियोजन एवं अनुगमन व्यवस्थापनमा सुधार ल्याउन मद्दत गर्दछ । योजना/कार्यक्रममा खर्च व्यवस्थापन सुधार ल्याउन रकमको सुनिश्चितता गर्दै जवाफदेहितामा अभिबृद्धि ल्याउन सहयोग पुर्‍याउने हुन्छ । खासगरी राजश्वको अपत्यारिलो अनुमान, औचित्य विनाको योजना छनौट प्रक्रियाको अन्त्य गर्दै यस व्यवस्थाले नगरपालिकालाई निम्न कुरा हासिल गर्न सहयोग गर्दछ ।


क) मध्यम एवं दीर्घकालीन योजना र श्रोत साधन बीचको सम्बन्धलाई सुनिश्चित एवं सुदृढ बनाउन सहयोग पुर्‍याउने ।

ख) समष्टिगत आर्थिक स्थिति, विकास रणनीति एवं श्रोत र साधनको उपलब्धताका आधारमा नीतिगत र योजनागत प्राथमिकीकरण गर्न सहयोग पुर्‍याउने ।

ग) नीतिगत प्राथमिकता अनुसार क्षेत्रगत योजनाको मूल्याङ्कन एवं बिनियोजन कार्यमा सहयोग पुर्‍याउने ।

घ) योजना कार्यान्वयन एवं अनुगमन व्यवस्थामा सुधार ल्याउने

चित्र ६: Designing MTEF at the Municipality Level



## ६.७ मध्यमकालीन खर्च संरचना र इकाई लागत अनुमान

इकाई लागतको अनुमान आयोजनाको बजेट विनियोजन र मध्यमकालीन खर्च संरचना तयारिको लागि अन्यन्त महत्वपर्ण हुने हुँदा तानसेन नगरपालिकाबाट प्राप्त तथ्यांङ्को आधारमा केही निर्माण कार्यका इकाई लागत तल प्रस्तुत गरिएकोछ ।

**तालिका : ९ केही इकाई लागत अनुमान**

| क्र.स. | कार्य | इकाई लागत |
|---|---|---|
| १ | ठेक्का (contractor) माध्यमबाट सडक मर्मत सुधार | रु. २३१४ प्रति मि. |
| २ | सडक कालो पत्रे समुदाय मार्फत | रु. ३,८३५ प्रति मि. |
| ३ | सडक कालो पत्रे ठेक्का मार्फत | रु. ६०६७ प्रति मि. |
| ४ | सामुदायिक सिञ्चाइ निर्माण | रु. १३२३० प्रति मि. |
| ५ | भवन निर्माण | रु. ६८८९ प्रति वर्ग फि. |
| ६ | Urban Health Center Building Construction | Rs. 6540 sqft. |

## ६.८ योजना र बजेट निर्माण प्रक्रिया

**माघ** : चालू आ.व.को श्रोत र साधनको संशोधित अनुमान एवं आगामी आ.व.का लागि श्रोत उपलब्धता निर्धारण

**फाल्गुण** : नगरपालिका क्षेत्रको आर्थिक विकास पुनरावलोकन एवं आगामी बर्षको लागि रणनीतिक तयारी (आयोजना/कार्यक्रम पहिचान)

**चैत्र** : आगामी बर्षका लागि रणनीतिक आयोजना/कार्यक्रम स्वीकृति, श्रोत र साधनको उपलब्धता मूल्याङ्कन र स्वीकृति, क्षेत्रगत र वडागत बजेट सिलिङ्ग निर्धारण र गाइडलाइन वितरण

**बैशाख** : क्षेत्रगत र वडागत बजेट निर्माण तैयारी, आयोजना पहिचान र श्रोत साधनको माग

**जेष्ठ** : नगरपालिकास्तरको आर्थिक विकास नीति र कार्यक्रम तैयारी, आन्तरिक एवं बाह्य (संघ, प्रदेश) प्राप्त श्रोत साधनको वा पुनःआँकलन, क्षेत्रगत एवं वडागत आयोजनामा बजेट विनियोजन र कार्यक्रम स्वीकृति, प्राथमिकीकरणमा परेका आयोजना र कार्यक्रमको पुनर्मूल्याङ्कन, स्वीकृति एवं बजेट विनियोजन

**आषाढ** : बजेट, नीति तथा कार्यक्रम नगरसभामा प्रस्तुत तथा अनुमोदन, आयोजना/कार्यक्रम को लागि बार्षिक तथा चौमासिक कार्य विभाजन, विनियोजित आयोजना/कार्यक्रम कार्यान्वयनको लागि आवश्यक चौमासिक रकम माग

**श्रावण** : विनियोजित आयोजना/कार्यक्रम कार्यान्वयन

**माघ** : बजेट कार्यान्वयन, आयोजना/कार्यक्रम उपलब्धि, समस्या/चुनौती मूल्याङ्कन, शीर्षकगत राजश्व अनुमान र प्राप्ति एवं देखिएका समस्या र निराकरणका उपाय पहिचान ।

## ६.९ आयोजना तथा कार्यक्रम प्राथमिकताका आधारहरु

परियोजना छनौट गर्दा वर्तमान प्रचलन र मापदण्ड प्रयोग गरिएको छ । प्रत्येक परियोजनालाई यसका रणनीतिक महत्वको आधारमा जस्तैः रोजगारी, सामाजिक न्याय, स्रोत उपलब्धता, आपूर्ति चेन र दिगो आर्थिक व्यवस्थापनको आधारमा मापन गरिएको छ । यसमा थप सम्भाब्य सफलताको सूचक जस्तै : बजार योग्य, पर्यटनमुखी पूर्वाधार उपलब्धता, स्वीकार्यता र आर्थिक संभाब्यता समावेश गरी मूल्याङ्कन गरिएको र त्यसबाट प्राप्त कुल योगको आधारमा प्राथमिकीकरण गरिएको छ ।

## ६.१० केही रणनीतिक आयोजना एवं कार्यक्रमहरुको खर्च विनियोजन र प्रक्षेपण

तानसेन नगरपालिकाको रणनीतिक आयोजना एवं कार्यक्रमहरुको खर्च विनियोजन र प्रक्षेपण निम्न बमोजिम रहेको छ ।

**तालिका १० : केही रणनीतिक आयोजना एवं कार्यक्रमहरुको खर्च विनियोजन र प्रक्षेपण**

| सि.नं. | प्राथमिक परियोजना | आ.व. २०७६/०७७ विनियोजित | आ.व. २०७७/०७८ अनुमान | आ.व. २०७८/०७९ अनुमान |
|---|---|---|---|---|
| १ | हृषिकेश क्षेत्र विकास | ४000000 | ४४00000 | ४८४0000 |
| २ | रानीमहल क्षेत्र विकास | ४000000 | ४४00000 | ४८४0000 |
| ३ | श्रीनगर (Big Buddha) क्षेत्रको विकास | ५0000000 | ५५000000 | ६0५00000 |
| ४ | गुफाचौर गणेशधाम क्षेत्रको विकास | १0000000 | ११000000 | १२१00000 |
| ५ | अमर नारायण, टक्सार भगवती, दरबार क्षेत्र विकास | १५00000 | १६५0000 | १८१५000 |
| ६ | ढुङ्गा छाप्ने | ४000000 | ४४00000 | ४८४0000 |

| सि. नं. | प्राथमिक परियोजना | आ.व. २०७६/०७७ विनियोजित | आ.व. २०७७/०७८ अनुमान | आ.व. २०७८/०७९ अनुमान |
|---|---|---|---|---|
| ७ | ढाका करुवा उद्योग विकास | ६००००० | ६६०००० | ७२६००० |
| ८ | प्रभास क्षेत्रको एकीकृत विकास | २००००० | २२०००० | २४२००० |
| ९ | ल्याण्ड फिल्ड र फोहरमैला व्यवस्थापन | १००००००० | ११०००००० | १२१००००० |
| १० | कालीगण्डकी कोरिडोर लिंक रोड | १००००००० | ११०००००० | १२१००००० |
| ११ | माण्डब्य सरोबर क्षेत्रको विकास | २००००० | २२०००० | २४२००० |
| १२ | रिङ रोड स्तरोन्नति | १००००००० | ११०००००० | १२१००००० |
| १३ | सेटलाइट नगर विकास | २००००० | २२०००० | २४२००० |
| १४ | कोकलदेवी धाम क्षेत्रको विकास | २००००० | २२०००० | २४२००० |
| १५ | बनदेवी बस पार्क | १००००००० | ११०००००० | १२१००००० |
| | कुल | ११४९००००० | १२५३९०००० | १३६९२९००० |

## ६.११ राजश्व अनुमान र प्रक्षेपण

तानसेन नगरपालिकाको कार्यक्रमहरुको लागि राजश्व अनुमान र प्रक्षेपण निम्न बमोजिम रहेको छ :

**तालिका ११ : राजश्व अनुमान र प्रक्षेपण**

| आम्दानीको शीर्षक | आगामी चार आर्थिक वर्षको प्रक्षेपण रकम रु. | | |
|---|---|---|---|
| | आर्थिक वर्ष २०७६/०७७ को अनुमान | आर्थिक वर्ष २०७७/०७८ को अनुमान | आर्थिक वर्ष २०७८/०७९ को अनुमान |
| सम्पत्ति कर | ४,६१६,५४० | ४,९०५,०७४ | ५,१९३,६०८ |
| भूमिकर/मालपोत कर | ४,१४४,८८० | ४,४०३,९३५ | ४,६६२,९९० |
| घरबहाल कर | ५,०१९,६०० | ६,५२५,४८० | ७,५२९,४०० |
| व्यवसाय कर | २,६५६,००० | २,८६१,००० | ३,२२०,००० |
| सवारी साधन कर (अटो रिक्सा, इ रिक्सा आदि ७ वटा रु. ५ हजारका दरले) | ३५,००० | ३५,००० | ३५,००० |
| कवाडी, जीवजन्तु, जडीबुटी (हाल कवाडी मात्र) | २,०००,००० | २,१००,००० | २,२०५,००० |

| आम्दानीको शीर्षक | आगामी चार आर्थिक वर्षको प्रक्षेपण रकम रु. | | |
|---|---|---|---|
| | आर्थिक वर्ष २०७६/०७७ को अनुमान | आर्थिक वर्ष २०७७/०७८ को अनुमान | आर्थिक वर्ष २०७८/०७९ को अनुमान |
| विज्ञापन कर | ३५०,००० | ३६७,५०० | ३८५,८७५ |
| अन्य मनोरंजन कर | १००,००० | १०५,००० | ११०,२५० |
| घरजग्गा रजिष्ट्रेशन शुल्क | १०,०००,००० | ११,०००,००० | १२,१००,००० |
| **जम्मा कर** | **२८,९२२,०२०** | **३२,३०२,९८९** | **३५,४४२,१२३** |
| पूर्वाधार सेवा उपयोग शुल्क | ४,०६८,००० | ४,४७४,८०० | ४,९२२,२८० |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी (बाँडफाँड नहुने) | ६,८४२,००० | ७,५२६,००० | ८,२७८,००० |
| लघु, साना तथा घरेलु उद्योग दर्ता नवीकरण | ९६८,००० | १,११२,२०० | १,२५६,४०० |
| सामुदायिक बनबाट प्राप्त आय | ३०,००० | ३३,००० | ३६,३०० |
| बहाल विटौरी शुल्क | २००,००० | २१०,००० | २२०,५०० |
| सरकारी सम्पत्तिको बहालबाट प्राप्त | ४,८९०,००० | ४,८९०,००० | ४,८९०,००० |
| अन्य स्रोतबाट प्राप्त आय | १,०००,००० | १,१००,००० | १,२१०,००० |
| अन्य सेवा शुल्क (सरसफाइ, ढल निकास, पर्यटकीय क्षेत्र, वनभोज स्थल, पार्क, भ्युटावर) | ८,१२७,८५९ | ८,६३५,८५० | ९,१४३,८४२ |
| अन्य प्रशासनिक सेवा शुल्क (निवेदन दस्तुर, बोलपत्र बिक्री, अचल सम्पत्ति मूल्याकंन, अन्य सेवा) | ९,२७०,००० | १०,१९७,००० | ११,२१६,७०० |
| पार्किङ्ग शुल्क | १,०००,००० | १,०५०,००० | १,१०२,५०० |
| नक्सापास दस्तुर | ४,४००,००० | ४,४७३,९२० | ४,५४९,०८२ |
| **जम्मा गैरकर** | **४०,७९५,८५९** | **४३,७०२,७७०** | **४६,८२५,६०३** |
| **जम्मा आन्तरिक आय** | **६९,७१७,८७९** | **७६,००५,७५९** | **८२,२६७,७२६** |

## ६.१२ आन्तरिक राजश्व एवं संघ तथा प्रदेश बाट प्राप्त हुने श्रोत अनुमान र प्रक्षेपण

तानसेन नगरपालिकाको लागि संघीय एवं प्रदेशबाट प्राप्त हुने राजश्व एवं श्रोत अनुमान र प्रक्षेपण निम्न बमोजिम रहेको छ ।

**तालिका १२ : संघीय एवं प्रदेशबाट प्राप्त हुने राजश्व एवं श्रोत अनुमान र प्रक्षेपण**

| आय | | | | | |
|---|---|---|---|---|---|
| शीर्षक | आ.व. २०७५/०७६ | | आ.व.२०७६/०७७ | आ.व.२०७७/०७८ | आ.व.२०७८/०७९ |
| | प्रस्तावित | यथार्थ (२०७६ जेष्ठ सम्म) | प्रस्तावित | अनुमान | अनुमान |
| आन्तरिक आय | ४५०६२५४८ | ३८८३३६४७ | ६९७१७००० | ७६६८८७०० | ८४३५७५७० |
| वित्तीय समानीकरण अनुदान (संघ) | १४६६००००० | १४७०००००० | १५७८००००० | १७३५८०००० | १९०९३८००० |
| राजश्व बांडफांड(संघ) | ८७८१२००० | ५५३३४६६० | १०७७००००० | ११८४७०००० | १३०३१७००० |
| वित्तीय समानिकरण अनुदान(प्रदेश) | ४८००००० | ३२००००० | ४७४६००० | ५२२०६०० | ५७४२६६० |
| राजश्व बांडफांड(प्रदेश) | ९७०८००० | ० | १२६४३००० | १३९०७३०० | १५२९८०३० |
| विद्युत रोयल्टी (ने.वि.प्रा.बाट) | ० | ० | ५५००००० | ६०५०००० | ६६५५००० |
| घरजग्गा रजिष्ट्रेशन | ० | १०४५९४१४ | ११५००००० | १२६५०००० | १३९१५००० |
| गत आ.व.बाट सरी आएको | ७०२३१४५२ | ७६२३१०५७ | ५००००००० | ५५०००००० | ६०५००००० |
| अन्य(अनुदान/ऋण) | ० | ० | ७९५८४००० | ८७५४२४०० | ९६२९६६४० |
| **कुल निशर्त आय** | **३६४२१४०००** | **३३१००००००** | **४९९१९००००** | **५४९१०९०००** | **६०४०१९९००** |
| सशर्त अनुदान (संघ) | ३०९७००००० | ३११०००००० | ३१४८००००० | ३४६२८०००० | ३८०९०८००० |
| ससर्त अनुदान (प्रदेश) | ७५००००० | ६०२५००० | १००००००० | ११०००००० | १२१००००० |
| समपुरक अनुदान आयोजना(प्रदेश) | ० | ० | २००००००० | २२०००००० | २४२००००० |
| सामाजिक सुरक्षा कार्यक्रम | ७५०००००० | ५४२१७२०० | १०००००००० | ११०००००० | १२१०००००० |
| प्रधानमन्त्री स्वरोजगार कार्यक्रम | ० | ५४७००० | ५०००००० | ५५००००० | ६०५०००० |
| LGCDP तर्फ | ३९६००० | ३०५००० | ३७५००० | ४१२५०० | ४५३७५० |
| सडक बोर्ड | ६०००००० | ३६९१२७७ | ७०००००० | ७७००००० | ८४७०००० |
| भारतीय दूतावास | ३००००००० | ० | ३०००००० | ३३०००००० | ३६३००००० |
| नेपाल पर्यटन बोर्ड | १०००००० | ५००००० | ५०००००० | ५५००००० | ६०५०००० |
| जनसहभागिता | ७५००००० | ६७००६४० | १६७००००० | १८३७०००० | २०२०७००० |
| समपूरक अनुदान(संघ) | ० | २७३४४००० | ० | ० | ० |
| स्थानीय पूर्वाधार विकास कार्यक्रम | ० | १२२३९००० | ० | ० | ० |
| सडक बोर्ड (DFID परियोजना) | ० | ० | ११३००००० | १२४३०००० | १३६७३००० |
| **कुल सशर्त आय** | **४३७०९६०००** | **४२२८१३६१७** | **५२०१७५०००** | **५७२१९२५००** | **६२९४११७५०** |
| **कुल आय बजेट** | **८०१३१००००** | **७५३४७२३९५** | **१०१९३६५०००** | **११२१३०१५००** | **१२३३४३१६५०** |

## ६.१३ प्रशासनिक एवं कार्यगत खर्च अनुमान र प्रक्षेपण

तानसेन नगरपालिकाको प्रशासनिक एवं कार्यक्रमगत खर्च अनुमान र प्रक्षेपण निम्न बमोजिम रहेको छ :

## तालिका १३ : प्रशासनिक एवं कार्यक्रमगत खर्च अनुमान र प्रक्षेपण

| व्यय | | | | | |
|---|---|---|---|---|---|
| शीर्षक | आ.व. २०७५/०७६ | | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ |
| | प्रस्तावित | यथार्थ (२०७६ जेष्ठ सम्म) | प्रस्तावित | अनुमान | अनुमान |
| प्रशासनिक खर्च | ८०१३२२२१ | ६०२६३७५६ | ९५००००० | १०४५००००० | ११४९५०००० |
| वित्तीय व्यवस्था | ३६५०००० | ३६५०००० | ४००००० | ४४००००० | ४८४०००० |
| नगर गौरवका योजना | ३१००००० | ४९१३६०० | ७००००००० | ७७०००००० | ८४७००००० |
| क. Big Buddha Project | | | ५००००००० | ५५०००००० | ६०५००००० |
| ख. तानसेन रिङरोड स्तरोन्नति | | | १००००००० | ११०००००० | १२१००००० |
| ग. रानीमहल एकीकृत विकास | | | ४००००० | ४४००००० | ४८४०००० |
| घ. हृषिकेशव अर्गली एकीकृत विकास कार्यक्रम | | | ४००००० | ४४००००० | ४८४०००० |
| नयांपाटी सारेम दमकडा मो.बा. (क्रमागत) | | | २००००० | २२००००० | २४२०००० |
| समपूरक कोष मार्फत सञ्चालन कार्यक्रम | ७११००००० | १४७२३८३५ | १८१३५०००० | १९९४८५००० | २१९४३३५०० |
| क. सडक बोर्ड कार्यक्रम | ८६००००० | २९३७७६८ | ९५००००० | १०४५०००० | ११४९५००० |
| ख. जनसहभागितामा आधारित कार्यक्रम | १८५००००० | ११७८६०६७ | ३६७००००० | ४०३७०००० | ४४४०७००० |
| ग. SDG Localization (UNDP) | ० | ० | १५०००००० | १६५००००० | १८१५०००० |
| घ. समपूरक (प्रदेश) | १००००००० | ० | ४००००००० | ४४०००००० | ४८४००००० |
| ङ. समपूरक (संघ) | ० | ० | ३००००००० | ३३०००००० | ३६३००००० |
| च. DFID सडक बोर्ड | ० | ० | १६१५०००० | १७७६५००० | १९५४१५०० |
| छ. शीत भण्डार | ३४०००००० | ० | ३४०००००० | ३७४००००० | ४११४०००० |
| नगर स्तरीय कार्यक्रमहरु | १४६७९२७७९ | ५८९०३९१८ | १५२७५०००० | १६८०२५००० | १८४८२७५०० |
| क. नगर स्तरीय पुंजीगत कार्यक्रमहरु | ५६०००००० | २८९८७७४९ | ५९७००००० | ६५६७०००० | ७२२३७००० |
| ख. नगर प्रवर्द्धन कार्यक्रम | ९०७९२७७९ | २९९१६१६९ | ९३०५०००० | १०२३५५००० | ११२५९०५०० |
| विशेष कोष मार्फत हुने कार्यक्रम | ५५६४००० | २१६३७०२ | ९५००००० | १०४५०००० | ११४९५००० |
| क. बिपद् व्यवस्थापन कोष | १५००००० | १५११०० | १५००००० | १६५०००० | १८१५००० |
| ख. मर्मत सम्भार कोष | ३५००००० | १९६०६०२ | ७००००० | ७७००००० | ८४७०००० |
| ग. वातावरण संरक्षण कोष | २६४००० | ० | ५००००० | ५५०००० | ६०५००० |
| घ. हितकारी कोष | ३००००० | ५२००० | ५००००० | ५५०००० | ६०५००० |
| वडा स्तरीय पुंजिगत कार्यक्रम | ४२०००००० | २१६१३६९२ | ४९०००००० | ५३९००००० | ५९२९०००० |
| क. वडा स्तरीय न्यूनतम अनुदान | ४२०००००० | २१६१३६९२ | १४०००००० | १५४००००० | १६९४०००० |
| ख. सुत्रमा आधारित कार्यक्रम | ० | ० | ३५०००००० | ३८५००००० | ४२३५०००० |
| ससर्त कार्यक्रम | ३९३५९६००० | ३५०१३१४१९ | ४३५१७५००० | ४७८६९२५०० | ५२६५६१७५० |
| क. सशर्त अनुदान (संघ) | ३०९७००००० | २७४०८५७७९ | ३१४८००००० | ३४६२८०००० | ३८०९०८००० |
| ख. ससर्त अनुदान (प्रदेश) | ७५००००० | ० | १००००००० | ११०००००० | १२१००००० |
| ग. सामाजिक सुरक्षा कार्यक्रम | ७५०००००० | ७४५६७६०० | १०००००००० | ११०००००० | १२१०००००० |
| घ. प्रधानमन्त्री स्वरोजगार कार्यक्रम | ० | २०२०४० | ५००००० | ५५००००० | ६०५०००० |
| LGCDP तर्फ | ३९६००० | ३७६००० | ३७५००० | ४१२५०० | ४५३७५० |
| च. स्थानीय पूर्वाधार विकास कार्यक्रम | | ९००००० | ० | ० | ० |
| छ. नेपाल पर्यटन बोर्ड | १००००० | ४५९००० | ५००००० | ५५००००० | ६०५०००० |
| अन्य खर्च तथा कार्यक्रमहरु | २७४७५००० | ६३२३७३६ | २२५९०००० | २४८४९००० | २७३३३९०० |

| व्यय | | | | | |
|---|---|---|---|---|---|
| शीर्षक | आ.व. २०७५/०७६ | | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ |
| | प्रस्तावित | यथार्थ (२०७६ जेष्ठ सम्म) | प्रस्तावित | अनुमान | अनुमान |
| क. सार्वजनिक निजी साझेदारी | ० | ० | २००००० | २२००००० | २४२०००० |
| ख. दिगो विकास/अन्तर्राष्ट्रिय सम्बन्ध | २०००००० | ३६०५०० | ४०००००० | ४४००००० | ४८४०००० |
| ग. गत वर्षको भुक्तानी दिन बांकी | २५४७५००० | ० | ० | ० | ० |
| घ. कार्यपालिकाको निर्णय अनुसार खर्च | ० | ४५९६३६५ | | ० | ० |
| ङ राजश्व फिर्ता र अन्य | ० | १३६६८७१ | | ० | ० |
| च. आ.व.२०७५/०७६ को भुक्तानी दिनु पर्ने योजना | ० | | १६५९०००० | १८२४९००० | २००७३९०० |
| कुल व्यय बजेट | ८०१३१०००० | ५२२६८७६५८ | १०१९३६५००० | ११२१३०१५०० | १२३३४३१६५० |

## ६.१४ तैयारी एवं कार्यान्वयन व्यवस्था :

मध्यमकालीन खर्च संरचना विधि नगरपालिकाका लागि हाल नयाँ भएको सन्दर्भमा यसलाई आगामी दिनहरुमा व्यवस्थित रुपबाट तैयारी एवं कार्यान्वयन गर्न निम्न व्यवस्था गरिएको छ ।

१) रणनीतिक एवं दिशा निर्देशक समितिको ब्यवस्था गरी मध्यमकालीन खर्च संरचना आवधिक विकास योजना/रणनीति एवं बजेट विनियोजनसँग प्रत्यक्ष सम्वन्ध रहेको सन्दर्भमा यसलाई रणनीतिक दिशा निर्देश गर्न नगरपालिका प्रमुखको अध्यक्षतामा ५ सदस्यीय रणनीतिक एवं दिशा निर्देशक समिति गठन गर्नु मनासिव हुन्छ । यसका सदस्यको रुपमा २ वडा सदस्य, १ विज्ञ र योजना अधिकृत सदस्य रहने व्यवस्था गरिएको छ ।

२) प्राविधिक तैयारी समिति ब्यवस्था गरी मध्यमकालीन खर्च संरचना वार्षिक रुपमा बजेट अगाडि नै अद्यावधिक गर्नुपर्ने हुँदा योजना प्रमुखको संयोजकत्वमा राजश्व शाखा प्रमुख, लेखा शाखा प्रमुख रहेको तीन सदस्यीय प्राविधिक समितिको व्यवस्था गरिएको छ ।

३) मध्यमकालीन खर्च संरचना एवं यसको प्रक्रिया र विधि बारे वडा अध्यक्षहरु एवं कार्यपालिकाका सम्पूर्ण सदस्यहरु र नगरपाकिका सबै अधिकृतहरुलाई जानकारी गर्न आवश्यक भएकोले तालिमको व्यवस्था गरिएको छ ।

परिच्छेद-७

# विद्यमान कमजोरी एवं सुधार गर्नुपर्ने पक्षहरु

## ७.१ संस्थागत क्षमतामा कमी

- नगरपालिकाको विशिष्ट आर्थिक तथ्याङ्क (कुल गार्हस्थ उत्पादन, प्रति व्यक्ति आय, मानव विकास सूचाङ्क) र दिगो विकास लक्षको स्थानीकरण (**SDG localization**) को लागि आवश्यक तथ्याङ्कको अभाव ।
- राजश्व शाखामा तालिम प्राप्त कर्मचारीको अभाव ।
- नगरपालिका क्षेत्रभित्र निर्माण हुने पूर्वाधार तथा विकास निर्माणका कार्यहरुको गुणस्तर परीक्षण गर्न जनशक्तिको अभाव ।
- भू-उपयोग मापदण्ड, २०७६ को प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था ।
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गर्न स्पष्ट सूचकहरुको निर्माण गरी मूल्याङ्कन गर्ने परिपाटीको शुरुवात अझै हुन बाँकी रहेको ।
- लगानी सम्मेलन आयोजना गर्ने निर्णय भइसकेको तर उचित क्षमताको अभावमा तयारीको गति ढिलो भएको ।
- सरकारी/सार्वजनिक जग्गाको लगत संकलन कार्य बाकी नै रहेको ।
- राजश्व फाँटमा कर्मचारी नपुग छ । थप कर्मचारीको व्यवस्थापनबाट बढी राजश्व संकलनमा सघाउ पुग्ने र राजश्व परिचालन सुदृढ गर्न जनशक्तिलाई तालिम प्रदान गर्न आवश्यक रहेको ।
- विषयतगत शाखाका कर्मचारीहरु बारम्बार सरुवा भइरहँदा **Institutional Memory** मा ह्रास आई सेवा प्रवाह प्रभावित हुने ।
- सेवा करारका कर्मचारीहरुको व्यवस्थापनमा कठिनाइ ।

## ७.२ सुधार गर्नुपर्ने पक्षहरु

- सार्वजनिक जग्गा भाडामा दिन आवश्यक सञ्चालन निर्देशिका तयारी गर्न जरुरी छ ।
- नगर क्षेत्रमा सञ्चालित धेरै व्यवसायहरु अझै पनि नगरपालिकामा दर्ता भइसकेका छैनन, यसको संख्या निकै ठूलो भएको अनुमान गरिएको छ । यी व्यवसायीहरुलाई नगरपालिकामा दर्ता गराउन आवश्यक कदम चाल्नु जरुरी छ । छुट व्यवसायहरु नगरपालिकाको लागि आम्दानीको महत्वपूर्ण स्रोत हुन सक्दछ ।
- छिटो प्रतिफल दिने आयोजनाहरुको पहिचान गरी त्यसको लागि स्रोत जुटाउने र आवश्यक परेमा ऋण लिने ।
- दीर्घकालमा नगरपालिकालाई वित्तीय दायित्व नपर्ने गरी कर्मचारी व्यवस्था गर्नुपर्ने अवस्था छ ।
- कतिपय आयोजनाहरुको लागि ठूलो लगानीको आवश्यकता पर्ने हुँदा त्यस्ता आयोजनाहरुमा सार्वजनिक साझेदारी विधि (PPP model) मा जाने व्यवस्था मिलाउने ।
- कृषि योग्य जमिन बाझो रहेकोले त्यसलाई निरुत्साहित गर्न आवश्यक कानूनी व्यवस्था गर्ने ।
- कृषि योग्य जमिनको खण्डीकरणमा रोक लगाउने ।
- सामुदायिक वनको संशोधित ऐनले सामुदायिक वनबाट आर्जित आयको १०% स्थानीय तहलाई दिने व्यवस्था भएकोले यसबाट अतिरक्त स्रोत संकलन हुन सक्ने सम्भावना देखिन्छ ।
- वडाको लागि बजेटको सिलिङ्ग बढाइ साना साना आयोजनाहरुको जिम्मेवारी वडालाई नै प्रदान गर्ने ।
- युवाहरुलाई लक्षित गरी सीपयुक्त तालिम केन्द्रको स्थापना गरी उद्यमशीलता र सीपमूलक तालिम सञ्चालन गर्ने ।
- वैदेशिक रोजगारमा जानेहरुको लगत राख्ने र नियमित रुपमा अध्यावधिक गर्दै जाने ।
- परियोजना बैङ्क (Project Bank) केबल परियोजनाहरुको सूची जस्तो भान हुन्छ । केही आधारभूत कुरा तयार भइसकेको परियोजनाहरुलाई मात्र यसमा समावेश गर्दा शीघ्र कार्यान्वयनमा लैजान सघाउ पुग्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**

१) Come Visit Tansen, NTB, Palpa Chamber of Commerce and Industry

२) Siddharthnagar To Tansen Tourism Corridor Feasibility of Pourty Tourism Products for Palpa Municipality, EPI, January 2015

३) हाम्रो तानसेन, बुलेटिन, अंक ४ (फेब्रुअरी, २०१९)

४) तानसेन नगरपालिकाको नगर पार्श्वचित्र, २०७५, तानसेन न.पा.पाल्पा

५) पाल्पाली दर्पण, पाल्पाली सँगम, काठमाण्डौ, संख्या ८ वर्ष, २०७५

६) स्वर्ण स्मारिका, २०१७, पाल्पा उद्योग वाणिज्य संघ

७) स्थानीय सरकार सञ्चाल ऐन, २०७४

८) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४

९) तानसेन नगरपालिकाको आन्तरिक राजश्व अभिबृद्धि सम्बन्धी चार वर्षीय कार्ययोजना, २०७५

१०) नेपालको संविधान

११) तानसेन नगरपालिकाको आर्थिक ऐन, २०७५

१२) तानसेन नगरपालिकाको आ.व.२०७५/०७६ को लागि योजना, नीति तथा बजेट कार्यक्रम, २०७५

# अनुसूचीहरू

## अनुसूची-१

# प्रमुख योजना तथा कार्यक्रम र बजेट (आ.व. २०७६/०७७)

| क.सं. | उद्देश्य | कार्यक्रम | कार्यक्रम | बजेट रकम रु. | अनुगमन |
|---|---|---|---|---|---|
| १ | क.पर्यटन क्षेत्रको विकास | १.सुन्दर, हरित र व्यवस्थित एवं सफा Live र Vibrant तानसेन नगरक्षेत्रको परिकल्पना साकार पार्ने । | ♦ तानसेन नगरका मुख्य सडकमा ढुङ्गा छाप्ने ।<br>♦ तानसेन नगरमा अवस्थित खुला क्षेत्रहरु जस्तैः टुँडिखेल, अमरनारायण परिसर, भगवती मन्दिर परिसर, दरवार क्षेत्र एवं श्रीनगर र अन्य क्षेत्रहरुको समुचित विकास गर्ने । | १०००००००<br>१५०००००० | तानसेन नगरपालिका |
| | | २. धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, विकास तथा प्रवर्द्धन गर्ने । | ♦ तानसेन वडा नं. १४ मा रहेको हृषिकेश मन्दिरको महत्वलाई दृष्टिगत गरी यसको संरक्षण र सम्बर्द्धन गर्न तत्काल गुरुयोजना तयार गरी मन्दिर एवं यसको परिसरको व्यवस्थित विकास गर्ने ।<br>♦ तानसेन स्थित अमरनारायण परिसर र फूलवारीलाई व्यवस्थित गरी सुन्दर बगैंचा र खुल्ला ठाँउको रुपमा विकास गर्ने ।<br>♦ प्रेमको प्रतीकको रुपमा यस नगरपालिका क्षेत्रमा रहेको रानीमहल संरक्षण र सम्बर्द्धन एवं विकास कार्यका लागि तयार गरिएका गुरुयोजनालाई निजी क्षेत्रको समेत सहभागितामा | ५००००००<br>४००००००<br>५०००००० | तानसेन नगरपालिका |

| क.सं. | उद्देश्य | कार्यक्रम | कार्यक्रम | बजेट रकम रु. | अनुगमन |
|---|---|---|---|---|---|
| | | | ♦ कोकल देवी क्षेत्रलाई व्यवस्थित गर्ने | २००,००० | |
| | | ३. नयाँ पर्यटकीय क्षेत्रको विकास निर्माण गर्ने । | ♦ बुद्धको जन्मस्थल लुम्बिनीको निकटता एवं स्वर्गीय भिक्षु अमृतानन्द जस्ता बौद्ध विद्वानहरुको जन्मथलो रहेको तानसेन नगर बुद्ध धर्म र संस्कृतिको बासस्थान समेत रहेको परिप्रेक्षमा यो सम्बन्धलाई अझ परिस्कृत बनाउन श्रीनगरडाँडामा चारैतिरबाट देखिने गरी बुद्धको ठूलो मूर्तिको स्थापन गरी तयार गरिएको गुरुयोजनामा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्ने ।<br>♦ गुफाचौरमा निर्माण भैरहेको गणेशधाम कार्यलाई शीघ्रतिशीघ्र सम्पन्न गर्ने । यस क्रममा त्यहाँ पुग्ने पहुँचमार्गको निर्माणमा तीब्रता दिने, उपलब्ध जग्गामा लालीगुराँसको विरुवा रोप्नुका साथै यस क्षेत्रलाई आकर्षक वनस्पति उद्यानको रुपमा विकास गर्ने ।<br>♦ प्रभास क्षेत्रमा अवस्थित कमलपोखरी, सूर्यकुण्ड, बंशगोपालको मन्दिर, महादेवस्थान आदिको संयुक्त रुपले विकास गर्न गुरुयोजना तयार गरी आकर्षक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने । | ५०,०००,०००<br>१०,०००,०००<br>२,०००,००० | तानसेन नगरपालिका |

| क.सं. | उद्देश्य | कार्यक्रम | कार्यक्रम | बजेट रकम रु. | अनुगमन |
|---|---|---|---|---|---|
| | | | ♦ माडीफाँटमा रहेको माण्डव्य ऋषिको कुटी एवं ढाव क्षेत्रमा जग्गाधनीहरुसँगको सहयोगमा आकर्षक जलाशय एवं Water Sport लाई प्रवर्द्धन गर्नुका साथैआकर्षक पिकनिक स्पटको रुपमा विकास गर्न कार्यक्रम तयार गर्ने । | ५००,००० | |
| २ | ख) कृषि तथा घरेलु/ साना उद्योग विकास | | ♦ घरघरमा रोजगार अभिबृद्धिको ठूलो संभावना बोकेको पाल्पाली ढाका टोपी उद्योगको विकास र सम्बर्द्धनका लागि आवश्यक तालिम कार्यक्रम, तान लगाउने कार्यमा अनुदान एवं उत्पादित ढाकाको गुणस्तर प्रमाण चिन्ह र विक्रीकक्ष स्थापना तथा प्रचार प्रसारमा समेत कार्यक्रम तयार गरी लागु गर्ने ।<br><br>♦ पाल्पाली करुवा एवं ढलौटका भाँडा कुँडाहरुको बढ्दो माग र सुस्त आपूर्तिको अवस्थालाई दृष्टित गरी उद्योगको संरक्षण र विकासका लागि निजी क्षेत्रको सहभागितामा नगरपालिकाले कार्यक्रम बनाइ लागु गर्ने । | ६,०००,००० | तानसेन नगरपालिका |
| ३ | ग.शिक्षा र स्वास्थ्य क्षेत्रको विकास एवं | | ♦ तानसेन नगरपालिका क्षेत्र सधै मुलकमै गुणस्तरीय शिक्षाको केन्द्र रहिआएको सन्दर्भमा सो Image लाई कायम | २००,००० | तानसेन नगरपालिका |

| क.सं. | उद्देश्य | कार्यक्रम | कार्यक्रम | बजेट रकम रु. | अनुगमन |
|---|---|---|---|---|---|
| | विस्तार | | राख्दै आधुनिक प्रविधिक विषय समेत अध्ययन एवं तालिम गर्ने केन्द्रको रुपमा विकास गर्ने<br>♦ तानसेन स्याटलाईट नगर | | |
| ४ | घ.भौतिक पूर्वाधार निर्माण र विस्तार | | ♦ तानसेन नगर रिङरोड विस्तार योजना<br>♦ तानसेन-कालीगण्डकी करिडोर जोडने सडक विस्तार<br>♦ तानसेन व्यवस्थित बस पार्क निर्माण कार्यको थालनी<br>♦ तानसेन Landfill site पून सञ्चालन गर्न आवश्यक व्यवस्था | १०,०००,०००<br>१०,०००,०००<br>१०,०००,०००<br>६,०००,००० | तानसेन नगरपालिका |

**अनुसूची-२**

# राजश्व एवं संघ/प्रदेशबाट प्राप्त हुने श्रोत अनुगमन

महिना :

| सि.नं. | शीर्षक | वार्षिक लक्ष | मासिक | | हाल सम्मको | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | लक्ष | प्रगति | लक्ष | प्रगति | |
| | | | | | | | |

## अनुसूची-३

# प्रमुख आयोजना/कार्यक्रमको मासिक प्रगति विवरण तयार गर्ने निकाय

जिम्मेवार व्यक्ति : महिना :

| सि.नं. | आयोजना/ कार्यक्रम | मासिक | | हाल सम्मको | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | लक्ष | प्रगति | लक्ष | प्रगति | |
| | | | | | | |

## अनुसूची-४

## नगरपालिकाको काम, कर्तव्य र अधिकार

| सि.नं. | एकल, साझा | काम, कर्तव्य र अधिकार |
|---|---|---|
| १ | नगरपालिका | क) नगर प्रहरीको व्यवस्था<br>ख) सहकारी संस्था सम्बन्धी व्यवस्था<br>ग) एफ.एम. सञ्चालन<br>घ) स्थानीय कर, सेवा, शुल्क र दस्तुर<br>ङ) स्थानीय सेवाको व्यवस्थापन<br>च) स्थानीय तथ्याङ्क र अभिलेख संकलन<br>छ) स्थानीय स्तरको विकास आयोजना र परियोजना<br>ज) आधारभूत र माध्यमिक शिक्षा<br>झ) आधारभूत स्वास्थ्य र सरसफाइ<br>ञ) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता<br>ट) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ<br>ठ) नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन<br>ड) स्थानीय अभिलेख व्यवस्थापन<br>ढ) जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण<br>ण) कृषि तथा पशुपालन, कृषि उत्पादन, पशु स्वास्थ्य र सहकारी<br>त) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन<br>थ) बेरोजगारको तथ्याकं संकलन<br>द) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण<br>ध) खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक उर्जा<br>न) विपद व्यवस्थापन<br>प) जलाधार, वन्यजन्तु, खानी र खनिज पदार्थको संरक्षण<br>फ) भाषा, संस्कृति र मौलिकताको संरक्षण र विकास |
| २ | संघ तथा प्रदेशसँग सहकार्य गर्ने साझा अधिकार, संघ र प्रदेश कानूनको अधिनमा रही गर्ने काम, कर्तव्य र | क) खेलकुद र पत्रपत्रिका<br>ख) स्वास्थ<br>ग) विद्युत, खानेपानी र सिँचाई जस्ता सेवा दर<br>घ) सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना र प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |

| सि.नं. | एकल, साझा | काम, कर्तव्य र अधिकार |
|---|---|---|
| | अधिकार | ङ) वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता<br>च) सामाजिक सुरक्षा र गरिवी निवारण<br>छ) व्यक्तिगत घट्ना, जन्म, मृत्यु तथा विवाहको तथ्याकं<br>ज) स्थानीय स्तरमा पूरातत्व, प्राचीन स्मारक र सँग्राहलय संरक्षण, समन्वय र पुनर्निर्माण<br>झ) सुकुम्बासी व्यवस्थापन<br>ञ) प्राकृतिक श्रोतबाट प्रात रोयल्टी<br>ट) सवारी साधन अनुमति |
| ३ | अन्य | क) भूमि व्यवस्थापन<br>ख) सञ्चार सेवा<br>ग) यातायात सेवा<br>घ) निक्षेपित अधिकार (संघ वा प्रदेशबाट)<br>ङ) आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड र कार्यविधि बनाइ लागु गर्ने ।<br>च) प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशमा कुनै स्थानीय सरकारसँग सम्बन्ध कायम गर्ने । |

## अनुसूची-५

# नगरपालिकाले तयार गरेका कानूनको विवरण

| | |
|---|---|
| नगरपालिकाको ऐन, २०७५ | |
| नं. | ऐनको नाम |
| १ | तानसेन नगरपालिकाको आर्थिक ऐन, २०७५ |
| २ | तानसेन नगरपालिकाको विनियोजन ऐन, २०७५ |
| ३ | तानसेन नगरपालिकाको स्थानीय सामाजिक विकास ऐन, २०७५ |
| नगरपालिकाको ऐन, २०७४ | |
| नं. | ऐनको नाम |
| १ | तानसेन नगरपालिकाको आर्थिक ऐन, २०७४ |
| २ | तानसेन नगरपालिकाको विनियोजन ऐन, २०७४ |
| ३ | तानसेन नगरपालिकाको विनियोजन ऐन(पहिलो संसोधन), २०७४ |
| ४ | तानसेन नगरपालिकाको आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थापन गर्न बनेको) ऐन, २०७४ |
| ५ | तानसेन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न वनेको ऐन, २०७४ |
| ६ | तानसेन नगरपालिका न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने (कार्यविधि सम्बन्धी) ऐन, २०७४ |
| ७ | तानसेन नगरपालिकाको सहकारी ऐन, २०७४ |
| ८ | तानसेन नगरपालिकाको कृषि व्यवसाय प्रर्वद्धन ऐन, २०७४ |
| नगरपालिकाको नियम, २०७५ | |
| नं. | नियमको नाम |
| १ | तानसेन नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ |
| २ | तानसेन नगरपालिकाको कार्यक्रम सञ्चालनको लागि खर्चको मापदण्ड सम्बन्धी निर्देशिका, २०७५ |
| ३ | तानसेन नगरपालिकाको मर्मत सम्भार सञ्चालन कार्यविधि, २०७५ |

| | |
|---|---|
| ४ | तानसेन नगरपालिकाको करार जनशक्ति व्यवस्थापन कार्यविधि, २०७५ |
| ५ | तानसेन नगरपालिकाको युवा परिषद गठन तथा सञ्चालन कार्यविधि, २०७५ |
| ६ | तानसेन नगरपालिकाको उपभोक्तालाई सामग्री वितरण कार्यविधि, २०७५ |
| **नगरपालिकाको नियम, २०७४** | |
| नं. | **नियमको नाम** |
| १ | तानसेन नगरपालिकाको कार्यविभाजन नियमावली, २०७४ |
| २ | तानसेन नगरपालिकाको कार्यसम्पादन नियमावली, २०७४ |
| ३ | तानसेन नगर कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ |
| ४ | तानसेन नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि, २०७४ |
| ५ | तानसेन नगरपालिकाको उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजना कार्यान्वयन कार्यविधि, २०७४ |
| ६ | तानसेन नगरपालिकाको नगर सुत्केरी स्याहार खर्च वितरण कार्यविधि, २०७४ |
| ७ | तानसेन नगरपालिकाको विपन्न, दलित तथा अल्पसंख्यक समुदाय स्वास्थ्य वीमा कार्यक्रम कार्यविधि, २०७४ |
| ८ | तानसेन नगरपालिकाको एकीकृत सम्पत्ति कर लगत तथा असुली कार्यविधि, २०७४ |
| ९ | तानसेन नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता, २०७४ |
| १० | तानसेन नगरपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ |
| ११ | तानसेन नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४ |
| १२ | तानसेन नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ |
| १३ | तानसेन नगरपालिकाको साझेदारी विकास कोष सञ्चालन नियमावली, २०७४ |

# अनुसूची-६

# बिभिन्न कार्यक्रमको क्यालेण्डर

| महिना | कार्यक्रम |
|---|---|
| बैशाख | नयाँ बर्ष कार्यक्रम र दिपावली, बुद्ध जयन्ती कार्यक्रम, सडक खाना महोत्सव |
| जेष्ठ | राष्ट्रिय चित्रकला महोत्सव, फोटोग्राफी प्रतियोगिता |
| आषाढ | राष्ट्रिय नौमती बाजा र भजन प्रतियोगिता |
| श्रावण | राष्ट्रिय दोहोरी गीत र नाच प्रतियोगिता, कृषि तथा उद्योग मेला |
| भाद्र | गाईजात्रा, भगवती जात्रा एवं अन्य जात्रा आदि महोत्सव |
| आश्विन | पाल्पा जिल्ला स्तरीय फुटबल तथा भलिवल र क्रिकेट प्रतियोगिता |
| कार्तिक | Down Hill Cycle, Tansen Ranighat Cycling प्रतियोगिता, सडक खाना महोत्सव |
| मार्ग | क्षेत्रीय क्रिकेट, भलिबल प्रतियोगिता |
| पौष | मुकुन्दसेन फुटबल प्रतियोगिता |
| माघ | मेयर कप क्रिकेट प्रतियोगिता, अन्तर माध्यमिक खेलकुद प्रतियोगिता, मगर दिवस कार्यक्रम |
| फाल्गुण | व्यापार मेला, शिवरात्री मेला (प्रभास क्षेत्र) |
| चैत्र | सप्ताहव्यापी योग शिविर कार्यक्रम, संगीत सप्ताह कार्यक्रम |

# अनुसूची-७
# तानसेन नगरपालिका
# वर्तमान कार्यरत कर्मचारी विवरण
# आ.व. २०७५/०७६

| सि. नं. | कर्मचारी विवरण | अधिकृत | | सहायक | | सहयोगी | | स्थायी | करार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | करार | स्थायी | करार | स्थायी | करार | | | |
| १ | निजामती | ३ | ० | १५ | ० | १ | ० | | | १९ |
| २ | साविक स्थानीय तह (ता.न.पा.) | ४ | ० | २ | ० | ५ | ० | | | ११ |
| ३ | स्थानीय तह (जि.स.स.बाट) | ३ | | २ | | २ | | | | ७ |
| ४ | सरससफाइ | | | | | १४ | | | | १४ |
| ५ | वडा समितिमा स्थानीय तर्फ | | | २ | | १ | | | | ३ |
| ६ | करार | | १ | | १४ | | ९ | | | २४ |
| ७ | नगर प्रहरी | | | | | | ८ | | | ८ |
| | जम्मा (नगरपालिका कार्यालयमा) | | | | | | | | | ८६ |
| ८ | स्वास्थ्य चौकी | | | | | | | ३२ | १८ | ५० |
| ९ | अस्पताल | | | | | | | २९ | २ | ३१ |
| १० | आयुर्वेद | | | | | | | ३ | २ | ५ |
| ११ | कृषि विकास | | | | | | | | ३ | ३ |
| १२ | पशु सेवा | | | | | | | ४ | २ | ६ |
| १३ | महिला बालबालिका | | | | | | | १ | १ | २ |
| १४ | शिक्षा | | | | | | | ३ | | ३ |
| १५ | सूचना प्रविधि | | | | | | | | १ | १ |
| १६ | फार्मेसी | | | | | | | | १ | १ |
| १७ | प्रधानमन्त्री स्वरोजगार | | | | | | | | १ | १ |
| १८ | दरबार संग्राहलय | | | | | | | १ | ३ | ४ |
| | **कुल जम्मा** | १० | १ | २१ | १४ | २३ | १७ | ७३ | ३४ | १९३ |

अनुसूची-८

# तानसेन नगरपालिकाको पाँचौं नगरसभामा सभाअध्यक्ष श्री अशोककुमार शाहीद्वारा प्रस्तुत आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम

## तानसेन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, पाल्पा

**५ नं. प्रदेश, नेपाल**

**नगरसभाबाट पारित मितिः- २०७६/०३/१०**

**गरीमामय नगरसभामा उपस्थित उपप्रमुख ज्यू**
**नगरसभा सदस्यज्यूहरु र पर्यवेक्षक ज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली नागरिकले विगतमा पटकपटक गर्दै आएको संघर्ष, ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलन स्मरण गर्दै सर्वप्रथम लोकतन्त्र स्थापनाको महाअभियानमा शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते योद्धाहरु र बेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु । संघीय नेपालको प्रदेश नं. ५ मा अवस्थित सुन्दर तथा ऐतिहासिक नगर तानसेन नगरपालिकाको गरिमामय पाँचौं नगरसभामा तानसेन नगर सरकारको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव अनुभूति भएको छ । यस अवसरमा तानसेनबासी लगायत सम्पूर्ण नेपाली नागरिकमा हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

## खण्ड १
## परिचय र समीक्षा

### १.१ पृष्ठभूमी

दशकौं लामो संघर्षपछि संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि संक्रमणकाल पार गर्दै देशमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलवाद, सामाजिक न्यायसहितको समानुपातिक समावेशी प्रतिनिधिमूलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धिहरु क्रमशः संस्थागत हुँदै गएका छन् । संविधानले आत्मसात गरेको विविधता सहितको एकता एवम् सामाजिक सांस्कृतिक ऐक्यवद्धताले हाम्रो स्वाभिमान उँचो बन्न पुगेको छ । सबैखालका विभेदको अन्त्य गरी आर्थिक समृद्धि, समानता, उच्च राष्ट्रिय भावनाको जगेर्ना तथा सामाजिक न्याय सुनिश्चित गर्न बलियो आधार खडा गर्न हामी लागिपरेका छौं र केही हदसम्म यस दिशामा हामीले उपलब्धि हासिल गरेको तथ्यहरु साक्षी छन् ।

नेपालको संविधानको भाग १३ (स्थानीय कार्यपालिका) अन्तर्गत धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा भाग १९ (स्थानीय आर्थिक कार्यप्रणाली) अन्तर्गत धारा २३० को गाउँपालिका र नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०७६/०७७ को तानसेन

नगरपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय नगरसभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

स्थानीय तहको निर्वाचन पश्चात हामीले निर्वाचित जनप्रतिनिधिको रुपमा तानसेन नगरसरकारको कार्यभार सम्हाल्दा संक्रमणकालीन अवस्था विद्यमान रहेको स्मरण गराउन चाहन्छु । अहिले पनि सीमित स्रोत साधनका बीच असीमित आवश्यकता तथा माग र समस्याहरु सम्बोधन गर्नु पर्ने चुनौती विद्यमान रहेको छ । सीमित साधन स्रोतमा जनसहभागिता र जन योगदान मिसाएर पुँजी निर्माण गर्नु परेको यथार्थ हामीलाई अवगतै छ । स्थानीय स्रोत साधन ढुङ्गा, गिट्टी, बालुवा आदि  हामीसँग केही मात्रामा छन् । अब तिनीहरुको परिचालन र अधिकतम सदुपयोग गरेर अघि बढ्ने प्रयत्न हामीले गर्नु परेको छ । हाम्रो नगरपालिकामा ग्रामीण गाउँवस्तीको वाहुल्यता रहेको छ । तानसेन नगरको समग्र र समानुपातिक विकास कसरी गर्ने यस वारेमा सबैको चिन्तन, मनन र सहयोगको खाँचो रहेको छ ।

संघीयताको नयाँ अभ्यास भए पनि संविधान कार्यान्वयनको छोटो अवधिमा विकास र सुशासनको सुस्पष्ट दृष्टिकोण, स्थानीय कानूनको निर्माण, तानसेन नगरको नगर प्रोफाईल तयार, आन्तरिक राजश्व अभिबृद्धि सम्बन्धी चार बर्षीय कार्ययोजना, समायोजन भई आएका कर्मचारीहरुको व्यवस्थापन, केन्द्र र प्रदेश सरकारसँग अघि बढाइएका समन्वय र सहकार्यका प्रयासहरु तथा विभिन्न प्रतीकूलताका बीचमा पनि बजेटको कार्यान्वयनमा गरिएका विशेष प्रयासहरुबाट हामीलाई अनुकूलतातर्फ अघि बढ्ने आधार तयार भएको छ । यसका लागि सरोकारवाला सबैको प्रयास र योगदान महत्वपूर्ण रहेको छ ।

यीनै पृष्ठभूमिमा उभिएर **“समृद्ध नगर, आत्मनिर्भर नगरवासी, सफा नगर, सुखी नगरवासी**” नारालाई हामीले निरन्तर अगाडि सारेका छौं ।

चालू आर्थिक वर्ष २०७५/०७६ का लागि चौथो नगरसभाबाट स्वीकृत नीति, योजना र बजेट हाल कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । विगतमा पारित नीति, योजना र बजेट कार्यान्वयनको हालसम्मको अवस्था मूल्याङ्कन र समीक्षा गर्दा पूर्वाधार तथा अन्य योजना कार्यक्रमहरुको उपलब्धिहरु सन्तोषजनक देखिन्छ । नीति, योजना र बजेट कार्यान्वयनको अनुभव र सिकाइबाट नगरको दिगो र सन्तुलित विकासका लागि ठोस र योजनाबद्ध रुपमा अगाडि बढ्ने पृष्ठपोषण र प्रेरणा मिलेको छ ।

आ.व. २०७६/०७७ का लागि नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा चालू आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रमलाई समेत पुनरावलोकन गर्दै संघीय र प्रदेश

सरकारबाट प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शन, संघीय सरकारको नीति, प्रदेश सरकारको नीति, प्राप्त बजेट, योजना र कार्यक्रम, संविधानको अनुसूची-७ (संघ र प्रदेशको साझा अधिकारको सूची), अनुसूची-८(स्थानीय तहको अधिकारको सूची) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लिखित नगरपालिकाको कार्यक्षेत्र, स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शनलाई समेत ध्यानमा राखिएको छ । तानसेनको पर्यटन विकासमा सहयोग पुऱ्याउने अभिप्राय सहित वैदेशिक सम्बन्धको दायरा फराकिलो पार्दै लगिनेछ । नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता गरेको सन् २०३० सम्म पूरा गर्नुपर्ने दिगो विकास लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष्य, पन्ध्रौं राष्ट्रिय आवधिक योजना र अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिबद्धता बमोजिम नतिजा प्राप्तीमा सहयोग पुऱ्याउने गरी कार्य गर्न यस नगरपालिका कटिबद्ध रहने छ ।

**सभाका सदस्य ज्यूहरु**

## १.२ चालू आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रमको संक्षिप्त समीक्षा

तानसेन नगरपालिकाको तेस्रो नगरसभाबाट रु.८०,१३,१०,०००।० बजेट सार्वजनिक गरिएको थियो । उपरोक्त बजेट अनुमान मध्ये चालू आ.व.को जेष्ठ मसान्त सम्म रु.७३,५८,१२,३४१।०० रुपैया यथार्थ आम्दानी भएको छ । आम्दानी तर्फ ८६ प्रतिशत प्रगति रहेको छ ।

खर्च तर्फ कुल जम्मा रु.८०,१३,१०,०००।०० अनुमान गरिएकोमा उपरोक्त अनुमान बमोजिम चालू आ.व.को जेष्ठ मसान्तसम्म कुल जम्मा रु.५२,२६,८७,६५८।०० यथार्थ खर्च भएको छ । खर्च तर्फ ६५ प्रतिशत प्रगति भएको छ । खर्च प्रगति कम देखिएता पनि अधिकतम कार्यक्रमहरु सम्पन्न भइसकेका तर भुक्तानी प्रक्रियामा रहेकोले आषाढ मसान्त सम्ममा ९५ प्रतिशत प्रगति हुने देखिन्छ ।

अत्यन्त मितव्ययी तथा पारदर्शीताका साथ कार्यालय सञ्चालन गरिएकोले चालू तर्फको विनियोजित बजेट जेष्ठ मसान्तसम्म अधिकांश शीर्षकहरुमा बाँकी रहेको अवस्था छ । वित्तीय अनुशासनमा रही कार्य सञ्चालन गर्दा सम्बन्धित शाखा तथा कर्मचारीको क्षमता विकास समेत हुदै गएको छ । यसका अलवा, जनप्रतिनिधि तथा कर्मचारीहरुले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिने प्रण गरेको कारणले समेत बित्तीय अनुशासन कायम रहने कुरामा आशाबादी छौ ।

खण्ड-२

# आगामी आ.व. २०७६/०७७ को नीति, बजेट तथा कार्यक्रम

## २.१ सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धि

नेपालको राष्ट्रिय अखण्डताको आन्दोलनसँग जोडिएको अर्थात वीर पुर्खाहरुले स्थापना र संरक्षण गरेको तानसेनस्थित ऐतिहाँसिक धार्मिक सम्पदा, कला-संस्कृति तथा पूरातात्विक महत्वका संरचना हाम्रा लागि अमूल्य नीधि हुन् । यी नीधिहरुलाई संरक्षण गर्दै आउने पुस्तालाई नासोको रुपमा हस्तान्तरण गर्ने हाम्रो दायित्व हो, हाम्रो कर्तव्य पनि हो । तानसेन नगरसँग पर्यटन विकासको प्रचुर सम्भावना रहेको छ । तानसेन प्राकृतिक विविधताले भरिपूर्ण छ । यस नगरीको भू-बनोट, अनुकूलतम जलवायु, डाँडा-काडा, वन-जंगल, नदी-नाला, पाखा-पखेरा, खेत-खरीयान प्रकृतिका बरदान हुन् । यी सम्पदाहरुको संरक्षण र सम्बर्द्धन गर्दै, स्रोत साधनको उच्चतम् र अनुकूलतम् प्रयोग गरेर यस नगरलाई **"समृद्ध नगर आत्मनिर्भर नगरवासी, सफा नगर सुखी नगरवासी"** दीर्घकालीन सोंच अनुरुप शिक्षा, स्वास्थ्यको केन्द्र बनाउन तथा पर्यटकीय नगरको रुपमा तानसेनको विकासका लागि आवश्यक योजनाहरु तर्जुमा तथा कार्यान्वयनलाई प्राथमिकता दिइएको छ ।

### मध्यमकालीन परिकल्पना

हाम्रो कार्यकाल भित्र निम्न लक्ष्य हासिल गर्न लागिपर्ने प्रतिबद्धता सहित कार्यक्रम अघि बढाएका छौं ।

क) तानसेन सफा, सुन्दर, हरित, प्रदूषणरहित र सधैं विकास निर्माणका लागि तयार रहेको हुनेछ ।
ख) तानसेन उद्योग व्यवसाय सञ्चालन गर्न सम्भावना र अवसर भएको मुलुककै राम्रो नगरपालिकाको रुपमा रहेको हुनेछ ।
ग) तानसेन गुणात्मक शिक्षा र स्वास्थ्यको एक आकर्षक केन्द्रको रुपमा विकास भई पर्याप्त मात्रामा सीपयुक्त युवा जनशक्तिको उपलब्धता भएको नगर हुनेछ ।
घ) तानसेन व्यवसाय गर्न र बस्न सजिलो र किफायती रहेको हुनेछ ।
ङ) तानसेन नगरपालिकाको आर्थिक क्षेत्र समावेशी एवम् व्यवसाय अनुकूल रहेको हुनेछ ।
च) तानसेन धार्मिक एवम् साँस्कृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास भएको हुनेछ ।
छ) तानसेन नगरवासीको आयस्तर बृद्धि भै स्वस्थ र सुखी जीवन यापन गरेका हुनेछन् ।
ज) तानसेन नगरपालिकाको सेवा जनमैत्री, छिटो र छरितो भएको हुनेछ ।

यी अपेक्षाले आगामी बर्षदेखि हाम्रो विकास प्रक्रियामा मार्गदर्शन गर्नेछन् र हाम्रा सम्पूर्ण प्रयासहरु यी लक्ष्यहरु हासिल गर्ने तर्फ केन्द्रित हुनेछन् ।

दीर्घकालीन सोंच तथा मध्यमकालीन लक्षयलाई यथार्थतामा परिणत गर्ने गरी तानसेनबासीको सपना साकार पार्न निम्नलिखित गतिविधिलाई निरन्तरता दिइएको छ ।

- पर्यटन विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ साथै पर्यटन पूर्वाधारको समयोचित विकास गरी तानसेनलाई आगामी ३ बर्षमा आन्तरिक पर्यटन केन्द्रको रुपमा स्थापित गर्न थप विकास गतिविधिलाई निरन्तरता दिइनेछ ।
- नेपाल भ्रमण बर्ष २०२०, लुम्बिनी भ्रमण बर्ष २०७६ र "**तानसेन जाउँ, प्रकृति र संस्कृतिसँग रमाउँ"** भन्ने पर्यटन अभियानलाई सफल बनाउन आवश्यक गवितिधिहरु सञ्चालन गरिनेछ ।
- राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी कोरिडोरसँग छेर्लुङ-तानसेन खण्डलाई सिद्धार्थ राजमार्गमा समेत जोडन Dadicated Fast Track निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- शिक्षा, खेलकुद, मनोरञ्जन, स्वास्थ्य, धार्मिक क्षेत्रमा आधारित पर्यटन विकासको लागि आन्तरिक तथा बाह्य उद्यमी र निजी लगानीकर्ताहरुलाई आकर्षित गर्ने किसिमका क्रियाकलापहरु तर्जुमा गरी सञ्चालन गरिनेछ ।
- गुफाचौरमा मुलुकमै ठूलो गणेशधाम स्थापना गरी अधिकतम् धार्मिक पर्यटक भित्र्याउन आवश्यक पूर्वाधार पूर्वाधार निर्माण र सेतिपोखरी-गुफाचौर सडकको स्तरोन्नतिलाई निरन्तरता दिइने छ ।
- तानसेन नगरपालिका.क्षेत्रमा बोटे/माझी बस्तीहरुलाई खरको छाना रहित बनाउने कार्यक्रम सञ्चालन भैसकेकोले आगामी बर्षदेखि खरको छाना मुक्त नगरपालिका बनाउने नीति कार्यान्वयन गरिनेछ ।
- टोल विकास संस्था, वडा समिति र स्थानीय संघ संस्थासँग फोहरमैला व्यवस्थापन, वातावरण संरक्षण तथा भौतिक पूर्वाधार निर्माण तथा सञ्चालन गरिदैं आएकोमा आगामी बर्षदेखि अन्तरपालिकास्तरमा समेत सहकार्य गरिने छ ।
- दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न UNDP, DFID, CITYNET, The Asia Foundation लगायत अन्तराष्ट्रिय संस्थाहरु तथा मित्रराष्ट्र चीनको लसान नगरपालिकासँग सहकार्य गरिनेछ ।

## २.२ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु

यो नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान, दिगो विकासका लक्ष्यहरु, पन्ध्रौ आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शनहरु, अर्थ मन्त्रालयवाट जारी गरिएका निर्देशिका तथा कार्यविधि, विगतका नगरसभाबाट पारित नीति, बजेट तथा कार्यक्रमहरु, तानसेन नगरवासीहरुवाट प्राप्त अमुल्य सुझाव, राजनैतीक दलका प्रमुख एवम् प्रतिनिधिज्युहरु, नागरिकसमाज तथा सञ्चारकर्मी महानुभावहरुबाट प्राप्त सुझावहरुलाई महत्वकासाथ ग्रहण गरिएको छ ।

सहभागितामूलक योजना तर्जुमा प्रक्रियाबाट वस्तीस्तर, वडास्तर, बजेट तर्जुमा समिति हुँदै आएका योजनाहरुलाई दीर्घकालीन लक्ष्य, उद्देश्यसँग तादम्यता मिलाइ प्राथमिकताक्रम निर्धारण गरिएको छ । सरोकारवालाको राय सुझाव र नगरपालिकाको विगतका नीति तथा कार्यक्रमलाई समेत आधार मानी बार्षिक नगर विकास योजना तर्जुमा गरिएको छ ।

### २.२.१ समग्र नीति तथा आधारहरु

संघीय सरकार, राष्ट्रिय योजना आयोग र प्रदेश सरकारको नीति, निर्देशनहरु नगर विकासका लागि मूलभूत मार्ग निर्देशन हुन् । नगर सरकारको नीति निर्देशनमा आधारित भई १५ वर्षे रणनीतिक योजना र ५ वर्षे आवधिक योजनाको मार्गदर्शनमा समग्र नगर विकास योजनाहरु कार्यान्वयन गर्ने संकल्पमा दृढ छौं । राजनीतिक स्थायीत्व कायम भई मुलुक अब आर्थिक समृद्धि र विकासको दिशामा अगाडि बढेको छ । यस अवसरको सदुपयोग गर्दै हाम्रो नगरपालिकामा रहेका कृषि, वन, ऐतिहाँसिक धार्मिक तथा पर्यटकीय सम्पदा, प्राकृतिक श्रोत साधन र जनशक्तिको उचित परिचालन एवम् व्यवस्थापनबाट नगरको समृद्धि र विकासको ढोका खोलिनेछ भन्नेमा विश्वस्त छौ । **हाम्रो तानसेन, राम्रो तानसेन** बनाउन संघीय र प्रदेश सरकारसँगको सहयोग र समन्वयका साथै स्थानीय उद्योगी, व्यापारी, बुद्धिजीवी, सञ्चारकर्मी, पर्यटनवीद्, समाजसेवी लगायत समग्र तानसेनवासीको सक्रिय सहयोग र सहभागिताको लागि जोड दिइने छ ।

## २.२.२ क्षेत्रगत नीति तथा आधारहरु

### क) आर्थिक क्षेत्र

- तीव्र आर्थिक विकासका लागि आवश्यक लगानी प्रवर्द्धन गर्न तथा निजी क्षेत्रसँग साझेदारीलाई जोड दिने उद्देश्य अनुरुप आर्थिक वर्ष २०७६/०७७ मा लगानीकर्तालाई केन्द्रित गरी **लगानी सम्मेलन** को आयोजना गरिनेछ । यसका लागि आवश्यक कानूनी, नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ । तानसेन भित्रका उद्यमीहरुको व्यावसायिक र व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिइनेछ ।

- कृषिको आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रीकरण गरी कृषिजन्य उद्योग मार्फत् आधुनिक कृषि प्रणालीको अवलम्वनका लागि कृषि नीतिको तर्जुमा र कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ । कृषि उपकरण खरिद गर्न सरल ढङ्गले कर्जाको व्यवस्थाका लागि वित्तीय संस्थासँग सहकार्य गर्दै लागतमा निश्चित प्रतिशत नगद अनुदान सेमत उपलब्ध गराउने नीति लिइनेछ ।

- कृषि पूर्वाधार विकास, कृषकहरुको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना, गरीवी निवारणमा योगदान पुग्ने गरी समावेशी आर्थिक विकासका कार्यक्रम कृषकको साझेदारीमा सञ्चालन गरिनेछ । साथै नगरपालिका क्षेत्रभित्र ३० रोपनी भन्दा बढी जग्गामा व्यवसायीक कृषि र व्यवसायीकरुपमा दुग्धजन्य उत्पादनका लागि गाई, भैसी पालन गर्ने किसानहरुलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।

- कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा, आत्मनिर्भरता र निर्यात प्रवर्द्धनका लागि सिंचित क्षेत्र बिस्तार, माटो, मल र बालीहरुको संरक्षण, गुणस्तरीय बीऊको उत्पादन तथा प्रयोग र सामूहिक वा सहकारीका माध्यमबाट जग्गा चक्लावन्दी गरी व्यावसायिक खेती गर्नका लागि प्रोत्साहन गरिनेछ । नवीनतम् प्रविधिमा आधारित साना सिँचाइ कार्यक्रम लागु गरिनेछ ।

- कृषि र पशुपालनको लागि पकेट क्षेत्र निर्धारण गरी साझेदारी कार्यक्रम सञ्चालन, व्यावसायिक कृषक परिचय-पत्र वितरण गरी अभिलेख व्यवस्थित, पशु तथा बाली वीमामा कृषकहरुलाई प्रेरित गर्न बजेट व्यवस्था गरी जोखिम न्यूनीकरणमा जोड दिइनेछ ।

- निर्यात योग्य बालीहरुको उत्पादन तथा प्रशोधन अभिवृद्धि गरी वाह्य बजारमा प्रतिस्पर्धी बनाउन युवा, महिला कृषक उद्यमीहरुलाई आकर्षित गरिने छ । स्थानीय कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- नश्लसुधार कार्यक्रमलाई प्रभावकारी बनाउन कृत्रिम गर्भाधान सेवा किसानहरुको घरदैलोमा पुग्ने गरी विस्तार, प्राकृतिक गर्भाधान सेवालाई प्रभावकारी बनाउन उन्नत नश्लका प्रजनन्योग्य बोका र राँगा वितरण गर्ने कार्यक्रम ल्याईनेछ ।
- स्वस्थ तथा गुणस्तरीय मासु उत्पादन तथा विक्री वितरण गर्न पशु वधशाला निर्माण, मासु जाँच प्रयोगशाला स्थापनाका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अवलम्वन गरिनेछ ।
- ब्यवसायी र उपभोक्तालाई सचेतना लगायतका प्रभावकारी कार्यक्रम सञ्चालन गरिने छ । उपयुक्त स्थानमा कृषि तथा पशु हाटको ब्यवस्था गरिने छ ।
- IPM कृषक पाठशाला मार्फत कृषकहरुलाई जैविक खेतीतर्फ अभिप्रेरित गरिने छ ।
- उपभोक्ता हितलाई ध्यानमा राखी स्वच्छ तथा गुणस्तरीय दूध, दुग्धजन्य पदार्थ उत्पादन र बजारीकरणमा समयोचित पहल गरिने छ ।
- कृषिजन्य स्थानीय उत्पादन विक्री वितरण गर्ने व्यवसायमा २५ प्रतिशत व्यवसायकर छुटको व्यवस्था मिलाउदै लगिने छ ।
- विकासमा तानसेनबासीको सहभागिता, अपनत्व र स्वामित्व कायम हुनेगरी आर्थिक विकास र गरीवी निवारणमा योगदान पुग्ने, उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, गरी उनीहरुको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने खालका योजनाहरु कार्यान्वयनमा जोड दिइनेछ ।
- सार्वजनिक पूर्वाधार सेवा सञ्चालनमा सार्वजनिक निजी साझेदारी (PPP) अवधारणालाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- **समृद्धिका लागि सहकारी** भन्ने मर्मलाई आत्मसात गर्दै नगरपालिका भित्र रहेका सहकारी संस्थाहरुको नियमन र प्रभावकारिताका लागि सहकारी सम्बन्धी नीति कार्यान्वयनमा ल्याइनेछ । सहकारी संस्थाहरुमा रहेको शेयर सदस्यको पुँजीलाई सदुपयोग गरी सदस्यहरुको आर्थिक, सामाजिक विकासमा योगदान दिने खालका

कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिने छ । साथै सहकारीहरुको क्षमता र संस्थागत विकास गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- तानसेन नगरको मुख्य बजार भित्र रहेका १०० बर्ष भन्दा पूराना निजी तथा सार्वजनिक सांस्कृतिक, पूरातात्विक महत्वका घरहरुको संरक्षणको लागि Heritage Homes को अवधारणा अवलम्वन गरी त्यस्ता सम्पत्तिहरुको संरक्षणको लागि प्रोत्साहन स्वरुप संरचनाको अवस्थाको आधारमा प्रचलित कर छुट तथा अनुदानको व्यवस्था मिलाउने नीति लिइनेछ ।

- परम्परागत प्रकृतिका कुँडुले घरहरु संरक्षणका लागि विशेष कार्यक्रम राखिनेछ । भाषा, साहित्य, कला र संस्कृति संरक्षणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- तानसेन नगरपालिका भित्र रहेका धार्मिक, पर्यटकीय स्थल, तालतलैया र सीमसार क्षेत्रको संरक्षण तथा विकासको लागि तत् तत् क्षेत्रको गुरुयोजना बमोजिम तथा गुरुयोजना तयार हुन बाँकी क्षेत्रको गुरुयोजना तयार गरी सोको आधारमा आयोजनाहरु कार्यान्वयन गरिनेछ ।

- पर्यटक आकर्षित गर्न एकल तथा आवश्यकता अनुसार छिमेकी स्थानीय तह, निजी क्षेत्रसँग सहकार्यमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- तानसेनका धार्मिक तथा ऐतिहाँसिक सम्पदाहरु (हृषिकेश, रतनपाँडे साधनास्थल, लिपिनदेवी, भवगती मन्दिर, अमरनारायण मन्दिर, बंशगोपाल, कोकलदेवी, माण्डव्य आश्रम, गुफाचौर, वर्तुङ्ग अर्चले शिवालय, प्रभास शिवालय मन्दिर, कुण्डली देवी, वालकन्या देवी, श्रीनगर गणेश मन्दिर, लक्ष्मीनारायण मन्दिर बसन्तपुर, ढाँडकुटी शिवालय, गणेशधाम तथा स्थानीय बौद्ध/विहारगुम्बा, चर्च, मस्जिद लगायतका क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गरिने कार्यलाई निरन्तरता प्रदान गरिने छ ।

- सामाजिक बञ्चितीकरण तथा बहिष्करणमा पारिएका, फरक क्षमता भएका, ज्येष्ठ नागरिक, महिला, बालबालिका, एकल महिला, दलित, अल्पसंख्यक, मुस्लिम, आदिवासी जनजाति समुदायको आर्थिक सामाजिक विकास गर्दै सम्मानपूर्ण जीवनयापन गर्नपाउने वातावरण सिर्जना गरिनेछ ।

- आधा आकाश ओगटेका महिलाहरुको समयोचित सबलीकरणका निम्ति **“आर्थिक समृद्धिका लागि महिला उद्यमशीलता”** भन्ने नाराका साथ कार्यक्रम सञ्चालन गरिनेछ ।

- नगरपालिकालाई आर्थिक विकासको केन्द्रको रुपमा समेत विकास गर्न रोजगारी सिर्जना गर्ने खालका पाल्पाली ढाका, पाल्पाली करुवा र बगनासे साँचो लगायतका हस्तकलासँग सम्वन्धीत साना तथा लघु उद्यम, व्यावसायिक कृषि, पर्यटन पूर्वाधार विकासमा जोड दिइनेछ ।

- पाल्पाली ढाकाको प्रवर्द्धन र विकासको लागि ढाका कपडा ब्राण्डिङ, पाल्पाली गुणस्तर चिन्ह प्रदान गरी प्रमाणपत्र वितरण गरिने छ । सक्कली पाल्पाली ढाका मात्र उत्पादन र विक्री गर्ने ढाका व्यवसायीहरुलाई करमा छुटको व्यवस्था मिलाइने छ । पाल्पाली ढाका उत्पादन बृद्धि गर्न साना उद्यमीहरुलाई लक्षित गरी बुन्ने सीप हस्तान्तरण र प्रविधि हस्तान्तरण जस्ता कार्यक्रमहरु अगाडि बढाइने छ ।

- परम्परागत पेशा एवम् सीप संरक्षण गर्दै आय आर्जनका लागि टेवा पुर्‍याउन आवश्यक कार्यक्रम गरिनेछ । साथै अन्तरपालिका सहकार्यको अवधारणा अनुसार सहकार्यमा जोड दिइने छ ।

- उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपभोग्य सामान र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धी नीति, कानून एवम् मापदण्ड बनाइ कडाइका साथ नियमित अनुगमन र नियमन गरिनेछ ।

**ख) सामाजिक क्षेत्र**

- गरीब तथा विपन्न सिफारिस, छात्रबृत्ति सिफारिस, २०३७ साल भन्दा अगाडि मृत्यु भएकाहरुको मृत्यु प्रमाणित, जग्गा स्रेस्ता कायम सिफारिस, व्यवसाय नवीकरण सम्बन्धी सेवाहरु यसै बर्ष देखि निःशुल्क प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

- आधारभूत र माध्यमिक शिक्षालाई नियमन तथा गुणस्तरीय बनाउन ऐन नियमको प्रभावकारी कार्यान्वयन गरिनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका गरीव, जेहन्दार र फरक क्षमता भएका बालबालिकाहरुका लागि विशेष छात्रबृतिको व्यवस्था गर्न सामुदायिक/संस्थागत विद्यालयहरुसँग सहकार्य गरिनेछ ।

- विद्यार्थीहरुको स्वास्थ्यलाई ख्याल गर्दै तानसेन नगरपालिका भित्रका सबै विद्यालयहरुमा यसै आ.व.देखि स्वच्छ पिउने पानीको लागि लागत सहभागितको आधारमा युरोगार्डको व्यवस्था मिलाइनेछ ।
- उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने तथा शिक्षक तथा विद्यार्थी केन्द्रित भ्रमण आदान प्रदान कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयमा विज्ञान र प्राविधिक धार तर्फको विषय समावेश गरी नमूनाका रुपमा सञ्चालन गराउन विद्यालय व्यवस्थापन समितिसँग सहकार्य गर्ने नीति लिइनेछ ।
- आवश्यकता अनुसार विद्यालय समायोजन (Merger) को नीति अवलम्वन गरिनेछ ।
- संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य गरेको सन्दर्भमा भर्ना अभियानलाई निरन्तरता दिइने छ ।
- माध्यमिक स्तरका सामुदायिक विद्यालयहरुमा विद्युतीय हाजिरीलाई प्रभावकारी बनाइनेछ ।
- तानसेनको शैक्षिक विरासत कायम राख्नको लागि विज्ञ एवम् सरोकारवालाहरुसँग समन्वय गरी प्राविधिक शिक्षा तर्फ सार्वजनिक निजी साझेदारीको अवधारणमा ईन्जिनियरिङ कलेज सञ्चालनका लागि यसै बर्ष देखि गृहकार्य अगाडि बढाइने छ ।
- परम्परागत ज्ञान, खानपान, भेषभूषा, रीतिरिवाज आदिको संरक्षण एवम् प्रवर्द्धनमा योगदान पुग्नेगरी युवा तथा बालबालिका लक्षित अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवामा पहुँच र सुनिश्चितताका लागि नगरभित्रका स्वास्थ्य संस्थाहरुको सेवालाई थप प्रभावकारी बनाइनेछ ।
- आयुर्वेद चिकित्सा पद्धति, ध्यान र योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन प्रोत्साहित गर्न विभिन्न स्थानमा लागत सहभागितामा अल्पअवधिको योग शिविरहरु सञ्चालन गरिनेछ ।

- आमा तथा बालबालिकामा हुने कुपोषणको समस्या तथा मातृ शिशु मृत्यूदर न्यूनीकरणका लागि ३५ दिन भित्र नगरपालिकामा दर्ता हुने तानसेन नगरपालिका भित्रका सुत्केरी महिलाहरुलाई दिइदै आएको पोषण भत्तालाई निरन्तरता दिइने छ ।

- स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति र सेवा विमुख नागरिकहरुको लागि स्थानीय स्वास्थ्य संस्थालाई व्यवस्थित गर्दै घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ । साथै स्थानीय स्वास्थ्य संस्थाबाटै महिलाहरुको पाठेघरको मुखको क्यान्सर परीक्षणको कार्यमा सेवा पुऱ्याउन आवश्यक पहल गरिने छ ।

- सामाजिक स्वास्थ्य वीमा कार्यक्रम तर्फ विगतमा दलित, अल्पसंख्यक एवम् सिमान्तकृत नागरिकहरु, महिला स्वास्थ्य स्वयंसेवीका र नगर सरसफाइकर्मीको लागि गरिएको स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिदै यसै बर्ष देखि रातो नीलो परिचय पत्र प्राप्त अपाङ्गता भएका व्यक्तिलाई समेत निशुल्क स्वास्थ्य वीमाको व्यवस्था मिलाइनेछ ।

- यसै आ.व. देखि रातो, नीलो परिचयपत्र प्राप्त अपाङ्गता भएका नागरिकलाई अस्पतालमा स्वास्थ्य परीक्षण गराउन प्रति पटक रु. ५००।०० यातायात खर्चको व्यवस्था गरिनेछ ।

- स्वच्छ खानेपानी व्यवस्थापन र सरसफाइ अभियान सञ्चालन गरिने छ । खानेपानी आयोजना सञ्चालन र मर्मत संभारका कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ । पूराना ढुङ्गेधाराहरु र खानेपानीको मूल संरक्षण र व्यवस्थापनमा विशेष जोड दिइने छ ।

- HIV/AIDS संक्रमित परिवारका सदस्यलाई रोजगार तथा आय आर्जनका कार्यक्रममा संलग्न गराइ उनीहरुको आर्थिक सबलीकरणमा जोड दिइनेछ । सरोकारवाला संघ संस्था तथा संक्रमित र प्रभावितहरुको समूहसँग समन्वय एवम् साझेदारी गरिने छ ।

- लैङ्गिक हिंसा, लैङ्गिक विभेद, छुवाछूत जस्ता कुरीति र कानूनले बर्जित गरेका कुप्रथा, अन्धविश्वासको अन्त्य र मानव ओसारपसार तथा वेचविखन, बालबिवाह, वालश्रम विरुद्ध सामाजिक सचेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

- विवाहित एकल महिला, HIV/AIDS संक्रमित व्यक्ति र फरक क्षमता भएका व्यक्ति आफू प्रोपराइटर भई व्यवसाय सञ्चालन गरेमा व्यवसाय करमा ५० प्रतिशत कर छुट दिने व्यवस्था मिलाइने छ ।

- वालमैत्री स्थानीय शासनका सूचकहरुलाई सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिंदै लगिने छ ।

- तानसेन नगर युवा परिषद (Youth Council) गठन गरिएको सन्दर्भमा विकास निर्माण तथा सामाजिक कार्यमा युवा परिचालन, खेलकुद लगायतका युवा लक्षित कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइ समाज विकासका रचनात्मक काममा समेत युवा परिचालन गर्दै लगिनेछ । साथै खेलकुद पूर्वाधार विकासमा जोड दिइनेछ । नगरपालिकाले अगाडि सारेका कार्यक्रमलाई सफल बनाउन परिषद्ले आवश्यक सहयोग पुऱ्याउनेछ ।

- यस नगरलाइ युवामैत्री नगरको रुपमा विकास गरिनेछ ।

- राष्ट्रियस्तरका खेलकुदहरु, प्रदेश स्तरका खेलकुदहरु, जिल्ला तथा स्थानीय स्तर लगायतका खेलकुद गतिविधिहरु सञ्चालनमा प्राथमिकता दिइ सहयोग पुऱ्याइनेछ ।

- बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएकोमा बैंकको पहुँच नपुगेका वडाहरुमा शाखा रहित बैंकिङ्ग मार्फत वितरण कार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाउदै लगिनेछ ।

- गैर सरकारी संस्था र सामाजिक संस्थाहरुको नियमनका लागि आचारसंहिता एवम् कार्यविधि, निश्चित सूचक र मापदण्ड बनाइ निमयन गरिनेछ ।

## ग) पूर्वाधार क्षेत्र

- श्रीनगरको समयोचित विकास गर्दै बौद्ध पर्यटन प्रवर्द्धनका लाीग "**बिग बुद्ध पार्क**" निर्माण कार्य अगाडि बढाइने छ ।

- आवश्यकता, लागत, समय, अपेक्षित प्रतिफल तथा प्रभावको आधारमा आयोजनाको वर्गीकरण तथा प्राथमिकीकरण गरी सन्तुलित रुपमा स्रोतको परिचालन गरिनेछ । आवधिक योजनाको रणनीति अनुसार मध्यमकालीन खर्च संरचनामा आधारित भई

आयव्ययको प्रक्षेपण र आयोजनामा बजेट विनियोजन गरिनेछ । आयोजना र कार्यक्रमको संख्यात्मक भन्दा गुणात्मक पक्षमा जोड दिइनेछ ।

- नगरको पूर्वाधार विकासमा प्रभावकारी नगरगौरबका आयोजनाहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ । यस कार्यमा संघ तथा प्रदेश सरकारसँग थप साझेदारी गर्नको लागि विशेष कोषको व्यवस्था मिलाइने छ ।
- **समुदायको लगानी दिगो विकासको थालनी** भन्ने भावनाका साथ ६०/४० जस्ता सहलगानीका कार्यक्रमहरु तथा नगरगौरबका आयोजनाहरु सञ्चालन हुने व्यवस्था मिलाइने छ ।
- नगरपालिकाको मौजुदा श्रोत र साधनले कार्यान्वयन गर्न नसकिने, वडाबाट सिफारिस भएका ठूला योजना, विस्तृत परियोजना कार्यान्वयनको लागि विशेष अनुदान, समपूरक अनुदान परिचालन गरी सम्पन्न गर्न जोड दिइनेछ ।
- विकास आयोजनाहरुको गुणस्तरीयता र दिगोपनाका लागि निश्चित सूचक र निश्चित मापदण्डका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ । निर्माण सम्पन्न सबै प्रकारका भौतिक पूर्वाधारहरुको लगत तयार गरी मर्मत संभार कार्यलाई प्राथमिकतामा राखिनेछ । ठूला प्रकृतिका योजनाहरुको काम सम्पन्न पश्चात तेश्रो पक्ष मूल्यांकन (Third Party Evaluation) पद्धति अवलम्बन गरिने छ । विगतमा शुरु गरिएका अधुरा योजना तथा कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- घरनक्सा पास सम्बन्धी कार्यलाई थप व्यवस्थित र सहज बनाउन प्रचलित कानूनको अधिनमा रही भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइनेछ ।
- सडक अतिक्रमण हटाइ नगरलाई व्यवस्थित, वातावरणमैत्री र हरित नगरको रुपमा विकास गर्न एक घर २ विरुवा नीति कार्यान्वयन गरिनेछ ।
- हरियाली बस टर्मिनल अवधारणा अन्तर्गत तानसेन-५ मा वातावरणमैत्री बसपार्क (Eco-Friendly Bus Terminal) निर्माणको लागि सम्वन्धीत निकायसँग समन्वय गरी निर्माण कार्य अघि बढाइने छ ।

- भू-उपयोग योजना सहितको दीर्घकालीन एकीकृत शहरी विकास गुरुयोजना तर्जुमा गरिनेछ ।

- आम नागरिकसँगै आन्तरिक तथा वाह्य पर्यटक आवागमनमा सहजता तथा पर्यटन विकासका लागि सहयोग पुऱ्याउन तानसेन नगरपालिका वा छिमेकी स्थानीयतह स्थित उपयुक्त स्थानमा आन्तरिक हवाइमैदान सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

- नगर क्षेत्र भित्र रहेको ऐलानी, पर्ती जग्गाको लगत अभिलेखीकरण गरिनेछ । साथै ऐलानी, पर्ति जग्गाको संरक्षण र समुचित उपयोग तर्फ पहल गरिनेछ । त्यस्ता प्रकृतिका जग्गामा बनेका घर टहराहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम उपयोग/उपभोग शुल्क लगाउने व्यवस्था थालनी गरिनेछ ।

- व्यवस्थित वस्ती विकास तथा शहरीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी सञ्चालन गरिने छ ।

- नगरका केही सडकमा ढुङ्गा छाप्ने कार्य सम्पन्न उन्मुख भएकोले अन्य सडकमा समेत ढुङ्गा छाप्नका लागि सम्भाव्यता अध्ययन गरी कार्य अगाडि बढाइनेछ ।

- चालू आर्थिक बर्षको बैशाख मसान्तसम्ममा वडाका निर्धारित योजना तथा कार्यक्रम सम्पन्न गरी फरफारक गर्ने पहिलो एक वडालाई प्रोत्साहन स्वरुप रु.५ लाख बराबरको थप योजना प्रदान गरिनेछ ।

- अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्या समाधान गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।

- तानसेन नगरपालिका क्षेत्र भित्र भएका काठका विद्युतपोललाई विस्थापन गर्दै लगिनेछ ।

## घ) वातावरण तथा विपद व्यवस्थापन

- जडीबुटीजन्य वनस्पतिको संभाव्यता अध्ययन गरी पकेट कार्यक्रम सञ्चालन गरिनेछ । जटीबुटी प्रशोधन कारखाना स्थापना गर्न नीतिगत व्यवस्था मिलाइ उद्योग सञ्चालनका लागि निजी क्षेत्रलाई प्रेरित गरिनेछ ।

- जैविक विविधताको संरक्षण र संवर्द्धन गर्दै वन अतिक्रमण रोक्न अतिक्रमित वनक्षेत्र फिर्ता, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रणका लागि सरोकारवाला निकाय र समुदायसँग सहकार्य गरिनेछ । वनको बहुउपयोगको नीति अवलम्वन गर्दै खाली जग्गाहरुमा वृक्षरोपण अभियान सञ्चालन कार्यलाई प्रोत्साहित गरिने छ ।
- सामुदायिक वनहरुलाई व्यवस्थित गर्दै त्यस्ता वन क्षेत्रहरुमा जडीबुटी, गैरकाष्ठ वन पैदावार र आय आर्जनका विविध कार्यक्रमहरु सञ्चालन गर्न अभिप्रेरित गरिने छ ।
- भूसंरक्षण, जलाधार व्यवस्थापन र जलउत्पन्न प्रकोप न्यूनीकरणका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरण, जलबायु परिवर्तनको असर न्यूनीकरण तथा जैविक विविधता संरक्षणका लागि दीर्घकालीन योजना बनाइ कार्यान्वयन गर्न पहल गरिनेछ ।
- वाढी, पहिरो, आगलागी, हावाहुरी, महामारी जस्ता विभिन्न प्रकारका दैवी तथा प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरुलाई तत्काल राहत दिन नगर विपद् व्यवस्थापन कोष मार्फत् राहत उपलब्ध गराइने छ ।
- विपद व्यवस्थापनका लागि Quick Response Team तथा छुट्टै इकाई निर्माण गरिने छ । साथै प्रयाप्त पानी क्षमता सहितको वारुण यन्त्र तथा भूगोलमैत्री उपकरणहरुको थप व्यवस्था गरिने छ । साथै साना सडक तथा भित्री वस्तीहरुमा आगलागीबाट जनधनको क्षति न्यूनीकरण गर्न फायर हाईड्रेन्टको व्यवस्था मिलाइनेछ ।
- नगर क्षेत्रभित्रबाट निस्कने फोहरमैलाको संकलन, पुनःउपयोग, प्रशोधन र विसर्जनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा तथा अन्तरपालिकास्तरमा सहकार्यका आधारमा काम अगाडि बढाइनेछ । नगरपालिका क्षेत्रको खुल्ला ढललाई व्यवस्थित गरी घर निर्माण गर्दा अनिवार्य रुपमा सेफ्टी टंकी निर्माण गर्नुपर्ने नीति अवलम्वन गरिने छ ।

## ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- न्यायिक समितिको कार्य सम्पादन प्रक्रिया प्रभावकारी बनाउन समितिका पदाधिकारी र मेलमिलापकर्तालाई आवश्यक ज्ञान, सीप अभिवृद्धिका लागि व्यवस्था मिलाउदै लगिनेछ । न्याय सम्पादन सहज बनाउँदै गोपनीयता सुनिश्चिततामा जोड दिदै बन्द इजलास निर्माण गरिने छ ।

- सहज, सरल ढङ्गले निःशुल्क न्याय सम्पादनका लागि मेलमिलाप समितिको समेत सहयोग र समन्वयमा कार्यक्रम अगाडि बढाइने छ ।
- यसै बर्ष थालनी गरिएको द एसिया फाउण्डेशनको आर्थीक सहयोगमा कमिटेड नेपाल मार्फत तानसेन नगरपालिकाको बहुबर्षीय (२० बर्षे) बृहत योजना निर्माण यसै आ.व.भित्र सम्पन्न गरिनेछ । साथै व्यवस्थित नगर बनाउन GIS Digital House Numbering गर्ने कार्ययोजनालाई क्रमशः कार्यान्वयन गरिने छ ।
- नगरपालिकाले लिएका नीतिहरुको प्रभावकारी कार्यान्वयन, नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण लगायतका कार्यका लागि नगर प्रहरीहरुको सीप विकाससँगै सेवा विस्तार गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ । सम्भव भएसम्म यसै वर्षदेखि क्रमशः ग्रामीण वडामा समेत नगर प्रहरी सेवा बिस्तार गर्दै लगिने छ ।
- नगरपालिकाको आन्तरिक श्रोत परिचालनलाई दिगो र प्रभावकारी बनाउन, स्रोत साधन परिचालनमा आत्मनिर्भर बनाउदै लैजान करको दायरा बढाइनुका साथै करका दरहरुलाई समसामयिक र बैज्ञानिक बनाइनेछ । राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, सशोधन, परिमार्जन लगायत राजश्व प्रशासन सुधार तथा ४ बर्षे आवधिक राजश्व प्रक्षेपण योजनालाई कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई चुस्त, दुरुस्त तथा समयानुकूल प्रविधिमैत्री तथा थप प्रभावकारी बनाउन संस्थागत सुधार गरिनेछ । सेवा प्रवाहको अवस्था र कार्यबोझका आधारमा नगरपालिकाको सँगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मौजुदा जनशक्तिको क्षमता विकास गर्दै आवश्यक थप दक्ष जनशक्तिको व्यवस्था मिलाइनेछ । कर्मचारीलाई कार्यसम्पादनको आधारमा दण्ड र पुरस्कृत गरिनेछ ।
- कर्मचारीको मनोबल बृद्धि गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउदै कार्यसम्पादनलाई नतिजामुखी बनाउन कर्मचारी प्रोत्साहनको आकर्षक कार्यक्रम ल्याइनेछ ।
- पदाधिकारीहरुको क्षमता विकासमा जोड दिइनेछ । निर्णय प्रक्रियालाई चुस्त, दुरुस्त र पारदर्शी बनाइ निर्णय गर्ने पदाधिकारीहरुलाई नतिजा प्रति उत्तरदायी र जिम्मेवार बनाइने छ ।

- करदातालाई कर तिर्नुपर्ने रकम सहितको विवरणको Apps Develop वा SMS मार्फत जानकारी गराउने व्यवस्था मिलाइनेछ ।

- व्यवसाय दर्ता प्रक्रियालाई सरल र सहज बनाइ बार्षिक व्यवसाय कर संकलनलाई समेत सरल र सहज बनाउन वडा स्तरबाटै रु.२ लाख सम्म पुँजी भएका व्यवसाय वडा कार्यालय मार्फत दर्ता गर्ने, वडा कार्यालय मार्फत व्यवसाय कर संकलन गर्ने तथा व्यवसाय कर संकलनका विशेष कार्यक्रम सञ्चालन गर्दै लगिने छ ।

- जनताप्रति जवाफदेही र उत्तरदायी सेवा प्रवाहका लागि भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति लिइनेछ । नगरपालिकाको काम कारबाहीलाई सरल, सहज, सुविधायुक्त र सेवाग्राही मैत्री बनाइ सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र सुशासनयुक्त बनाउन सूचना र प्रविधिको अधिकतम् उपयोग गरिनेछ ।

- नगरपालिकाले लिएका नीति, योजना, बजेट तथा कार्यक्रम र तिनको कार्यान्वयनको अवस्थाको बारेमा जनताले प्रत्यक्ष तथा परोक्ष रुपमा जानकारी पाउन Tansenmun App प्रभावकारी बनाउदै लगिनेछ साथै नगरका गतिविधिहरुमा सुसूचीत हुने गरी प्रविधिमैत्री प्रवन्ध मिलाइनेछ । यस कार्यमा छापा तथा विद्युतीय सञ्चार माध्यमसँगसमेत सहकार्य गर्न सकिनेछ ।

- तानसेन नगर सरकारको मौलिक प्रकाशन **हाम्रो तानसेन** त्रैमासिक बुलेटिन तथा अन्य प्रकाशनलाई निरन्तरता दिइने छ ।

- लोकतन्त्र स्थापनाका लागि योगदान दिएका राजनेताको सम्मानमा रचनात्मक काम गर्ने उद्देश्य अनुरुप पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्थापना गरिएकोछ भने अन्य राजनेताको सम्मानमा यथोचित कार्य गरिने छ ।

- पत्रकारहरुको छाता सँगठन नेपाल पत्रकार महासंघ र प्रेससँग सम्वन्धीत अन्य सञ्चार संस्थासँग समन्वय गरी समानुपातिक विज्ञापन नीति कार्यान्वयनको प्रक्रिया अगाडि बढाइने छ । साथै मर्यादित र निश्पक्ष पत्रकारिताको विकासका लागि सहकार्य गरिने छ ।

- पत्रकारहरुको क्षमता विकास तथा सञ्चारगृह सबलीकरण सहयोग कार्यक्रमलाई कार्यसम्पादनको आधारमा निरन्तरता दिइनेछ भने महासंघको समन्वयमा सूचना केन्द्र सञ्चालनका लागि पहल गरिने छ ।

- संघीय सरकारवाट स्वीकृत भएको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) को कार्यान्वयनलाई अधिकतम उपयोग गरी वित्तीय व्यवस्थापनलाई अझै सुदृढीकरण गरिने छ ।

- आर्थिक व्यवस्थापनमा वेरुजु हुने अवस्थाको न्यूनीकरण गर्दै आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरी विगतदेखि रहेका पेश्की तथा बेरुजु फछ्र्यौटमा जोड दिदै शून्य वेरुजु नीति अवलम्वन गरिने छ ।

- तानसेन नगरपालिकाको खर्च तथा गतिविधि नियमित रुपमा विभिन्न ढङ्गले सार्वजनिक गर्नुका साथै सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमलाई आवश्यकता अनुसार निरन्तरता दिदै नागरिक सन्तुष्टि सर्वेक्षण कार्य गरिने छ ।

- विद्यालय, सहकारी, उपभोक्ता समिति, लगायतका संघ संस्थाको क्षमता विकास गरी लेखा तथा अभिलेख व्यवस्थापन र संस्थागत सुदृढीकरणका लागि आवश्यक सहयोग गरिने छ ।

- नगरपालिका भित्रका सम्भाव्य प्राकृतिक श्रोत र साधन, ऐतिहासिक, धार्मिक पर्यटकीय सम्पदा तथा स्थलको पहिचान गरी त्यसको अभिलेख राखिनेछ । साथै विकास आयोजना तथा परियोजनाहरुको छनौट गर्दा उपलब्ध प्राकृतिक श्रोत साधनको दिगो उपयोग र वातावरणीय पक्षलाई ध्यानमा राखि वातावरणमैत्री विकास अभियानका लागि नागरिकस्तरमा सचेतना अभिवृद्धि तथा सहकार्यलाई जोड दिइने छ ।

- तानसेन नगरपालिका भित्र रहेका पर्यटकीय दृष्टिले महत्वपूर्ण गन्तव्यहरुको पूर्वाधार निर्माण गरिदै लगिनेछ ।

- तानसेनबासीलाई राहत स्वरुप तानसेन खानेपानी उपभोक्ता समिति मार्फत मासिक खानेपानी महशुलमा दिदै आएको अनुदान सहयोगलाई निरन्तरता दिइने छ ।

- नगरपालिकाका सम्पूर्ण वडाहरुमा विद्युत, इन्टरनेट, टेलिफोनको पहुँच विस्तार गरी नगर कार्यालय र वडा कार्यालयलाई नेटवर्किङ गरिसकिएको, विद्युतीय अभिलेखन प्रणाली प्रयोगमा ल्याइएको, वडावाटै कर, शुल्क तिर्न सकिने सहज र सरल पूर्वाधार तयार भइसकेकोले सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाह सहज तुल्याउदै लगिनेछ ।

- राजश्व संकलन प्रभावकारी बनाउनका लागि नागरिक सचेतना बिस्तार तथा दण्ड र पुरस्कारलाई निरन्तरता दिइनेछ ।
- सुशासन र पारदर्शितालाई जोड दिंदै प्रत्येक विहीबार ३ बजे देखि नगरप्रमुख, उपप्रमुख, प्रवक्ता र शाखा प्रमुखहरुको उपस्थितिमा प्रगति समीक्षा, आगामी दिनको कार्ययोजना र सम्बन्धित सेवा ग्राहीको उपस्थितिमा जनगुनासो सम्बोधन हुने गरी शुरु गरिएको जनअदालत कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

## २.३ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

- श्रीनगर Big Buddha Project
- तानसेन रिङ्गरोड स्तरोन्नति
- रानीमहल एकीकृत विकास
- हृषिकेश अर्गली एकीकृत विकास कार्यक्रम
- न्यूनतम अनुदान तथा सूत्रमा आधारित अनुदान कार्यक्रम

## २.४ अनुमानित व्यय र स्रोत व्यवस्थापन

आ.व.२०७६/०७७ को लागि करीब रु. १ अरब बराबरको बजेट प्रस्तावित गरिएको छ जुन निम्न शीर्षक अनुसार खर्च विनियोजन गरिएको छ ।

- प्रशासनिक खर्च
- वित्तीय व्यवस्था
- नगर गौरवका योजना
- समपुरक कोष मार्फत सञ्चालन कार्यक्रम
- नगर स्तरीय कार्यक्रमहरु
- विशेष कोष मार्फत हुने कार्यक्रम
- वडा स्तरीय पुँजीगत कार्यक्रम
- सशर्त कार्यक्रम
- अन्य खर्च तथा कार्यक्रमहरु

## २.५ उप-संहार

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मर्म अनुसार तीन तहका सरकार सबल र सक्षम बन्न सकेमा **“सुखी नेपाली, समृद्ध नेपाल”** को नारा साकार हुनेछ । सबैले आ-आफ्नो जिम्मेवारी वहन गर्ने क्रममा संविधानले निर्दीष्ट गरेको अधिकार क्षेत्रको ख्याल गरी अगाडि बढन सकियो भने समृद्धिको यात्रा सार्थक हुनेछ । शहीदका सपना साकार पार्ने तथा नागरिकको अपेक्षालाई सम्बोधन गर्नका लागि विकास निर्माणका कार्यमा एकाकार भएर लाग्नुपर्ने वर्तमान आवश्यकता हो ।

अन्त्यमा, नेपालको संविधानको प्रावधानहरुको कार्यान्वयन, तानसेन नगर सरकारले पारित गरेका ऐन, नियम, कार्यविधि, मापदण्डको कार्यान्वयन, पुनः निर्माण तथा आर्थिक विकासका विविध पक्षमा महत्वपूर्ण सहयोग पुऱ्याउने संघीय सरकार, प्रदेश सरकार, सम्पूर्ण राजनीतिक दल, सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरु, नागरिकसमाज, सञ्चार जगत, बुद्धिजीवी लगायत समस्त तानसेनवासी, सरकारी तथा गैरसरकारी संघ संस्था, UNDP, Australian Aid, The Asia Foundation, Committed Nepal, EPI लगायत अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । तानसेनबासीको जय होस् । धन्यवाद ।

**अशोककुमार शाही**
**नगर प्रमुख**


पाल्पा उद्योग वाणिज्य संघ
तानसेन, पाल्पा
आर्थिक, सामाजिक बिकासका
सम्बन्धी छलफल कार्यक्रम
स्थान : पा.उ.वा.संघ. सभा हल
२०७६ बैशाख २७ गते शुक्रबार





